

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर



वर्ष ३४ अंक १८७ काठमाडौं | ८ भदौ २०८३ सोमबार श्रावण शुक्लपक्ष द्वादशी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Monday, August 24, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# नेपाली बिजुलीको सदाबहार बजार भारत बन्ला ?

**नेपालले १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्ने सम्झौता भारतसँग २०८० मै गरिसकेको छ । निजी क्षेत्रले ९ सय २३ जलविद्युत् आयोजनामा १३ खर्ब १० अर्ब रुपैयाँ लगानी गरिसकेको छ । नेपालमा निर्माणाधीन प्रसारणलाइनका पूर्वाधार पनि भारततर्फै लक्षित छन् । तर भारतले बढ्दो विद्युत् माग पूरा गर्न उत्पादन क्षमता विस्तारसँगै सौर्य, वायु, जलविद्युत् तथा ऊर्जा भण्डारणमा लगानी बढाइरहेको छ । यस्तो अवस्थामा यताको लगानी जोखिमबारे बेलैमा विश्लेषण गर्नुपर्ने बहस हुन थालेको छ ।**



तनहुँस्थित सेती नदीमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना । फाइल तस्बिर : कान्तिपुर

**गोकर्ण अवस्थी र सीमा तामाङ** (काठमाडौं)

आगामी एक दशकमा भारतमा बिजुलीको माग दोब्बर हुने प्रक्षेपण छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरण (सीईए) को ऊर्जा योजनाअनुसार सन् २०३५-३६ मा उच्चतम विद्युत् माग ४ सय ५९ गिगावाट पुग्नेछ । १९ पुस २०८० मा नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भइसकेको छ ।

यी दुई तथ्यले नेपाली विद्युत्का लागि भारतमा ठूलो बजार रहेको देखाउँछन् । तर भारतलाई नेपाली बिजुलीको सदाबहार बजार मान्न भने नेपाल ढुक्क हुने अवस्था छैन । कारण हो- भारतले बढ्दो विद्युत् माग पूरा गर्न आफ्नै उत्पादन क्षमता विस्तार मात्र गरिरहेको छैन, सौर्य, वायु, जलविद्युत् तथा ऊर्जा भण्डारणमा पनि तीव्र लगानी गरिरहेको छ । त्यहीअनुसार नेपालले उत्पादन, प्रसारण र विद्युत् व्यापारको रणनीति बदल्न जरुरी रहेको ऊर्जा क्षेत्रका जानकार बताउँछन् ।

भारतलाई १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता गरिसके पनि त्यसअनुरूप भारत र बंगलादेशसँग मध्यकालीन, दीर्घकालीन पीपीए (विद्युत् खरिद सम्झौता) मा सरकारले जोड दिनुपर्ने पूर्वऊर्जामन्त्री कुलमान घिसिङ बताउँछन् । **बाँकी पृष्ठ ९**



संसार ऊर्जाका लागि जलविद्युत् नै पर्खेर बस्दैन, हामीले उत्पादनमा तीव्रता दिनुपर्छ, ३०/३५ वर्षको अनुमतिपत्र छ भनेर ढुक्क बस्ने अवस्था छैन तर नेपाल कुम्भकर्ण जसरी सुतिरहेको छ, संसार कहाँ पुगिसक्यो !

● **आशिष गर्ग**
पूर्वउपाध्यक्ष, इप्पान



सरकारले बिजुली व्यापारमा जोड दिएको छैन, उत्पादन क्षमता विस्तार नगरी विद्युत् निर्यातको लक्ष्य पूरा गर्न सकिँदैन, आयोजना निर्माण र बजार व्यवस्थापनलाई सँगसँगै अघि बढाउनुपर्छ

● **कुलमान घिसिङ**
पूर्वऊर्जामन्त्री

## फरार पक्राउको 'फर्जी' तथ्यांक

# बाटामा जरिवाना असुली, कागजमा गिरफ्तारी

**जरिवाना मात्रै तोकिएका व्यक्तिलाई घर, पसल, बाटामा भेटेर रकम असुल्दै रौतहट प्रहरी, अदालतमा हाजिर नगराइएका तिनै व्यक्तिलाई 'फरार पक्राउ' भन्दै विज्ञप्ति**

**शिव पुरी** (रौतहट)

जिल्ला प्रहरी कार्यालय रौतहटले २६ साउनमा ९ जना फरार आरोपितलाई समातेर अदालत बुझाएको भन्दै विज्ञप्ति जारी गर्‍यो । तर त्यो दिन प्रहरीले तीन फरार आरोपितलाई मात्र अदालतमा हाजिर गराएको थियो । बाँकी ६ जनालाई प्रहरीले अदालतबाहिरै जरिवाना असुलेर छाडेको थियो ।

जिल्ला अदालत गौरको तहसिल फाँटका नायब सुब्बा रविकान्त चौधरीका अनुसार पक्राउ परेका भनिएका अन्य ६ जना कैद तोकिएकाहरू होइनन्, उनीहरूलाई विभिन्न मुद्दामा जरिवाना मात्र गरिएको हो । 'जरिवाना भएकाहरूलाई पक्राउ गरेको भने पनि अदालतमा बुझाउने गरेका छैनन् । जरिवाना लिएर छाड्ने गरेका छन्,' उनले कान्तिपुरलाई भने ।

कान्तिपुरले खोजी गर्दा प्रहरीले अदालतमा जरिवाना रकम भने दाखिला गरेको देखिएको छ । प्रहरीले उल्लेख गरेकामध्ये हातहतियारसम्बन्धी कसुरमा ११ महिना १२ दिन कैद सजाय भएका वीरेन्द्र राउत, सवारी ज्यान मुद्दामा तीन-तीन वर्ष कैद सजाय भएका खोभारी साह सोनार र शिवमंगलप्रसाद कुशवाहालाई मात्र अदालतमा उपस्थित गइराएको थियो ।

प्रहरीले फरार आरोपित पक्राउ भन्दै सार्वजनिक गरेको सूचीमा चन्द्रपुर-४ की पूजा पराजुलीको नाम छ । चेक अनादर मुद्दा खेपेकी पराजुलीको पसलमै पुगेर प्रहरीले जरिवाना असुलेको थियो, त्यसबापत रसिदसमेत थमाएको थियो । 'म पसलमै छु, तर प्रहरीले पक्राउ गर्‍यो भन्दै समाचार आयो,' उनले कान्तिपुरसँग भनिन्, 'अदालतले तोकेको एक हजार रुपैयाँ जरिवानाचाहिँ तिरेकी थिएँ ।'

पराजुलीले १९ जेठमा पनि चेक अनादर मुद्दामा १ हजार ५ सय जरिवाना तिरेकी थिइन् । अहिले पनि उनले एक हजार जरिवाना तिरेकी हुन् । कान्तिपुरले कुराकानी गरेका अरू व्यक्तिले पनि जरिवाना रकम असुल्न प्रहरीले कुनै पायक पर्ने स्थानमा बोलाउने गरेको जानकारी दिए । कतिपयका हकमा प्रहरीले घर पुगेर जरिवाना असुलेको छ, धेरैलाई रसिद पनि थमाएको छ । केहीलाई भने नजिकको प्रहरी कार्यालयमा बोलाउने गरिएको छ ।

चन्द्रपुर-४ का विवेक घिसिङ चेक अनादर मुद्दामा तोकिएको ५ सय रुपैयाँ जरिवाना नतिरेपछि फरार सूचीमा देखिए । विवेक केही समययता भारतमा छन् । प्रहरीले सोधखोज गरेपछि दिदी लक्ष्मीले जरिवानाबापतको रकम तिरिदिइन् तर उनले रसिद पाएकी छैनन् । तर प्रहरीले १९ जेठमा विवेकसहित २६ जना फरार अभियुक्तलाई समातेको भन्दै विज्ञप्ति जारी गर्‍यो । 'मेरो भाइ पक्राउ परेको होइन, ऊ धेरै दिनदेखि भारतमा छ,' लक्ष्मीले कान्तिपुरसँग भनिन् । **बाँकी पृष्ठ ९**

घरै पुगेर जरिवाना उठाउने र पक्राउको भूटो कागज बनाउने परिपाटी प्रक्रियागत त्रुटि मात्र नभई कानुनको गम्भीर उल्लंघन हो, यो नागरिकको मौलिक अधिकार हनन पनि हो

● **विपिन गौतम**, अधिवक्ता

उनीहरूलाई जरिवाना तिर्नुपर्छ भन्ने पनि थाहा छ, अदालत गएर आफैं जरिवाना तिरे समस्या हुँदैन, आफूले पनि दायित्व पूरा नगर्ने, प्रहरीले सुविधा दिँदा अन्यथा लिने ?

● **प्रभु ढकाल**, प्रवक्ता, मधेश प्रदेश प्रहरी कार्यालय





# बेइजिङमा 'ह्युमनोइड रोबोट' को भिडन्त, नेपाल भने कछुवा गतिमा

**बेइजिङमा दोस्रो विश्व ह्युमनोइड रोबोट गेम्सको रोमाञ्चक भिडन्त भइरहँदा चीनले विश्व रोबोट बजारमा ९७ प्रतिशत निर्यात हिस्सा ओगटेर आफ्नो एकाधिकार जमाएको छ**

**सजना बराल** (काठमाडौं)

हेल्मेट र बक्सिङको पन्जा लगाएका मानवरूपी (ह्युमनोइड) रोबोटले एकअर्कालाई मुक्का र लात्ती हान्दै, बेला-बेला पुर्लुक्क लडेपछि आफैं तंग्रिएर उठेका दृश्य गत वर्षको ह्युमनोइड रोबोट गेम्सका विशेष आकर्षण थिए । चीनको चिङ्ह्वा विश्वविद्यालय र जर्मन टोलीले बनाएका पाँच-पाँच वटा रोबोटबीच भएको फुटबल म्याच पनि असाध्यै रोमाञ्चक मानियो ।

शनिबार उद्घाटन भएको ह्युमनोइड रोबोट गेम्सको दोस्रो संस्करण अझै उन्नत र रोबोटका व्यावहारिक क्षमता नाप्न सघाउने खेलकुदसहित सुरु भएको छ । यसपालि मार्सल आर्ट्स, स्ट्रिट डान्स, टग अफ वार, भारत्तोलनजस्ता ३० भन्दा बढी नयाँ विधामा रोबोटहरूबीच प्रतिस्पर्धा भइरहेको छ । गत वर्ष कतिपय प्रतिस्पर्धा नमुना वा सिमुलेटेड ठाउँमा गराइएको थियो, यसपालि रोबोटलाई साँच्चैको आगलागी वा फायर स्टेसन, सक्कली फ्याक्ट्री र घरहरूमा प्रतिस्पर्धा गराएर तिनको स्वायत्तता र बौद्धिक क्षमता परीक्षण गरिँदै छ । **बाँकी पृष्ठ ६**



चीनको बेइजिङमा भइरहेको दोस्रो विश्व ह्युमनोइड रोबोट गेम्सको भिडन्त ।

# सीमावर्ती सहरमा तारे होटलको लहर, पौने २ खर्ब लगानी

**भारतीय पर्यटक, क्यासिनो, धार्मिक पर्यटन, ‘डेस्टिनेसन वेडिङ’, व्यापारिक गतिविधि र क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको सम्भावनाले सीमावर्ती सहर तारे होटलको केन्द्र बन्दै**



बाँकेको भुजई गाउँस्थित पाँचतारे होटल सोल्टी वेस्टएन्ड प्रिमियर ।

**भवानी भट्ट** (महेन्द्रनगर), **रञ्जना बीसी** (कैलाली), **रूपा गहतराज** (नेपालगन्ज), **दीपेन्द्र बडुवाल** (भैरहवा), **नवीन पौडेल** (परासी), **शंकर आचार्य** (वीरगन्ज) **र पर्वत पोर्तेल** (विराटनगर)

पर्यटकीय राजधानी पोखरामा अहिले एउटा मात्रै पाँचतारे होटल छ- पोखरा ग्रान्ड । भारतसँग सीमा जोडिएको भैरहवामा भने तीन वटा पाँचतारे होटल सञ्चालनमा छन् र थप सात निर्माण वा स्तरोन्नतिको चरणमा छन् । भारतीय पर्यटक, क्यासिनो, धार्मिक पर्यटन र अन्तर्राष्ट्रिय विमानस्थलको सम्भावनाले सीमावर्ती जिल्ला-सहरहरू अहिले तारे होटलको नयाँ केन्द्र बन्दै गएका छन् । पूर्वको कोशीदेखि मधेश, लुम्बिनी र सुदूरपश्चिमसम्म सीमा नाका, भारतीय पर्यटक, क्यासिनो, धार्मिक पर्यटन तथा व्यापारिक गतिविधिलाई लक्षित गरेर होटल क्षेत्रमा अर्बौंको निजी लगानी थपिँदै गएको छ ।

तारे होटलको विस्तारसँगै यस क्षेत्रमा भइरहेको लगानीले पनि सीमावर्ती सहरमा बदलिँदो होटल व्यवसायको तस्बिर देखाउँछ । सीमावर्ती क्षेत्रमा खुलेका होटलमा भएको झन्डै पौने २ खर्ब रुपैयाँको लगानीले आतिथ्य सत्कारको क्षेत्र मात्रै विस्तार गरेको छैन, रोजगारी सिर्जना, विदेशी मुद्रा आर्जन र स्थानीय उत्पादनको खपतसमेत बढाएको छ । कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिमका सीमावर्ती क्षेत्रमा होटल खुल्ने क्रम बढेसँगै ती क्षेत्रमा चहलपहल बढेको छ भने होटलमा आउने पाहुनाका कारण यातायात, पसल तथा साना व्यवसायको कारोबारसमेत विस्तार भएको छ । होटलमा आवश्यक खाद्यान्न, तरकारी, फलफूल, दूध, मासुलगायत स्थानीय उत्पादनको माग बढ्दा स्थानीय उत्पादकले बजार पाएका छन् । ठूलो लगानी र बढ्दो व्यावसायिक गतिविधिले सीमावर्ती सहरको अर्थतन्त्रलाई चलायमान बनाउँदै होटल व्यवसाय रोजगारी र आम्दानीको महत्त्वपूर्ण आधारसमेत बन्दै गएको छ ।

कोशी प्रदेशभर होटल व्यवसायमा एक खर्ब हाराहारी लगानी भइसकेको छ भने झापा, मोरङ र सुनसरीमा मात्रै पौने खर्ब लगानी पुगेको व्यवसायीको भनाइ छ । मधेश प्रदेशमा पनि लगानी थपिँदै छ । लुम्बिनीको रूपन्देहीमा होटल, रिसोर्ट र रेस्टुरेन्टमा एक खर्ब हाराहारी लगानी भइसकेको छ ।

यस्तै सुदूरपश्चिममा पनि होटल व्यवसायमा २४ अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको र नयाँ लगानी भित्रिने क्रम जारी रहेको व्यवसायीहरूको भनाइ छ ।

होटल एसोसिएसन नेपाल पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले भैरहवामा केही समयअघि आयोजित कार्यक्रममा भनेका थिए, ‘पोखरामा होटलको संख्या धेरै छ । पाँचतारे होटल एउटा मात्रै छ । रूपन्देहीमा आधा दर्जन बढी पुगिसके ।’ पोखरा स्थापित गन्तव्य भए पनि बुद्ध जन्मस्थल लुम्बिनीका कारण रूपन्देही र आसपासका क्षेत्र होटल हबका रूपमा विकास भइरहेको उनको भनाइ थियो ।

रूपन्देहीमा मात्र लुम्बिनी हेरिटेज, सिद्धार्थ भिलासा, टाइगर प्यालेस बाई सोल्टी र हयात प्यालेस पाँचतारे होटल सञ्चालनमा छन् ।

भैरहवा-लुम्बिनी खण्डअन्तर्गत हयात रिजेन्सी र होलिडे इन निर्माण चरणमा छन् । लुम्बिनी प्यालेस रिसोर्टलाई स्तरोन्नति गरेर मेरियट ब्रान्डमा पाँचतारे लक्जरी वेलनेस रिसोर्ट बनाइँदै छ । भैरहवाको बुद्ध चोकमा अर्को पाँचतारे होटल निर्माणाधीन छ ।

भैरहवा मात्र होइन, महेन्द्रनगरदेखि झापा-विराटनगरसम्मका सीमावर्ती जिल्ला-सहरमा पछिल्ला केही वर्षयता अर्बौं रुपैयाँ लगानीका तारे होटल खुल्ने लहर नै चलेको छ । रूपन्देही, बाँके, कैलाली, पर्सा, मोरङ, झापा, चितवन र नवलपरासीमा पनि पाँचतारे तथा चारतारे होटलसँगै अन्तर्राष्ट्रिय होटल ब्रान्ड पनि भित्रिइरहेका छन् । व्यवसायीहरूका अनुसार क्यासिनो, डेस्टिनेसन वेडिङ, सम्मेलन, वेलनेस पर्यटन र भारतीय बजारलाई लक्षित गर्दै होटल उद्योग विस्तार भइरहेको छ ।

भैरहवा-लुम्बिनी खण्डअन्तर्गत हयात रिजेन्सी र होलिडे इन निर्माण चरणमा छन् । लुम्बिनी प्यालेस रिसोर्टलाई स्तरोन्नति गरेर मेरियट ब्रान्डमा पाँचतारे लक्जरी वेलनेस रिसोर्ट बनाइँदै छ । भैरहवाको बुद्ध चोकमा अर्को पाँचतारे होटल निर्माणाधीन छ ।

सियारीस्थित लुम्बिनी प्यालेस रिसोर्टलाई मेरियट ब्रान्डमा स्तरोन्नति गर्न मात्रै थप १० अर्ब ९९ करोड ७० लाख रुपैयाँ खर्च हुँदै छ । पूर्वी नवलपरासीको त्रिवेणी क्षेत्रमा पनि पछिल्लो समय होटल तथा रेस्टुरेन्टमा एक अर्बभन्दा बढी लगानी थपिएको छ ।

उता धनगढीमा चौलानी समूहले करिब २ अर्ब २० करोड रुपैयाँ लगानीमा होलिडे इन निर्माण गरिरहेको छ ।

रूपन्देहीमा मात्र डेढ दर्जनभन्दा बढी चारतारे होटल सञ्चालनमा छन् । स्तरीय होटलको संख्या एक सयभन्दा धेरै छ । बेलहिया-बुटवल र भैरहवा-लुम्बिनी करिडोर आसपास नयाँ होटल खुलिरहेका छन् । एक दर्जन हाराहारी क्यासिनो छन् । नयाँ सञ्चालनमा आएका होटलमा क्यासिनो सञ्चालनको तयारी छ । अधिकांशले डेस्टिनेसन वेडिङ र कर्पोरेट कार्यक्रम लक्षित गरेका छन् ।

रूपन्देही, बाँके, कैलाली, पर्सा, मोरङ, झापा, चितवन र नवलपरासीमा पाँचतारे तथा चारतारे होटलसँगै अन्तर्राष्ट्रिय होटल ब्रान्ड पनि भित्रिइरहेका छन् ।

रूपन्देहीस्थित लुम्बिनी हेरिटेज होटलका सञ्चालक अनिल श्रेष्ठ तारे होटलको सञ्चालनसँगै विदेशी व्यवस्थापन कम्पनी पनि भित्रिरहेको बताउँछन् । ‘एकपछि अर्को स्तरीय होटल सञ्चालनमा आइरहेका छन्,’ उनले भने, ‘यसले सेवासँगै हस्पिटालिटीको स्तर पनि वृद्धि हुनेछ ।’

रूपन्देहीमा होटल, रिसोर्ट र रेस्टुरेन्ट व्यवसायमा एक खर्ब हाराहारी लगानी भइसकेको व्यवसायीहरूको दाबी छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सुरु भए सँगै होटल क्षेत्रमा लगानी गर्ने क्रम बढेको उनीहरूको भनाइ छ । तर, चार वर्षअघि नै सञ्चालनमा आए पनि पर्याप्त उडान नहुँदा व्यवसायीहरू निराश बनेका छन् । विमानस्थलबाट केही सीमित चार्टर्ड अन्तर्राष्ट्रिय उडान मात्र हुने गरेको छ । पाहुना नभएपछि धेरै लगानीकर्ताले होटल बिक्री गरेका छन् । केहीलाई बैंकको किस्ता चुकाउने चिन्ता छ ।

व्यवसायीहरूले विमानस्थल पूर्णरूपमा सञ्चालनका लागि अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई सहुलियत र प्रवर्द्धनात्मक कार्यक्रम गर्नुपर्ने माग गर्दै आएका छन् । तत्कालीन सरकारले २०८१ सालमै भैरहवा र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्ने लक्ष्यसहित दुई वर्षसम्म वायुसेवा कम्पनीहरूलाई विभिन्न सहुलियत दिने निर्णय पनि गरेको थियो ।

तर, उक्त निर्णयपछि पनि सीमित उडान मात्र हुँदा होटल व्यवसायी निराश छन् । उक्त विषयलाई सम्बोधन गर्न भन्दै वर्तमान सरकारले हालै मात्र पोखरा र गौतम बुद्ध (भैरहवा) अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई यसअघि दिइएको सुविधाहरूलाई भदौ २०८५ सम्म निरन्तरता दिने निर्णय गरेको छ ।

६ साउनको मन्त्रिपरिषद् बैठकले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रस्तावमा उक्त निर्णय गरेको थियो । नयाँ व्यवस्थाअनुसार भदौ २०८५ सम्म दुवै अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने नियमित अन्तर्राष्ट्रिय उडानका लागि ल्यान्डिङ, पार्किङ र नेभिगेसन शुल्क पूर्णरूपमा छुट दिइनेछ । साथै, यसअघि नेपाल वायुसेवा निगमले ग्राउन्ड ह्यान्डलिङ सेवाबापत लिँदै आएको शुल्कमा २५ प्रतिशत मात्र छुट दिइएकोमा अब त्यसलाई बढाएर ५० प्रतिशत पुर्‍याइएको छ ।

‘धेरैजसो भारतीय मनोरन्जनका लागि आउने गरेका छन्,’ होटल एसोसिएसन नेपाल लुम्बिनी प्रदेश अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठ (सीपी) श्रेष्ठले भने, ‘त्यसकै प्रभावस्वरूप क्यासिनोसहितका तारे होटलको सञ्चालन बढिरहेको छ । अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित उडान भएमा संख्या अझै बढ्ने देखिन्छ ।’

**सीमावर्ती जिल्ला-सहरहरूमा पाँचतारे र चारतारे होटल थपिने क्रम तीव्र, अर्बौं रुपैयाँको लगानी भित्रिएसँगै रोजगारी सिर्जना र पर्यटन पूर्वाधार विस्तारको अवसर**

## सीमावर्ती सहरमा तारे होटल

| प्रदेश | तारे होटल | अनुमानित लगानी | रोजगारी |
|---|---|---|---|
| कोशी | १२ वटा सञ्चालन, ६ वटा निर्माणाधीन | ५० अर्ब रुपैयाँ | करिब २ हजार |
| मधेश | ८ वटा (चार र तीनतारे) सञ्चालन, एउटा पाँचतारे र दुई चारतारे निर्माणाधीन | खुलेन | खुलेन |
| लुम्बिनी | रूपन्देहीमा २५ वटा चार र पाँचतारे सञ्चालन, ८ वटा निर्माणाधीन | सवा खर्ब रुपैयाँ | ६ हजारभन्दा बढी |
| सुदूरपश्चिम | ५ वटा तारे होटल | साढे ३ अर्ब रुपैयाँ | करिब १ हजार |

*स्रोत : होटल सञ्चालक तथा व्यवसायीसँगको कुराकानीका आधारमा तयार पारिएको ।*

बाँकेको नेपालगन्ज र कोहलपुर क्षेत्रमा पनि होटल व्यवसायमा लगानी बढ्दो छ । बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज तथा मानसरोवर यात्राका कारण बाँके जिल्ला पछिल्लो समयमा भारतीय र आन्तरिक पर्यटकको प्रमुख गन्तव्य बन्दै गएको छ । व्यवसायीहरूका अनुसार यहाँ साना र ठूला ३ हजार होटल सञ्चालनमा छन् । अहिलेसम्म १२ अर्ब लगानी भइसकेको होटल व्यवसायी संघ बाँकेका अध्यक्ष भीमलाल कँडेलले बताए । नयाँ तारे होटल थपिने क्रम पनि जारी छ । पाँचतारे होटल पौवा निर्माणाधीन छ । सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका क्षेत्रीय कार्यकारी निर्देशक केशव न्यौपानेले मानसरोवर, लुम्बिनी र पशुपति दर्शनका लागि भारतीय आउने गरेको बताए ।

यहाँका क्यासिनोमा भारतीय पर्यटकहरूको राम्रै भीड लाग्ने गरेको छ । व्यवसायीहरूका अनुसार क्यासिनो खेल्नका लागि भारतका बहराइच, लखनउ, कानपुर, गोन्डालगायतका सहरबाट भारतीय आउने गरेका छन् ।

होटल सोल्टी वेस्टएन्ड प्रिमियरका सेल्स म्यानेजर प्रतीक श्रेष्ठले वैवाहिक कार्यक्रमका लागि पनि भारतीय पर्यटकहरू आउने गरेको बताए । ‘वेडिङका लागि आउँछन्,’ उनले भने, ‘कर्पोरेट र संघसंस्थाका कार्यक्रम धेरै हुन्छन् ।’ त्यस्तै चारतारे होटल डायमन्ड प्यालेस लर्ड्स प्लाजाका सेल्स म्यानेजर भोजराज शाहले नेपालगन्जका होटल र क्यासिनो भारतीय पर्यटकका लागि प्रमुख आकर्षण भएको बताए ।

उता सुदूरपश्चिममा पनि अर्बौं लगानीमा होटल निर्माण भइरहेका छन् । चौलानी क्लबले सुदूरपश्चिमको ठूलो सहर धनगढीमा पाँचतारे होटल निर्माण गरिरहेको छ । आईएचजी समूहअन्तर्गतको चेन कम्पनी होलिडे इन र चौलानी लिमिटेडबीच होटल सञ्चालन सम्झौता भइसकेको छ । करिब २ अर्ब २० करोड रुपैयाँ लगानीमा निर्माण भइरहेको होटल २०८४ बाट सञ्चालनमा आउने होटल व्यवस्थापनले जनाएको छ । त्यस्तै धनगढीमै चारतारे सनलाइट होटल बनिरहेको छ । सनलाइट प्रालिकै लगानीमा स्टार होटल पनि सञ्चालनको अन्तिम चरणमा छ ।

सुदूरपश्चिमकै अर्को प्रमुख सहर महेन्द्रनगरमा तीन वटा क्यासिनोसहितका तारे होटल सञ्चालनमा छन् । दुई दशकदेखि सञ्चालनमा रहेको ओपेरा यस क्षेत्रकै पुरानो तारे होटल हो । चारतारे अनुमति पाएको होटलले सीएमजी क्लबलाई क्यासिनो सञ्चालन गर्न दिएको छ । यहाँ पनि अधिकांश ग्राहक भारतीय हुन् । ‘मुख्य ग्राहक भारतीय पर्यटक हुन्,’ होटलका प्रबन्धक गणेश चटौतले भने, ‘अहिले पर्यटकीय गतिविधि कम भएकाले सञ्चालनमा चुनौती छ ।’

पछिल्लो समय रूपम र डायमन्ड होटल थपिएका छन् । डायमन्डलाई चारतारे होटलमा स्तरोन्नति गर्न थप ५० करोडभन्दा बढी लगानी गरिएको सञ्चालक सुरेन्द्र सिंहले बताए । ‘एक वर्षभित्र पूर्णरूपमा सञ्चालनमा आउने अपेक्षा गरेका छौं,’ सिंहले भने, ‘त्यहीअनुसार तीव्र गतिमा काम पनि भइरहेको छ ।’

### कोशीका तारे होटलमा ५० अर्ब लगानी

कोशी प्रदेशका झापा र मोरङका सीमावर्ती क्षेत्रमा पनि तारे होटल बढिरहेका छन् । झापामा मात्र तीन वटा पाँचतारे होटल सञ्चालनमा छन् । मेचीनगर-७, निन्दा खोला आसपासमा पाँचतारे डिलक्स होटल मेची क्राउन सञ्चालनमा छ । होटलका सञ्चालक बलराम सापकोटाका अनुसार सीमावर्ती क्षेत्रमा स्तरीय होटलको अभाव रहेकाले लगानी गरिएको हो । झापाकै इँटाभट्टामा गत वर्षदेखि अर्को पाँचतारे होटल अश्वत्थ पनि सञ्चालनमा छ । सञ्चार उद्यमी प्रज्वल घिमिरेले १ अर्ब ३० करोड लगानीमा उक्त होटल सञ्चालनमा ल्याएका हुन् । त्यस्तै बिर्तामोडमा अर्को पाँचतारे होटल किङ्सबरी सञ्चालनमा छ ।

र, झापामै नयाँ पाँचतारे होटल थपिने क्रम पनि जारी छ । मेचीनगरको धुलाबारीमा होटल इस्टर्न नेपाल प्रालिले करिब ९३ करोड ४० लाख रुपैयाँ लगानीमा पाँचतारे होटल निर्माण गरिरहेको छ । बिर्तामोडमा अर्को पाँचतारे होटल निर्माणको अन्तिम चरणमा छ ।

यता मोरङमा पनि लेमन ट्री प्रिमियमले भर्खरै विराटनगरबाट पाँचतारे स्तरको होटल सञ्चालनमा ल्याएको छ । भारतीय होटल चेन लेमन ट्रीको नेपालमा यो तेस्रो र विराटनगरको पहिलो होटल हो । विराटनगरका पर्यटन व्यवसायी भवेशकुमार श्रेष्ठका अनुसार पूर्वका तारे होटलमा हालसम्म करिब ५० अर्बभन्दा बढी लगानी भइसकेको छ ।

होटल व्यवसायीका अनुसार पूर्वका सीमावर्ती होटलको मुख्य ग्राहक पनि भारतीय पर्यटक नै हुन् । पश्चिम बंगाल, बिहार, सिक्किम र पूर्वोत्तर भारतका विभिन्न सहरबाट पर्यटक क्यासिनो, आवास र मनोरन्जनका लागि आउने गरेका छन् । पछिल्लो समय बंगलादेशी पर्यटकसमेत आउने गरेको व्यवसायीको भनाइ छ । नेपाल एसोसिएसन अफ ट्राभल एन्ड टुरिजम एजेन्ट्स (नाटा) कोशी प्रदेशका अध्यक्ष उदयकुमार श्रेष्ठका अनुसार सीमावर्ती क्षेत्रमा तारे होटल थपिनुले भारतीय पर्यटकको बसाइ अवधि बढाउन सहयोग पुगेको छ । ‘स्तरीय होटल उपलब्ध भएपछि पर्यटक एक दिन आएर फर्किनेभन्दा केही दिन बस्ने प्रवृत्ति बढेको छ,’ उनले भने ।

### मधेशमा एउटा मात्रै पाँचतारे

बाराको जितपुरसिमरा उपमहानगरपालिका, सिमरामा रहेको होटल इच्छा पनि चारबाट पाँचतारेमा स्तरोन्नति भएको छ । मधेश प्रदेशको बारामा सञ्चालित होटल इच्छा मधेश प्रदेशको पहिलो र एक मात्र पाँचतारे होटल हो । सिमरा विमानस्थलबाट दुई किलोमिटर दूरीमा रहेका होटल इच्छाका सञ्चालक इच्छाबहादुर वाग्ले हुन् । उनले १ सय २० करोडभन्दा बढी लगानी गरेर मिनी क्यासिनोसहित चारतारे स्तरको होटल इच्छा सञ्चालनमा ल्याएका थिए । त्यतिबेला होटलमा ६० वटा कोठाहरू थिए । अहिले थप ५५ करोड लगानी गरेर कोठाहरूको संख्या १ सय पुर्‍याइएको छ । आन्तरिकसँगै भारतको मुजफ्फरपुर, दरभंगा, मधुवनी, पटनालगायत भारतका विभिन्न सहरका पर्यटकहरूलाई लक्षित गरिएको छ । क्यासिनोमा काम गर्नेसहित दुई सय जनाले रोजगार पाएका छन् ।

यस्तै मुलुककै प्रमुख औद्योगिक-व्यापारिक केन्द्र वीरगन्जमा अझै पनि पाँचतारे होटल खुलेको छैन । वीरगन्जमा क्लार्क रिसोर्ट, सिद्धार्थ दियालो र सरोवर गरी तीन वटा चारतारे होटल सञ्चालनमा छन् । वीरगन्जकै पुरानो होटल भिस्वा भने अझै तीनतारे स्तरमै सञ्चालनमा छ । त्यसबाहेक होटल मकालु, पुजन र सुरजलगायतका पुराना होटलले पनि सेवा विस्तार गर्दै लगेका छन् ।

होटल भिस्वाका प्रबन्धक प्रशान्त सिंहका अनुसार वीरगन्जको होटल व्यवसाय मुख्यतः आन्तरिक पर्यटकमा निर्भर छ । भारतीय पर्यटकको संख्या अपेक्षाकृत कम भए पनि पछिल्लो समय वैवाहिक कार्यक्रमका लागि भारतीयहरूले वीरगन्जका होटल रोज्ने क्रम बढेको छ । त्यसले व्यवसायलाई उल्लेख्य टेवा पुगेको उनले भने ।

यहाँका क्यासिनोका मुख्य ग्राहक भने भारतीय नै हुन् । वीरगन्जमा क्लार्क रिसोर्ट, सिद्धार्थ दियालो, सरोवर, भिस्वा र होटल सुरजमा गरी पाँच वटा क्यासिनो सञ्चालनमा छन् । यी क्यासिनोका अधिकांश ग्राहक भारतीय नागरिक हुने गरेको होटल सरोवरस्थित महाजोंग क्यासिनोका प्रबन्धक सीताराम बानियाँ बताउँछन् ।

सबैभन्दा व्यस्त व्यापारिक नाका, उद्योग-व्यवसायको केन्द्र भए पनि पाँचतारे होटल नहुँदा अन्तर्राष्ट्रियस्तरका सम्मेलन, उच्चस्तरीय व्यावसायिक कार्यक्रम तथा विशिष्ट पाहुनाको आतिथ्यमा वीरगन्जले अवसर गुमाइरहेको वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम बताउँछन् । ‘लगानीमैत्री वातावरण र पर्याप्त पूर्वाधार विकास गर्न सके वीरगन्जमा पाँचतारे होटल सञ्चालनको सम्भावना अझै बलियो छ,’ उनले भने ।

### लगानीसँगै रोजगारी पनि

सीमावर्ती सहरमा ठूलो लगानीमा तारे होटल खुल्ने क्रमसँगै ठूलो संख्यामा रोजगारी पनि सिर्जना भएको छ । सीमावर्ती जिल्ला रूपन्देहीमा मात्र पाँच र चारतारे गरेर दुई दर्जन ठूला होटल छन् । सञ्चालनमा रहेका चारतारे स्तरको प्रत्येक होटलमा कम्तीमा पनि २० देखि ५० करोड रुपैयाँ लगानी छ । त्यस्तै पाँचतारे प्रत्येक होटलमा कम्तीमा २ देखि ५ अर्ब रुपैयाँ लगानी गरिएको छ । सियारीस्थित लुम्बिनी प्यालेस रिसोर्टलाई थप १० अर्ब ९९ करोड ७० लाख रुपैयाँ खर्च गरेर मेरियट ब्रान्डमा स्तरोन्नति थालिएको छ ।

होटल एसोसिएसन नेपाल लुम्बिनी प्रदेश अध्यक्ष श्रेष्ठका अनुसार भैरहवा, लुम्बिनी, तिलोत्तमा, बुटवल, सियारी, सैनामैना र देवदहमा गरेर स्तरीय होटल र रिसोर्टमा एक खर्ब हाराहारी लगानी भइसकेको छ । यी होटल र रिसोर्टमा ५ हजार हाराहारीले प्रत्यक्ष रोजगारी पाएको श्रेष्ठले बताए । एउटा स्तरीय होटलमा ५० देखि ६० जनाले रोजगारी पाएका छन् । मिनी क्यासिनोसहितका चारतारे होटलमा ३/४ सय कर्मचारी छन् । ठूलो क्यासिनो रहेको टाइगर प्यालेस बाई सोल्टीमा मात्र एक हजार हाराहारी कर्मचारी छन् ।

होटल व्यवसायी संघका अनुसार सुदूरपश्चिममा मात्र साना-ठूला गरी ८ हजार होटल छन् । तिनमा २४ अर्बभन्दा बढी लगानी छ र ५० हजारभन्दा बढीले रोजगारी पाएका छन् । संघका अनुसार सीमावर्ती जिल्ला कैलालीमा मात्रै २ हजार ५ सय होटल छन् । होटल व्यवसायी संघ कैलालीका अध्यक्ष केशवदत्त पाण्डेयका अनुसार धनगढी र महेन्द्रनगरमा मात्र आधा दर्जन पाँचतारे स्तरका होटल निर्माण तथा स्तरोन्नति प्रक्रियामा छन् ।

अपी भिलेज, चौलानी समूह, होटल सनलाइट, महेन्द्रनगरको चेतन होटल र टेम्पल रिसोर्टले स्टार होटलको मापदण्डअनुसार पूर्वाधार विस्तार गरिरहेका छन् । ‘ठूला होटल आउनु भनेको अन्तर्राष्ट्रिय बजारमा यस क्षेत्रको प्रचार हुनु हो । अन्तर्राष्ट्रिय चेनसँग आबद्ध होटलले आफ्नै ग्राहक ल्याउने भएकाले पर्यटन प्रवर्द्धनमा सहयोग पुग्छ,’ पाण्डेयले भने ।

त्यस्तै विराटनगरका पर्यटन व्यवसायी भवेशकुमार श्रेष्ठका अनुसार कोशी प्रदेशभरि होटल व्यवसायमा एक खर्ब हाराहारी लगानी भएको छ । आधा दर्जन नयाँ पाँचतारे होटल सञ्चालनका क्रममा छन् । झापा, मोरङ र सुनसरीमा मात्रै पौने खर्बको लगानी भइसकेको व्यवसायीहरूको भनाइ छ । यी होटलमा करिब ३० हजारले प्रत्यक्ष र एक लाखले अप्रत्यक्ष रोजगारी पाएको अनुमान छ ।



झापाको बिर्तामोडस्थित किङ्सबरी पाँचतारे होटल ।

वर्गीकृत विज्ञापन

घर जग्गा
भक्तपुरभित्र मात्र घरजग्गा खरिदबिक्री तथा भाडामा लगाउनु परेमा सम्पर्क: ९७६४६४३१३९
टुक्रा जग्गाहरू बेच्नु परेमा 9846662001

१०करोड कर्जाचाहियो काठमाडौंको जग्गा धितोदिने ९८०२३१५१०६
सम्पर्क
धितोफुकुवा, बैंकलोन, चाहिएमा 9851065811, 9841007757
बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

निर्माण सफाई
ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728
सस्तोमा ढल मंगाल जामखोल्ने 9841050858
सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344
ढलट्वाइलेट मंगल जामखोल्ने 500/- 9841176292
भाडामा

१५-१६,कोठाको २-३,वटा मोटर पार्किङमिल्ने भवन चाहियो सम्पर्क: हेमन्त ९७४५३६५४५२
चाहियो
अनुभवि म:ममिस्त्री चाहियो तलब १५०००/- ९८४१३१११४२

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलब १८,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५
कामजानेको अनुभवी वेटर, वानियाटार, भक्तेकोपुल ९८६१३९३६५५, ९८४१७२९५५०
मासुको मार्केटिङ्ग गर्ने अनुभवी कर्मचारी ३५,०००/- बुढानिलकण्ठ 9824711121

Wanted Secondary English Teacher School Coordinator Chabahil 9801015603
म:म: हेल्पर खानेबस्ने सुविधा ९८०३३०९५०४
बानेश्वर बोइज होस्टेललाई भाडा माझ्ने-सरसफाइ कर्मचारी खानबस्ने सुविधा ९८४१२५८६२९

होस्टेललाई महिला कर्मचारीको आवश्यकता ९८२७०१०८००
खानबस्नसहित कर्मचारी 15,500/- 9869342501, 9803774553
बिहावारी

हिन्दु ४१+, ५’ ८” भारतको उत्तर प्रदेशमा सरकारी मेडिकल कलेजमा स्थाईरुपमा सेवारत संवेदनाहरण चिकित्सक (Anaesthesiologist) कोलागि नेपाली बधुचाहियो (जुनसुकै जातको भएपनिहुने) सम्पर्क ९८५२०५५१४२
४८ बर्षिय ब्राम्हण स्नातकोत्तर महिलालाई Australia, USA, citizenship ९५१(५५० सम्मको ब्राम्हण वर चाहिया 9855064082



# १० वर्षदेखि अलपत्र काठमाडौं टावर

**शब्द र तस्बिर : हेमन्त श्रेष्ठ**/कान्तिपुर

काठमाडौं महानगरपालिकाले २०७३ मा बहुतले सपिङ कम्प्लेक्ससहितको बसपार्क निर्माणका लागि 'काठमाडौं टावर परियोजना' निर्माण गर्न भन्दै राष्ट्रिय सभागृह पछाडिको पुरानो बसपार्क खुलामञ्चमा सारेको थियो । २२ फागुन २०७१ मा जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स कम्पनी र महानगरपालिकाबीच २ तला भूमिगतसहित १२ तलाको कम्प्लेक्स बनाउने सम्झौता भएको थियो । सम्झौताअनुसार काम भएको भए साउन २०७८ मै टावर बनेर नयाँ बसपार्क त्यहींबाट सञ्चालनमा आइसक्थ्यो । तर अहिलेसम्म पनि अलपत्र छ । काठमाडौं महानगरको सार्वजनिक-निजी साझेदारी एकाइअन्तर्गत पुरानो बसपार्कको करिब ११ हजार ८ सय ९० वर्गमिटर जग्गामा कम्पनीले काठमाडौं टावर निर्माण थालिएको हो । कम्पनीले साढे ३ अर्बको लागतमा काम सुरु गरेको थियो । ३० वर्षे लिजसँगै कम्पनीले ५ वर्षमा टावर निर्माण गरी २५ वर्ष सञ्चालन गरेपश्चात् महानगरलाई हस्तान्तरण गर्नुपर्ने सम्झौतामा उल्लेख छ ।

११ असोज २०८१ मा स्थानीय सरकार सञ्चालन ऐनको दफा ३३ अनुसार २ तला भूमिगतसहित १९ तले भवन निर्माणका लागि अनुमति लिएको थियो । महानगरबाट अनुमति पाए पनि ९ माघ २०८१ मा महानगरले नै कम्पनीलाई पछिल्लो नक्साअनुसार निर्माण तथा अन्य कुनै काम नगर्नु भन्दै पत्र पठाएपछि निर्माण कम्पनी उच्च अदालत पाटन गएको थियो । कम्पनीको मागअनुसार अदालतले २३ असार २०८२ मा कुनै पनि काम नरोक्न महानगरलाई अन्तरिम आदेश दिएको थियो । अदालतको आदेशपछि निर्माण कम्पनीका प्रतिनिधि महानगरको सार्वजनिक-निजी साझेदारी एकाइमा नआएको एकाइ प्रमुख नरेन्द्रविलास बज्राचार्यको भनाइ छ । कम्पनीका प्रतिनिधि आएपछि थप प्रक्रिया अघि बढ्ने उनी बताउँछन् ।

## विद्यालय शिक्षा विधेयक

# नि:शुल्क शिक्षादेखि शिक्षकका सेवासुविधा वृद्धिसम्मका सुझाव

### निजी विद्यालयको सञ्चालन, शिक्षकको व्यवस्थापन, कक्षा १२ सम्म स्थानीय तहको क्षेत्राधिकार विधेयकले सम्बोधन गर्नुपर्नेमा सरोकारवालाको जोड

**सुदीप कैनी** (काठमाडौं)

शिक्षा तथा खेलकुद मन्त्रालयले विद्यालय शिक्षा विधेयक लेखनका लागि थालेको सुझाव संकलनमा सरोकारवालाहरूले संविधानले नै व्यवस्था गरेको अनिवार्य तथा नि:शुल्क शिक्षाको प्रावधान कार्यान्वयन हुनुपर्नेमा जोड दिएका छन् । सात वटै प्रदेशबाट सुझाव लिएर फर्केको शिक्षा मन्त्रालयले आइतबार काठमाडौंमा सरोकारवालाबीच पनि छलफल गरेको छ । यहाँ पनि अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यान्वयनको विषय उठेको थियो ।

प्रदेशस्तरीय छलफलबाट फर्केका शिक्षाविद् विद्यानाथ कोइरालाले त्यहाँका सुझावहरू सुनाउँदै सबै प्रदेशमा अनिवार्य तथा नि:शुल्क शिक्षा लागू गर्नुपर्ने माग उठेको जनाए । 'अनिवार्य शिक्षा स्थानीय तहबाट र नि:शुल्क शिक्षा संघीय सरकारसँगको सहकार्यमा ग्यारेन्टी हुनुपर्ने माग उठेको छ,' उनले भने ।

संविधानले शिक्षालाई मौलिक हकमा राखेको छ । अनिवार्य तथा नि:शुल्क शिक्षा ऐनले कक्षा ८ सम्म अनिवार्यसहित कक्षा १२ सम्मको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको छ । सरकारी तथ्यांकअनुसार नै साढे ७ लाख बालबालिका विद्यालय भर्ना हुन नसकेर बाहिरै छन् । कक्षा ८ पूरा नगरी विद्यालय छाड्ने प्रवृत्ति कायमै छ भने नि:शुल्क शिक्षा कार्यान्वयन हुन सकेको छैन । कुनै न कुनै शीर्षकमा सामुदायिक विद्यालयले नै विद्यार्थी-अभिभावकसँग शुल्क लिँदै आएका छन् । प्रदेशस्तरमा शिक्षकका सेवासुविधा, बालविकास तह (ईसीडी) देखि कक्षा १२ सम्मका शिक्षकका व्यवस्थापन, विद्यालय संरचना, भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर, पाठ्यक्रम, विद्यालय व्यवस्थापन समितिका विषयमा सरोकारवालाहरूले कुरा उठाएको शिक्षाविद् कोइरालाले जनाए । नेपाल शिक्षक महासंघले शिक्षक हकहितसहित तत्काल शिक्षा ऐन जारी गर्न सरकारलाई दबाब दिँदै आन्दोलनमा उत्रने चेतावनीसमेत दिएको छ । दुर्गम जिल्लाबाट विद्यालय भवनलगायत भौतिक र शैक्षिक पूर्वाधारमा लगानी बढाउनुपर्ने सुझाव सरोकारवालाहरूले दिएका छन् ।

काठमाडौंमा भएको छलफलमा स्थानीय तहका जनप्रतिनिधिले पनि नि:शुल्क शिक्षा कार्यान्वयन हुनुपर्ने र विद्यालय शिक्षा पालिकाको एकल अधिकार भएको जनाए । नगरपालिका संघका अध्यक्ष भीमप्रसाद ढुंगानाले संविधानले नै व्यवस्था गरेको स्थानीय तहको एकल अधिकार र अनिवार्य तथा नि:शुल्क शिक्षाको व्यवस्था कार्यान्वयन हुनुपर्ने बताए । 'संघ सरकारले आवश्यक शिक्षक दरबन्दी नदिए पनि कतिपय गाउँपालिका, नगरपालिकाले नि:शुल्क शिक्षा लागू गरेका छन्,' उनले भने, 'अब बन्ने शिक्षा ऐनले नै यसलाई सुनिश्चित गर्नुपर्छ ।'

स्थानीय तहले कक्षा १२ सम्मको सञ्चालन र व्यवस्थापन गर्न अधिकार पाएको जनाउँदै त्यसमा हस्तक्षेप नगर्न ढुंगानाले आग्रह गरे । 'पालिकाले संविधानबाट पाएको अधिकारमा नजर/आँखा लगाउन मिल्दैन । बेलाबेला नजर लगाउने काम हुँदै आएको छ । संविधानमा लेखेको विषय कार्यान्वयन हुनुपर्छ,' उनले भने । गाउँपालिका महासंघकी सचिव पार्वती सुनारले पनि संविधानले एकल अधिकार भनेको विषय स्थानीय तहको हक रहेको औंल्याइन् । शिक्षकको आत्मसम्मान हुने गरी विधेयक बन्नुपर्ने उनको जोड थियो ।

शिक्षामन्त्री सस्मित पोखरेलले तीन वटै सरकारको तालमेल मिलाएर शिक्षा क्षेत्रलाई अघि बढाउनुपर्ने जनाए । 'विद्यालय शिक्षाको अधिकार र त्यसलाई पूरा गर्ने जिम्मेवारी पनि स्थानीय तहले पाएका छन् । अधिकार माग्दा जिम्मेवारीबाट भाग्न मिल्दैन । विद्यार्थीलाई केन्द्रमा राखेर विधेयक अघि बढ्छ,' उनले भने । स्थानीय, प्रदेश र संघीय सरकारबीचको समन्वय बढाएर अघि बढ्ने उनले प्रतिबद्धता जनाए ।

'अहिलेको सरकारसँग आम रूपमा आशा, आक्रोश र आशंका छ । विद्यालय शिक्षा विधेयक अघि बढाउँदा सबै समस्या समाधान गर्न नसके पनि समस्याको सम्बोधन गर्छौं । अहिल्यै सबै सरोकारवालाको अपेक्षा पूरा नहुन सक्छन्,' मन्त्री पोखरेलले भने, 'बिस्तारै समस्या समाधान हुँदै जान्छ । शिक्षा क्षेत्रमा कमजोरी र समस्या छन् । सुधार गर्न प्रतिबद्ध छौं ।' सरोकारवालासँग निरन्तर संवाद गर्दै लोकतान्त्रिक र पारदर्शी तरिकाले विधेयक अघि बढाउने उनले जनाए ।



शिक्षा मन्त्रालयले विद्यालय शिक्षा विधेयकमा सुझावका लागि सरोकारवालासँग गरेको छलफल कार्यक्रम । तस्बिर : कान्तिपुर

> **तीन वटै सरकारको तालमेल मिलाएर शिक्षा क्षेत्रलाई अघि बढाउनुपर्छ, विद्यार्थीलाई केन्द्रमा राखेर विधेयक अघि बढ्छ**
>
> • **सस्मित पोखरेल**, शिक्षामन्त्री

निजी विद्यालय सञ्चालक, अभिभावक, विद्यार्थी, शिक्षक प्रतिनिधिले छलफलमा आफ्ना गुनासो र सरोकार सुनाएका थिए । एक दर्जनभन्दा बढी विद्यार्थी प्रतिनिधिले शिक्षाका नीति निर्माणमा विद्यार्थीको सहभागिताको खोजी गरे । पाठ्यक्रम समयसापेक्ष सुधार हुनुपर्ने, सीप र प्रविधिलाई प्रश्रय दिनुपर्ने उनीहरूको सुझाव थियो ।

निजी विद्यालय सञ्चालकहरूले राज्यले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण र लगानीको विषय स्पष्ट हुनुपर्ने औंल्याए । हिसान अध्यक्ष युवराज शर्माले निजी र सामुदायिक विद्यालयमा नि:शुल्क शिक्षाको विषय प्रस्ट हुनुपर्ने जनाए । 'राज्यले निजीलाई नियमन गर्दै प्रोत्साहन गर्ने नीति लिन्छ भन्नेमा विश्वास गरेका छौं । शिक्षामा विदेशी लगानी ल्याउनेतर्फ पनि सोच्नुपर्छ,' शर्माले भने, 'अब आउने शिक्षा विधेयकले कम्तीमा २०/३० वर्षका लागि स्पष्ट रोडम्याप दिन सक्नुपर्छ ।'

एनप्याब्सनका अध्यक्ष सुवास न्यौपानेले सामुदायिक र निजी विद्यालयमा लगानीको विषय उठाए । लगानी कम्ती हुँदा बालबालिकालाई समयसापेक्ष शिक्षा दिन नसकिएको उनले जनाए । पाठ्यक्रममा सीप, संस्कार, जीवन, जगत् र प्रविधिका कुरा समावेश गर्न उनले सुझाव दिए । नक्सांकन (म्यापिङ) गरेर मात्रै विद्यालय स्थापना र सञ्चालन गर्न पाउने व्यवस्था लागू गर्नुपर्ने उनको भनाइ थियो । 'सामुदायिक विद्यालयमा म्यापिङ सुरु भएको छ । यो निजीमा पनि लागू हुनुपर्छ,' उनले थपे ।

प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले निजी क्षेत्रले शिक्षामा उपयुक्त वातावरण पाउनुपर्ने बताए । निजी विद्यालयले प्रदान गर्दै आएको १० प्रतिशत छात्रवृत्ति लागू गर्न नसक्ने भन्दै उनले पुनर्विचार गर्न माग राखे । 'यसलाई ५ प्रतिशत कायम गरेर पूर्ण रूपमा कार्यान्वयन गरिनुपर्छ,' उनले भने । प्याब्सन अध्यक्ष अधिकारीले निजी विद्यालयले लिने शुल्क स्थानीय तहले तोक्नेभन्दा पनि आवश्यकताका आधारमा तोकिने मापदण्ड लागू गर्नुपर्ने औंल्याए ।

गत वर्ष संसद् विघटन हुनुअघि सरकारले अघि बढाएको विधेयकमा निजी विद्यालयलाई क्रमश: गैरनाफामूलक बनाउँदै लैजाने उल्लेख गरिएको थियो । निजी विद्यालय सञ्चालकले त्यसमा असन्तुष्टि जनाउँदै त्यसले लगानी निरुत्साहित गर्ने टिप्पणी गर्दै आएका छन् । शिक्षाको अधिकार स्थानीय तह मातहत राख्ने, निजी विद्यालयबारेको दृष्टिकोण, सामुदायिक विद्यालयका शिक्षक व्यवस्थापनका विषय विगतदेखि नै पेचिलो बन्दै आएका छन् । २०७४ सालदेखि नै २०२८ सालको शिक्षा ऐनलाई विस्थापित गर्ने गरी विधेयक अघि बढाउने प्रयास भए पनि सफल हुन सकेको छैन ।

शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले ईसीडीदेखि कक्षा १२ सम्मका अस्थायी, स्थायी शिक्षक, विद्यालय कर्मचारीका गुनासो र समस्या विधेयकले समाधान गर्न सक्नुपर्नेमा जोड दिए । उनीहरूको पेसा सुरक्षा र न्यूनतम सेवासुविधाको ग्यारेन्टी हुनुपर्ने उनले औंल्याए । गत साता मात्रै सरकारले ईसीडी शिक्षक, विद्यालय कर्मचारीले पाउने पारिश्रमिकमा ५ हजारका दरले वृद्धि गरेको थियो । उनीहरू न्यून पारिश्रमिकमा विद्यालयमा कार्यरत छन् । संघ सरकारले निश्चित रकम अनुदान दिने र स्थानीय तहले आफूअनुकूल केही रकम थप गरेर दिने गरेका छन् ।

शिक्षक महासंघले भने ईसीडी शिक्षक, विद्यालय कर्मचारी, राहतलगायत शिक्षकको दरबन्दी कायम हुनुपर्ने तथा निजामती सोसरह सेवासुविधा पाउनुपर्ने माग राख्दै आएको छ । 'शिक्षण पेसामा किन कोही आउन चाहँदैन ? यो पेसामा भएका किन अन्य पेसामा गइरहेका छन् ? शिक्षा विधेयक यो विषयलाई ध्यान दिएर अघि बढोस्,' अध्यक्ष सुवेदीले भने । साथसाथै सामुदायिक विद्यालयमा लगानी बढाउन उनले माग राखे । पूर्वाधारमा लगानी हुनुपर्ने उनको सुझाव थियो । अभिभावक प्रतिनिधिले विद्यार्थीलाई केन्द्रमा राखेर विधेयक अघि बढाउन सुझाव दिए ।

शिक्षामन्त्री पोखरेलका सल्लाहकार शैलेन्द्र झाको नेतृत्वमा मन्त्रालयको टोलीले प्रदेशस्तरमा सुझाव संकलन गरेको थियो । झाले विद्यार्थी, शिक्षक, कर्मचारी, निजी विद्यालय सञ्चालकलगायतबाट छुट्टाछुट्टै समस्या सहितका सुझाव प्राप्त भएको जनाए । त्यही सुझावका आधारमा विधेयक लेखन थाल्ने उनले बताए । उनका अनुसार संसद्को हिउँदे अधिवेशनअघि नै विधेयक प्रतिनिधिसभामा पेस गरिनेछ ।

# गगनले समय मागे, देउवाले दिएनन्

### आफ्नै नेतृत्वको केन्द्रीय कार्यसमितिले वैधानिकता पाउनेमा आशावादी रहेका देउवा सर्वोच्चको निर्णय पर्खंदै, सभापति थापालाई उपयुक्त समय मिलाएर भेट्न बोलाउने जवाफ पठाएको देउवाको भनाइ

**कुलचन्द्र न्यौपाने** (काठमाडौं)



शेरबहादुर देउवा



गगन थापा

कांग्रेस सभापति गगन थापाले पूर्वप्रधानमन्त्री एवं पूर्वपार्टी सभापति शेरबहादुर देउवासँग भेट्न समय माग्दासमेत नपाएपछि दुई नेताबीच भेटवार्ता हुन सकेको छैन । दुई पक्षमा विभाजित कांग्रेसलाई एकता गराउन देउवा फर्केलगत्तै निर्णायक पहल हुने अपेक्षा कांग्रेस वृत्तमा थियो । देउवा फर्केको १० दिन बितिसकेको छ । २८ साउनमा फर्केका देउवासँग सभापति थापाले बिहीबारदेखि भेट्ने समय मागेका थिए, तर आइतबारसम्म पनि पाएका छैनन् ।

देउवाका स्वकीय सचिव भानु देउवामार्फत थापाले समय मागेका थिए । भेट्न गएका नेताहरूले सोध्दा देउवाले चाँडै भेट्ने जवाफ दिएको नेताहरूको भनाइ छ । देउवाका पूर्वस्वकीय सचिवसमेत रहेका डडेलधुराका कांग्रेस नेता कर्ण मल्लले देउवाको भनाइ उद्धृत गर्दै भने, 'बोलाउँछु भनेर खबर गरेको छु, बोलाउँदिनँ भनेको छैन । एक, दुई दिनमा समय मिलाएर बोलाउँछु ।'

भेट्न जाने धेरैजसो नेताहरूले देउवालाई अभिभावकको भूमिका निर्वाह गर्दै पार्टी एकताका लागि निर्णायक पहल गर्न सुझाउँदै आएका छन् । पार्टीभित्रको आन्तरिक शक्ति संघर्षलाई अदालतको निर्णयको प्रतीक्षा गर्नुभन्दा आपसी संवादबाट मिलाउन उनीहरूको जोड छ । 'सबैसँग छलफल गरेर पार्टीलाई एकताबद्ध बनाउन र १५ औं महाधिवेशनमा सबैको अभिभावक भएर उपस्थित हुन मैले पनि आग्रह गरें,' मल्ल भन्छन्, 'उहाँले पनि एकताका लागि प्रयत्न गरिरहेको छु भनेर भन्नुभएको छ ।'

तर अदालतबाट तत्कालीन देउवा नेतृत्वकै केन्द्रीय कार्यसमितिले वैधानिकता पाउनेमा देउवा आशावादी रहेको उनीनिकट नेताहरूको भनाइ छ । 'अदालतको निर्णय प्रतीक्षा गर्ने मनस्थिति बनाइरहेको जस्तो लाग्छ,' देउवा भेट्न पुगेका अर्का एक नेताले भने ।

नेविसंघका पूर्वअध्यक्षसमेत रहेका नेता नैनसिंह महरले सर्वोच्चमा विचाराधीन पुनरावलोकनसम्बन्धी मुद्दाको निर्णय पर्खने मनस्थितिमा देउवा रहेको बताए ।

पार्टी एकताको प्रयासमा मध्यमार्गी भूमिका खेलिरहेका महरले आइतबार बिहान भेट्दा देउवाले अदालतको फैसला आएपछि मात्र पार्टी एकताका लागि पहल गर्ने आशयको अभिव्यक्ति दिएका थिए । 'अदालतको फैसला कुरौं, संवादको विपक्षमा छैन, भन्नुभएको छ,' महर भन्छन् । उनका अनुसार देउवा पार्टीभित्रको विवाद संवादबाट समाधान गर्ने विषयमा सकारात्मक देखिए पनि मुद्दा पुनरावलोकनका लागि अदालतले दिएको आदेशको अन्तिम निर्णय पर्खने मनस्थितिमा छन् ।

> **२८ साउनमा फर्केका देउवासँग सभापति थापाले बिहीबार भेट्ने समय मागेका थिए, तर आइतबारसम्म पनि पाएका छैनन्**

गत पुसमा सम्पन्न विशेष महाधिवेशन र त्यसबाट आएको गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई २ माघमा निर्वाचन आयोगले मान्यता दिने निर्णय गरेको थियो । त्यसविरुद्ध देउवा र तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्का अदालत गएका थिए । अदालतले ४ वैशाखमा निर्वाचन आयोगकै निर्णयलाई सदर गरेको थियो । त्यसविरुद्ध फेरि देउवा र खड्का पुनरावलोकनको निवेदन लिएर सर्वोच्च गएका थिए । सर्वोच्च अदालतले २१ साउनमा पुनरावलोकनको अनुमति (निस्सा) दिएपछि अहिले देउवा पक्ष उत्साही छ ।

महरले पार्टी एकताका लागि आइतबार देउवा र गत सोमबार सभापति थापासँग भेटेर तीन विकल्प राखेको बताए । त्यस क्रममा उनले देउवा र थापा दुवै संवादमा बसेर महाधिवेशनको निकास खोज्नुपर्ने प्रस्ताव अघि सारेका थिए । महरले अघि सारेका विकल्पमा दुवै नेता संवादमा बस्ने, आवश्यक परे दुवैले नेतृत्वको दाबी छाडेर तेस्रो नेतालाई अघि सार्दै महाधिवेशनमा जाने र सर्वोच्च अदालतको पुनरावलोकनबाट आउने फैसला अनुकूल वा प्रतिकूल जस्तो भए पनि दुवै पक्षले स्वीकार गर्ने गरी पूर्वसहमति गर्ने विषय छन् ।

पुनरावलोकनको आदेश दिएपछि पार्टीको आसन्न १५ औं महाधिवेशनको तालिका रोक्न माग राख्दै देउवा र खड्का पक्ष फेरि अदालतमा जाने तयारीमा छन् । शुक्रबार दुवै नेताले वारेसमार्फत रिट दायर गराउन पठाएका थिए । तर, सर्वोच्चले प्राविधिक कारण देखाएर फर्काएपछि सोमबार पुन: रिट लिएर जाने तयारीमा देउवा पक्ष रहेको छ ।

'अन्तरकालीन आदेश दिने वा नदिने भन्ने विषय महत्त्वपूर्ण छ' देउवापक्षीय एक नेता भन्छन्,' सर्वोच्चले अन्तरकालीन आदेश जारी गरेमा संस्थापन पक्षले अघि बढाएको महाधिवेशनको तालिका रोकिन्छ । त्यसपछि एकताका लागि सम्भावना रहन्छ । तर, अन्तरकालीन आदेश भएन भने दुवै पक्षले अलग-अलग महाधिवेशनको तयारी गर्नुपर्ने हुन्छ । त्यतिबेला पार्टी दुई चिरा हुने अवस्था रहन्छ ।'

सम्पत्ति शुद्धीकरणको विषयमा आफूमाथि भइरहेको अनुसन्धानमा भौतिक उपस्थित भएरै सघाउने प्रतिबद्धताअनुसार देउवा नेपाल आएका हुन् । पक्राउ पुर्जी जारी हुनुका साथै इन्टरपोलको सहायताबाट पक्राउ गर्ने प्रयास भइरहेका बेला देउवाले साउनभित्र नेपाल नै आएर सघाउने लिखित प्रतिबद्धता सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई पठाएका थिए ।

त्यसैअनुसार २८ साउनमा फर्कंदा देउवा समूहले विमानस्थलदेखि नै उनको स्वागतमा शक्ति प्रदर्शन गरेको थियो । त्यसै दिन उनी चुनदेवी सम्पर्क कार्यालयमा गएका थिए । सभापति 'नेमप्लेट' लेखिएको कार्यकक्षमा करिब एक घण्टा बिताएर देउवानजिकै रहेको निवास गएका थिए । २९ साउनमा उनी भेलाको उद्घाटन गर्न पुगेका थिए भने ३१ साउनमा समापन कार्यक्रममा पुगेका थिए ।

समापनमा हिन्दु धर्मको विषय उठाएपछि केहीले आलोचनासमेत गरेका थिए । संविधानबाट धर्मनिरपेक्षता हटाउने आशयसहित हिन्दु धर्मलाई राष्ट्रिय पहिचानका रूपमा अघि बढाउनुपर्ने निर्णय भेलाबाट पारित गराइएको थियो । यस विषयमा देउवा पक्षभित्रै विवाद छ । त्यसपछि देउवा आइतबार पुन: चुनदेवी सम्पर्क कार्यालय पुगेका थिए । सम्पर्क कार्यालयमा रहेको आफ्नै कार्यकक्षमा बसेर उनले नेता तथा कार्यकर्तासँग भेटघाट गरेका थिए ।

सम्पादकीय

# बदलिँदो परिवेशअनुकूल दूतावास

विश्वका धेरै मुलुकमा नेपालीको उपस्थिति र उनीहरूका समस्याको आयाम पनि बढ्दो छ। यस्तो अवस्थामा नेपाली दूतावासहरूको क्षमता पनि बढाउँदै लगेर कार्यसम्पादनलाई सहज बनाउनुपर्ने हो। तर, नेपाल सरकारको शैली दशकौंअघिदेखि उस्तै छ। अन्य मुलुकसँगको सौहार्दपूर्ण सम्बन्धलाई जीवन्त राख्न, सम्बन्धित मुलुकलाई आफ्नोतर्फबाट महत्त्व दिन र सहकार्यमार्फत आपसी हित प्रवर्द्धन गर्न विगतमा दूतावास स्थापना गरिन्थे। ती मुलुकमा रहेका आफ्ना नागरिकलाई अभिभावकत्व प्रदान गर्नु त दूतावासको प्राथमिक काम नै हो। नेपालका पनि ३१ मुलुकमा राजदूत रहने गरी दूतावास छन्, कुल ४५ स्थानमा नेपाली नियोग छन्। यद्यपि, दशकौंअघि दूतावास स्थापनासँगै राखिने अपेक्षामा भने व्यापक हेरफेर आइसकेको छ। विगतको काम र कार्यशैली अब अपुग हुन थालेको छ। कूटनीतिका बदलिँदो आयामसँग तादात्म्यता मिलाउनका लागि दशकौंअघि तत्कालीन सन्दर्भअनुसार स्थापना गरिएका नेपाली दूतावासको क्षमता र सक्रियतालाई बदलिँदो परिवेशअनुसार उकास्नुपर्छ।

दूतावास स्थापना गर्दा त्यतिबेलाको आवश्यकतालाई ध्यान दिइनु स्वाभाविक हो। तर दशकौंपछि दुई पक्षमा व्यापक हेरफेर आइसकेको छ। पहिलो, नेपाली नागरिकको उपस्थिति। दशकौंअघि नेपालीको जनसंख्या नै कम थियो, त्यसमा पनि सीमित मानिस मात्रै मुलुकबाहिर जान्थे। त्यसैले धेरै मुलुकमा नेपालीको उपस्थिति पनि न्यून थियो। जस्तो कि, १९६५ मा जापानमा नेपाली दूतावास खुल्दा एक हजार हाराहारीमा नेपाली थिए, अहिले साढे तीन लाख पुगेका छन्। नेपालीको संख्या बढेसँगै राहदानी, कन्सुलर सेवा, विभिन्न कागजातको प्रमाणीकरण, सम्बन्धविच्छेद वा सम्पत्तिको हकका लागि अधिकृत वारेसनामालगायतका कामको चाप बढेको छ। तर नेपालीको बढ्दो जनसंख्याअनुसार दूतावासको क्षमता भने खासै बढेको छैन। जापानमा त्यतिबेला तीन जना कर्मचारी थिए, अहिले चार जना मात्रै छन्। डिजिटल प्रणालीले केही सहयोग पुऱ्याए पनि दूतावासमा बढेको कामको दबाब अनुभूत गर्न सकिन्छ।

दोस्रो, दुई मुलुकबीचको सम्बन्धका आधार बदलिएको छ। एउटै मुलुकले फरक सन्दर्भमा फरक मुलुकसँग फरक ढंगले सम्बन्धलाई सन्तुलित राखिरहेको पाइन्छ। नजिक र टाढाका एकरेखीय परिभाषा अब धेरै हदसम्म असान्दर्भिक भइसकेका छन्। राजनीतिक कूटनीतिलाई आर्थिक कूटनीतिले उछिनिरहेको छ। आर्थिक स्वार्थका आधारले दुई मुलुकबीचको सम्बन्धलाई बाध्यात्मकसमेत बनाइरहेका धेरै उदाहरण देखिन्छन्। नेपालजस्तो मुलुकले वैदेशिक लगानी भित्र्याउने, निर्यातलाई सहज बनाउने तथा पर्यटक भित्र्याउनेजस्ता स्वार्थलाई केन्द्रमा राखेर कूटनीतिक क्षमता अभिवृद्धि गर्नुपर्ने बाध्यता छ। अन्य मुलुकबीचको तनावमा नतानिन र तनाव तथा युद्धका बीच आफ्ना नागरिकको सुरक्षा सुनिश्चित गर्नसमेत ध्यान दिनुपर्नेछ। रोजगारीका लागि नेपाली नागरिक विश्वभर नै पुग्ने गरेका छन्। यसर्थ आफ्ना नागरिकको उच्च आम्दानी र पेसागत सुरक्षालाई सुनिश्चित गर्ने विषयलाई पनि कूटनीतिको केन्द्रमा राख्नुपर्छ। जलवायु कूटनीति पनि हाम्रो प्राथमिक विषय हो।

सरकारले विश्वव्यापी रूपमै दूतावासको भूमिकामा आएको परिवर्तनलाई अनुभूत नै नगरेको भने होइन। द्विपक्षीय व्यापार बढाउने, लगानी भित्र्याउने, पर्यटन प्रवर्द्धन र समग्र आर्थिक कूटनीतिलाई सबल बनाउनेलगायत लक्ष्य हरेक वर्ष सरकारले नेपाली नियोगलाई दिँदै आएको पाइन्छ। तर लक्ष्य प्राप्तिका लागि सरकारी प्रयत्न भने कमजोर छन्। किनकि, कतिपय मुलुकमा महिनौंसम्म राजदूतसमेत नियुक्त गरिँदैनन्। नेपालको बलियो विकास साझेदार जापानस्थित नेपाली दूतावास एघार महिनादेखि राजदूतविहीन छ। राजदूत फिर्ता बोलाउन हतारो गर्ने र नियुक्ति गर्न भने महिनौं बिताइदिने प्रवृत्ति नेपालमा हरेकजसो सरकारको छ। बलियो सम्बन्ध विकास गर्नुपर्नेमा राजदूत नै नियुक्त नगरेर सम्बन्धित मुलुकलाई नेपालले महत्त्व नै नदिएको सन्देश गइरहेको छ। यस्तो हेलचेक्र्याइँका बीच कूटनीतिक सम्बन्ध फस्टाउन सक्दैन नै, बदलिँदो परिवेशअनुसारका कूटनीतिक लक्ष्य पनि हासिल हुँदैन।

परराष्ट्र सेवाबाट छानिएका 'करिअर' राजदूतहरूका सन्दर्भमा खासै प्रश्न उठ्ने गरेको छैन। तर, राजनीतिक कोटाका आधारमा नियुक्त गरिएका राजदूतका सन्दर्भमा विगतमा गम्भीर कमजोरी हुने गरेका थिए। कूटनीतिक अनुभव नरहेको र त्यस्तो क्षमता होला भनेर नागरिकले विश्वास नै गर्न नसक्ने व्यक्तिसमेत राजनीतिक पहुँचका आधारमा राजदूत बनेका कैयौं सन्दर्भ पाइन्छन्। कतिपयको व्यक्तिगत छवि पनि विवादित हुने गरेका थिए। एकातिर अनिश्चित कार्यकाल, अर्कोतर्फ कूटनीतिक अनुभवको कमी- त्यस्ता राजदूतलाई सम्बन्धित मुलुकले दिने महत्त्व कति होला ? दुई मुलुकको साझा स्वार्थ पहिल्याएर सहकार्य गर्ने कार्यकौशल कति होला ? नेपालले तय गरेको लक्ष्य र विश्वव्यापी रूपमै राजदूतको भूमिकामा बढेको बोझ बोक्न सक्ने क्षमता कति होला ? पक्कै पनि यस्ता प्रश्नमा सकारात्मक उत्तर प्राप्त हुँदैन। हामीले अपेक्षित उद्देश्य पूरा गर्न नसक्नु र विश्वव्यापी दौडमा पछाडि छुट्दै जानुको कारण यो पनि हो।

नेपालले आफ्ना दूतावासको उपस्थितिलाई विश्लेषण गर्नुपर्छ। यसै वर्षको बजेटमार्फत डेनमार्क, ब्राजिल र दक्षिण अफ्रिकामा रहेका नेपाली दूतावास बन्द गर्ने घोषणा गरिएको छ। अब आफ्नो हित हेरेर स्मार्ट ढंगले दूतावास सञ्चालन गर्ने रणनीति अख्तियार गर्नैपर्छ। मुलुकको आर्थिक-राजनीतिक शक्ति विस्तार गरेर बढीभन्दा बढी मुलुकमा दूतावास खोल्दा राम्रै हुन्थ्यो। तर त्यो भविष्यको सवाल रह्यो। अहिलेलाई भने भएकै दूतावासको प्रभावकारी सञ्चालनमा ध्यान दिइनुपर्छ। त्यसका लागि सम्बन्धित मुलुकमा नेपालीको जनसंख्या र त्यहाँ नेपालीको उपस्थितिको कारण (अध्ययन, रोजगारी, व्यापारलगायत) पहिल्याउनुपर्छ। त्यसका आधारमा दूतावासको संरचना र कर्मचारीको आकार तय गर्नुपर्छ। मुख्यतः बदलिँदो परिवेशअनुसार हरेक मुलुकसँग नेपालको स्वार्थ र सहकार्यका आधार तय गर्दै त्यसमा सकारात्मक उद्देश्य प्राप्त गर्न सक्षम राजदूत नियुक्त गरिनुपर्छ। खासगरी राजनीतिक कोटामा राजदूत नियुक्त गर्दा सम्बन्धित व्यक्तिको छवि र क्षमतालाई उच्च प्राथमिकता दिनुपर्छ।

# ओली हटाउने कि 'ओलीवाद' ?



राजाराम गौतम

(कान्तिपुर मिडिया ग्रुपअन्तर्गतको 'साप्ताहिक' र 'नारी' मासिकको सम्पादक भइसकेका गौतम कान्तिपुरका स्तम्भकार हुन्)

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली थरीथरीका चुट्किला र उखान-टुक्का भनेर राजनीतिक संवाद वा भाषणलाई रसिक बनाउन खप्पिस छन्। उखान-टुक्का जोडेर हँसाउने मात्रै होइन, कटाक्ष गरेर विपक्षीको हुर्मतै लिन पनि उनी पछि पर्दैनन्।

यस पटक उनको प्रहार विपक्षी वा कुनै प्रतिद्वन्द्वीलाई होइन, आफ्नै पार्टीका नेता-कार्यकर्तातिर सोझिएको छ। हालैको एक दिन इलाम पुगेर उनले आफ्नै कार्यकर्तालाई 'आवारा/उरन्ठेउला' भनिदिए। जसको सांकेतिक प्रतिवाद गर्दै कार्यकर्ताले 'आवारा अभियान' नै चलाए।

यतिखेर एमालेमा नीति/नेतृत्व पुनर्गठन केन्द्रीय मुद्दा बनेको छ। संकटग्रस्त बन्दै गएको एमालेलाई सुधार्न ओलीलाई नेतृत्वबाट बिदा गर्नुपर्छ भन्ने धारणा केन्द्रदेखि वडा तहसम्मै बलियो हुँदै गएको छ। कतिसम्म भने, चुनावी समीक्षा र पार्टी शुद्धीकरणका लागि गठन भएको कार्यदलको प्रतिवेदनले पनि नेतृत्व पुनर्गठनको प्रस्ताव अघि सारेको छ।

एमालेले गत फागुन २१ गतेको चुनावमा लज्जास्पद हार व्यहोरेपछि जेठ १० गते उपाध्यक्ष रामबहादुर थापा (बादल) को संयोजकत्वमा कार्यदल गठन गरेको थियो। प्रतिवेदन लेखनको जिम्मा महासचिव शंकर पोखरेललाई दिइयो। कार्यदलले सातैवटा प्रदेश पुगेर कार्यकर्तासँगको अन्तर्क्रिया र सुझावका आधारमा चुनावी पराजयको समीक्षा र पार्टी पुनर्गठनबारे प्रतिवेदन तयार पाऱ्यो र ओलीलाई बुझायो।

तर, प्रतिवेदन ओलीको सिरानी वा दराजमा कतै थन्किएको छ। प्रतिवेदनले विधान महाधिवेशन अथवा महाधिवेशन प्रतिनिधि परिषद् बोलाएर नीति र नेतृत्व पुनर्गठन गर्ने प्रस्ताव गरेपछि उनी बिच्किएका छन्। उनी प्रतिवेदनमाथि थप छलफल गर्न चाहँदैनन्। जसले गर्दा पराजयको ६ महिना बित्दा पनि एमालेले औपचारिक रूपमा चुनावी हारको कारण पहिल्याउन सकेको छैन। न त यसबीच उठेको नेतृत्व र नीति पुनर्गठनको मुद्दामै प्रवेश गर्न सकेको छ।

ओली नेतृत्व छोड्ने मुडमा छैनन्। उनी पार्टीपंक्तिलाई खुलेआम चुनौती दिँदै छन्, 'मलाई हटाएर देखाऊ।' इलाम पुगेर पुरानै अन्दाजमा उनले थपे, 'पार्टी अफिसको क्यान्टिनमा बसेर केही आवाराहरू पार्टी अध्यक्ष हटाउने कुरा गर्छन्। ख्यालठट्टा हो ?'

खासमा, एमालेसँग न ख्यालठट्टाको समय छ, न त कटाक्ष गरेर आत्मरतिमा रमाउने सुविधा नै छ। यो पार्टी इतिहासकै सर्वाधिक संकटको घडीमा छ। एक दशकभन्दा बढी समयदेखि सर्वेसर्वा बनेका ओली पार्टीमा र बाहिर पनि रक्षात्मक अवस्थामा पुगेका छन्। हिजो ओली महत्त्वाकांक्षाका सारथीहरू नै उनको नेतृत्व संकटमा परेपछि लाखापाखा लाग्न थालेका छन्। यद्यपि, 'जेन-जी विद्रोह' बाट अपदस्थ ओलीको बोली फेरिएको छैन। उनको उही तुजुक, उही दम्भी कार्यशैली बरकरार छ। प्रधानमन्त्री छँदा पार्टीभित्र अन्तर्विरोध चर्केर आलोचना हुँदा ओली भन्थे, 'यो कुर्सीबाट हटाउन खोजे कुर्सी नै भाँचिदिन्छु।' अहिले पनि सायद उनी त्यस्तै केही सोच्दै छन् र नेतृत्व नछाड्ने ढिपीमा छन्।

अर्थात् एमालेको शक्तिसंघर्षको मूल अन्तर्य ओलीको यही ढिपी हो। ओली र उनी पक्षधर भन्छन्, अहिले पुनर्गठनको आवश्यकता छैन, त्रुटिहरू सुधारेर अघि बढ्नुपर्छ। सम्पूर्ण त्रुटि र कमजोरी एक जनाको टाउकोमा हालेर अरू पानीमाथिको ओभानो बन्न मिल्दैन। नेतृत्वबाट ओलीलाई हटाउने कुरा समाधान होइन, त्रुटि सच्याउँदै बरु पार्टीमा जागरण पैदा गर्न सक्नुपर्छ।

इतर पक्षचाहिँ नीति र नेतृत्वमै रूपान्तरण र पुनर्गठन गर्नुपर्छ भन्ने तर्क गर्छ। यो पक्षको दाबी छ, अब एमालेको पुनर्जीवन ओलीको अनुहार देखाएर सम्भव छैन। उनको नेतृत्व असफल भइसकेको सन्दर्भमा पार्टीमा शुद्धीकरण, सुदृढीकरणसँगै नेतृत्वको पुनर्गठन आवश्यक छ।

के त्यसो भए नेतृत्वबाट ओलीलाई हटाउनु नै एमाले पुनर्जीवनको एक मात्रै सर्त हो ? अथवा पुनर्जागरण अभियानबाटै यो पार्टी ब्युँतिन्छ ? यी दुई प्रश्नले एमालेमा जारी शक्तिसंघर्ष बहसको आधा पाटो मात्रै उजागर गर्छ। तेस्रो प्रश्न थप महत्त्वको छ। पुनर्गठनपछि एमाले रोडम्याप के हो ? एमालेको आन्तरिक शक्तिसंघर्ष पर्गेल्न यी तीन प्रश्नमा केन्द्रित विमर्श आवश्यक छ।



फाइल तस्बिर : कान्तिपुर

> भत्केको घरलाई सामान्य टालटुल गरेर अस्थायी बसोबास गर्न सकिएला तर निश्चिन्त हुन सकिँदैन। एमालेको घर र यसका संरचनामा पनि सामान्य टालटुल होइन, 'रेट्रोफिटिङ' कै आवश्यकता छ।

सुरु गरौं पहिलो प्रश्नबाट, नेतृत्वबाट ओली हट्दैमा एमालेले राजनीतिक पुनर्जीवन पाउला ? एमालेको समस्या एक जना व्यक्ति ओली मात्रै होइनन्, पार्टीमा जड बनेर बसेको ओली प्रवृत्ति हो।

झट्ट हेर्दा यो एक जना ओलीका व्यवहारजन्य र कार्यशैलीगत समस्या लाग्न सक्छन् तर एमालेभित्र ओलीले थालेको व्यक्तिवादी अभ्यास तलैसम्म जड बनेर गडिएको छ। तह-तहमा 'जुनियर ओली' हरू भेटिन्छन्।

ओली प्रवृत्तिले एमालेको राजनीतिक जीवनलाई कहाँ-कहाँ प्रभावित गऱ्यो ?

पहिलो, एमाले सामूहिक नेतृत्व प्रणालीमा विश्वास गर्ने पार्टी थियो। एक हिसाबले सामूहिक नेतृत्व प्रणाली एमालेको मेरुदण्ड नै थियो। कुनै बेला ओली स्वयं त्यसको वकालत गर्थे। तर, जब उनी नेतृत्वमा पुगे, त्यसपछि एकल नेतृत्वको अभ्यास थाले। आज एमालेहरू पार्टीले सामूहिक नेतृत्व प्रणाली त्यागेकोमा पछुताइरहेका छन्।

दोस्रो, ओलीका लागि राजनीतिक कार्यदिशा वा कार्यक्रमभन्दा प्राथमिकता सत्तामा पुग्ने र टिक्ने कुरा भइदियो। ओली आफूलाई मदन भण्डारीका उत्तराधिकारी र जनताको बहुदलीय जनवाद (जबज) को व्याख्याता मान्छन्। विगतमा आफ्नो राजनीतिक धार र 'स्पेस' का लागि उनले जबजको सहारा लिए पनि। तर, नेतृत्वमा पुगेपछि राजनीतिक कार्यदिशाभन्दा बढी पार्टी सत्तामा टिक्ने कुरा उनका लागि मूल प्राथमिकता बन्यो। त्यही कुरा पार्टीपंक्तिले सिक्यो। परिणाम, आजको एमालेको छवि राजनीतिक/वैचारिक होइन, सत्तामुखी पार्टीको बन्यो।

तेस्रो, ओलीले आन्तरिक लोकतन्त्रलाई स्वाहा पारिदिए। एमालेमा पार्टी पद्धतिको कुरा हुन्छ। आन्तरिक लोकतन्त्रको चिप्लो कुरा पनि उत्तिकै गरिन्छ। कुनै बेला आन्तरिक लोकतन्त्र मान्ने पार्टी भनेर एमालेको प्रशंसा पनि हुन्थ्यो। तर, जब ओलीले व्यक्तिवादलाई बढावा दिए। आफूलाई बेग्लै र अरूभन्दा फरक सिंहासनमा राख्न थाले। उनका अनुयायीहरूले पनि सार्वजनिक मञ्चमा राजसी ठाँटबाटसहितको बेग्लै सोफा वा कुर्सीको प्रबन्ध गरेर ओली महत्त्वाकांक्षालाई हावा दिए, आन्तरिक लोकतन्त्र 'भन्ने कुरा' मात्रै रह्यो।

एउटा बेला थियो, कांग्रेस लगायतका अरू दलहरू एमालेभित्र हुर्केको आन्तरिक लोकतन्त्र देखेर आरिस गर्थे। तर, ओलीले आन्तरिक लोकतन्त्र र प्रतिस्पर्धाभन्दा बढी सहमतिको आवरणमा आफ्ना अनुयायी र गुटको व्यवस्थापनमा जोड दिए। कम्युनिस्ट पार्टीहरूमा गुटहरू हुनु, विचार समूहहरू बन्नुलाई अन्यथा लिइँदैन। एमालेमा पनि नेता विशेषका नामबाट गुट उपगुटहरू थिए र छन्। ओलीले गुटहरूलाई वैचारिक/राजनीतिक अन्तरसंघर्षका लागि भन्दा बढी पार्टी सत्तामा पुग्ने भऱ्याङ बनाउन प्रयोग गरे। गुटबन्दी गर्ने ओली एक्ला नेता होइनन् तर एमालेमा गुटको कुसंस्कारलाई संस्थागत गर्न उनको बढी नै भूमिका रह्यो।

चौथो, ओलीले नेतृत्वलाई प्रश्न गर्ने संस्कृतिलाई निषेध गरिदिए। नेतृत्वलाई प्रश्न गर्ने वा राजनीतिक आलोचना गर्नेहरूलाई शत्रुतापूर्ण व्यवहार गर्न थाले। आलोचना गर्नेहरू कोही कारबाहीमा परे त कोही भूमिकाविहीन भएर किनाराकृत गरिए। कतिले पार्टी नै छोड्नुपऱ्यो।

पाँचौं, ओली कालखण्डमा एमालेमा राजनीतिक सिद्धान्त र विचार छायामा पऱ्यो। व्यक्तिलाई 'ब्रान्ड' बनाउने कुरामा जोड दिइयो। २०४६ को खुला राजनीतिपछि मदन भण्डारीको जबजबाट पल्लवित भएको एमालेको मुख्य ब्रान्ड ओली भए। तर, आज एमालेका लागि ओली 'ब्रान्ड' बोझ बनेको छ।

छैटौं, नेतृत्वको सफलता त्यहाँनेर मापन हुन्छ, जब उसले आफ्नो राजनीतिक उत्तराधिकारी जन्माउन सक्छ। ओलीले आफूपछि एमालेको विरासत थाम्ने नेता जन्माउन सकेनन्। खालि उनले व्यक्तिपूजामा लीन अनुयायीहरू जन्माए। आफ्ना राजनीतिक र पदीय महत्त्वाकांक्षालाई पार्टीकै रणनीति बनाए।

राष्ट्रियता, जनजीविका अनि लोकतान्त्रिक प्रतिस्पर्धालाई मूलमन्त्र बनाएर मुलुकको भरपर्दो शक्ति बनिसकेको एमाले ओली प्रवृत्तिले महिमत्त हुँदा उसको जनतासँगको सम्बन्ध टुट्यो। जुन कुरा एक वर्षअघिको जेन-जी आन्दोलन र ६ महिनाअघिको आमनिर्वाचनको गम्भीर धक्काले पुष्टि गरिसक्यो।

राजनीतिक रूपमा धेरै गुमिसकेपछि पनि ओली र उनका कतिपय अनुयायीको अझै चेत फिरेको छैन। तर अरू कतिपय जो हिजो ओली प्रवृत्तिको पालनपोषण गर्थे, तीचाहिँ गहिरो निद्राबाट ब्युँझेका छन्। पार्टीको पुनर्गठन कि पुनर्जागरणको पछिल्लो बहस त्यसैको नतिजा हो।

एमालेमा ओली समूह पार्टीमा जागरण अभियान चलाएर सामान्य सुधारको पक्षमा उभिएको छ, तर इतर समूहचाहिँ नीति र नेतृत्वमै पुनर्गठनको माग गरिरहेका छन्। तर, सत्य के हो भने एमालेको पुनर्जीवन विगतको जस्तो जागरण अभियानबाट मात्रै सम्भव छैन। विगतमा पनि पार्टी शुद्धीकरण, सुदृढीकरण र जागरणका प्रयासहरू नभएका होइनन्। यो पार्टीको समस्या नेतृत्वको अनावश्यक शक्ति केन्द्रीकरण, व्यक्तिवाद र अशिष्ट कार्यशैली हो। जागरण अभियानले कार्यकर्तालाई क्षणिक राहत त देला, तर एमालेसामु जनतासँगकै सम्बन्धलाई पुनर्परिभाषित गर्नुपर्ने जुन चुनौती छ, त्यसलाई सम्बोधन गर्न सक्दैन। पार्टीको सञ्चालन विधि र शैली बदल्नुपर्ने अभिभारा जागरण अभियानले मात्रै पूरा गर्न सक्दैन।

भत्केको घरलाई सामान्य टालटुल गरेर अस्थायी बसोबास गर्न सकिएला तर निश्चिन्त हुन सकिँदैन। एमालेको घर र यसका संरचनामा पनि सामान्य टालटुल होइन, 'रेट्रोफिटिङ' कै आवश्यकता छ। मुख्य कुरा, नेतृत्वको पुनर्गठनको विधि के र त्यसपछिको रोडम्यापमा के भन्नेमा चाहिँ एमाले प्रस्ट हुन सक्नुपर्छ।

एमाले यतिबेला राजनीतिक रूपमा चरम रक्षात्मक अवस्थामा छ। अहिले एमाले सत्ताविमुख मात्रै भएको होइन। आफूले उठाउँदै आएका मुद्दाहरूबाट पनि टाढिँदै गएको छ। एउटा समय थियो, जनताले एमालेलाई राष्ट्रवादको पहरेदार मान्थे। निम्न र मध्यमवर्गीय समाजले आफ्ना मुद्दा उठाउने शक्ति ठान्थ्यो। आज पनि एमालेका कागजपत्रमा राष्ट्रवादका नारा भेटिन्छन्, ती भाषणमा सुशासन, समृद्धि र स्थिरताका कुरा गर्छन्, अझ समाजवादको बाटोमा बढ्ने पनि भन्छन्। दुर्भाग्य के छ भने जनताले तिनका मुद्दासँग आफूलाई जोड्न सकेका छैनन्। जनताले एमालेलाई पत्याउन छोडेका छन्। पछिल्लो चुनाव एउटा दृष्टान्त हो।

राजनीतिक रूपमा मात्रै होइन, सांगठनिक रूपमा पनि एमाले खस्कँदो छ। यो पार्टीको खुम्चिँदो सांगठनिक सञ्जाल अर्को दृष्टान्त हो। एमालेका ५३ प्रतिशत संगठित कार्यकर्ताले मात्रै आफ्नो सदस्यता नवीकरण गरेको समाचारले यो पार्टीको दयनीय अवस्थाको वर्णन आफैं गर्छ। अर्थात् एमालेको राजनीतिक गन्तव्य अझै संकट र चुनौतीपूर्ण छ। यी चुनौतीहरूबाट निस्केर एमाले फेरि जनताले विश्वास गर्ने वामपन्थी पार्टी बन्न सक्छ कि सक्दैन ? अहिलेको चुरो प्रश्न यही हो।


हुन त नेपालका कम्युनिस्ट पार्टीहरू कति वामपन्थी हुन् वा कति होइनन् ? आ-आफ्नै तर्क र विश्लेषण छन्। तर, राजनीतिक चिन्तन, कार्यशैली र आचरणमा सुध्रिन सके कम्युनिस्टहरूले नेपाली वामपन्थको 'स्पेस' लिन सक्छन्। अहिले एमालेको जस्तै संकट नेपालका अरू कम्युनिस्ट घटकको पनि हो। नेपाली कम्युनिस्ट राजनीति ओरालो यात्रामा छ। लाग्छ, सबैजसो कम्युनिस्ट नामधारीहरू अन्तिम प्रहरको राजनीतिक सास फेर्दै छन्। यसो भन्दैमा नेपालमा लोकतान्त्रिक आचरण र चरित्र भएका वामपन्थी शक्तिहरूका लागि 'स्पेस' बाँकी नभएको होइन। त्यो 'स्पेस' छ। सुध्रिएका र बदलिएका कम्युनिस्टहरूले त्यो 'स्पेस' लिन पनि सक्छन्। तर, आफूलाई वामपन्थी दाबी गर्ने हो भने कम्युनिस्ट पार्टी र नेताहरूले आफ्नो राजनीतिक आचरण, चिन्तन र शैलीमा सुधार गर्न सक्नुपर्छ। कुनै पनि पार्टी वामपन्थी हो वा होइन भन्ने कुरा उसले अपनाएको नीति, व्यवहार र कार्यशैलीले निर्धारण गर्छ। वामपन्थी त्यो सोच हो, जो सदा जनताको पक्षमा उभिन्छ। परिवर्तन र सामाजिक न्यायको अभीष्ट बोक्छ। सामाजिक न्याय र जनजीविकाको नारा बेचेर उदाएको एमालेले के फेरि आफूलाई पुरानै स्थानमा फर्काउन सक्ला ?

एमालेले आफूलाई सुधार्न सक्ने हो भने वर्तमान राजनीतिक परिदृश्यमा उसका लागि दुईवटा महत्त्वपूर्ण ठाउँ छ। पहिलो, सत्ता राजनीतिमा नयाँ शक्ति उदाएको छ। अपरिपक्व र अनुभवको कमी तर लोकप्रिय मतसहित सत्तामा पुगेको रास्वपा परीक्षणमा छ। यो बेला सत्तालाई दबाब दिने र 'चेक' गर्ने सशक्त प्रतिपक्षको खाँचो छ। प्रतिपक्ष नामधारी धेरै पार्टी भए पनि सशक्त प्रतिपक्षको ठाउँ खाली नै छ। एमालेले आफूलाई सुधारेर त्यो खाली ठाउँ भर्न सक्छ।

दोस्रो, राजनीतिक अभीष्टका लागि मात्रै समाजवादको नारा नअलापी सामाजिक लोकतन्त्र र वामपन्थको पक्षपोषण गर्ने शक्तिका रूपमा आफूलाई उभ्याउन सक्छ। त्यसका लागि अहिले सुरु भएको पुनर्गठन कि पुनर्जागरणको बहसलाई रोक्ने होइन, बढाउनुपर्छ। व्यवहारमै लोकतान्त्रिक आचरण अपनाएर नेतृत्वको हस्तान्तरण गर्न सक्नुपर्छ। पछिल्ला महाधिवेशनबाट आवरणमा विधिसम्मत नेतृत्व चयन गरेको देखिए पनि अन्तर्यमा त्यो ओली हैकमवादको भद्दा अभ्यास थियो। सारमा, लोकतान्त्रिक विधिबाट नियमित नेतृत्व हस्तान्तरण, कार्यकालको सीमा निश्चित गर्ने, एक व्यक्ति/एक पद, नेतृत्वमा असीमित शक्ति केन्द्रीकरण गर्ने प्रवृत्तिमा रोक, सामूहिक नेतृत्व प्रणाली फर्काउने, नयाँ पुस्तालाई जोड्ने सूत्र, जनतासँगको सम्बन्धलाई कसरी नवीकरण गर्ने आदि सवाल एमाले पुनर्जन्मका आधार हुन सक्छन्।

@Rajaramgautam

# भाष्यको भीडमा हराइरहेको नेपाली समाज



रीता परियार

(परियार समसामयिक विषयमा विचार पैरवी गर्छिन्)

अरूले जे भन्यो त्यही पत्याउने हाम्रो बानीले नेपाली समाज कति सजिलै भ्रम र अफवाहको पछि दौडिरहेका छ भनेर देखाइरहेको छ। सामाजिक सञ्जालमा आएका सामग्रीलाई नै विश्वास गर्ने र धारण बनाउनेहरूको जमात बढ्नु समाजका लागि चुनौती बनिरहेको छ।

यस्तो कसले बनाइरहेको छ ? हामी समाज निर्माण गर्दै छौं कि निर्माण गरिएका भाष्यका पछाडि दौडिरहेका छौं ?

समाज असाधारण गतिमा बदलिरहेको छ। प्रविधि फेरिएको छ, सूचना प्रवाहको गति बढेको छ, राजनीतिक चेतना बदलिएको छ र मानिसको सोच्ने तथा प्रतिक्रिया दिने शैली पनि रूपान्तरण भएको छ। हिजो कुनै विषयमा बहस गर्न घण्टौं वा सिंगो दिन लाग्थ्यो, आज केही मिनेटमै त्यसले लाखौं मानिसको ध्यान तान्न सक्छ। तर यो परिवर्तनको सबैभन्दा गम्भीर पक्ष प्रविधि मात्र होइन। प्रश्न हो-समाजमा यसको अर्थ कसरी निर्माण भइरहेको छ ?

आज हामी केवल सूचना प्राप्त गरिरहेका छैनौं, सूचना निश्चित अर्थ र उद्देश्यसहित प्रस्तुत गरिँदै छ। कुनै घटना 'उपलब्धि' हो कि 'विफलता', कोही 'नायक' हो कि 'खलनायक', कुनै विचार 'प्रगतिशील' हो कि 'पछौटे'। यी विषय तथ्यले मात्र निर्धारण गर्दैनन्। ती तथ्य वरिपरि निर्माण गरिने भाष्यले पनि निर्धारण गर्छ।

यहींबाट भाष्य निर्माण र अर्थ ग्रहणको बहस सुरु हुन्छ। घटना एउटै, अर्थ अनेक। सञ्चारसम्बन्धी प्रभावशाली चिन्तक स्टुअर्ट हलले सञ्चारलाई सूचना पठाउने र त्यसलाई जस्ताको तस्तै ग्रहण गर्ने सरल प्रक्रिया मानेनन्। सन्देश निर्माण गर्ने पक्षले निश्चित अर्थसहित सूचना प्रस्तुत गर्छ तर त्यसलाई ग्रहण गर्ने व्यक्तिले आफ्नो अनुभव, विश्वास, सामाजिक अवस्था र राजनीतिक दृष्टिकोणअनुसार फरक अर्थ निकाल्न सक्छ।

आजको सामाजिक सञ्जालमा यो विषय झन् सान्दर्भिक छ।

एउटै घटना कसैका लागि क्रान्ति हुन्छ, कसैका लागि अराजकता। एउटै व्यक्ति कसैका लागि नायक हुन्छ, अर्काका लागि खलनायक। एउटै राजनीतिक निर्णयलाई कसैले ऐतिहासिक उपलब्धि भन्छ, अर्कोले राष्ट्रिय क्षति।

घटना एउटै हुन्छ तर त्यसको व्याख्या फरक हुन्छ।

समस्या फरक व्याख्या हुनुमा होइन। लोकतन्त्रमा फरक व्याख्या आवश्यक छ। समस्या त्यतिबेला सुरु हुन्छ, जब आफ्नो व्याख्या मात्र सत्य र अरूको झूट ठान्न थालिन्छ।

**नयाँ भनेको राम्रो, पुरानो भनेको नराम्रो ?**

आजको सार्वजनिक बहसमा एउटा सरल तर प्रभावशाली भाष्य बलियो हुँदै गएको छ- नयाँ राम्रो, पुरानो नराम्रो।

नयाँ पुस्ता चाहिन्छ। नयाँ विचार चाहिन्छ। नयाँ राजनीतिक शक्ति चाहिन्छ। पुराना कमजोरी सुधार्नुपर्छ। तर नयाँ हुनु मात्रले कुनै विचारलाई सही बनाउँदैन। त्यस्तै, पुरानो हुनु मात्रले कुनै संस्था, अनुभव वा विचारलाई गलत बनाउँदैन।



तस्बिर : म्याग्निफिकडटकम

समाज परिवर्तन भनेको विगत मेट्नु होइन, विगतबाट सिकेर भविष्य निर्माण गर्नु हो। नयाँ पुस्ताले पुरानो पुस्ताबाट अनुभव सिक्न सक्छ र पुरानो पुस्ताले नयाँ पुस्ताका प्रश्नबाट आफूलाई सुधार्न सक्छ। समस्या नयाँ र पुरानाबीचको अन्तरमा होइन, समस्या तब हुन्छ, जब यो अन्तरलाई घृणा र विभाजनको राजनीतिक हतियार बनाइन्छ।

**असहमति किन शत्रुतामा बदलिँदै छ ?**

लोकतन्त्रमा असहमति आवश्यक छ। तर आज असहमति र शत्रुताबीचको दूरी छोटिँदै गएको देखिन्छ।

मेरो विचारसँग असहमत हुनुभयो भने तपाईं गलत मात्र होइन, 'शत्रु' पनि हुनुपर्ने ?, फरक राजनीतिक दललाई समर्थन गर्नुभयो भने देशप्रतिको निष्ठामाथि नै प्रश्न उठाउनुपर्ने ? यस्तो संस्कृतिले समाजलाई दुई समूहमा विभाजित गर्छ– हामी सही, उनीहरू गलत। त्यसपछि तर्क आवश्यक पर्दैन। तथ्य आवश्यक पर्दैन। आफ्नो समूहले भनेको कुरा सत्य। अर्को समूहले भनेको असत्य।

यही सन्दर्भमा हाना आरेन्टको तथ्य, सत्य र राजनीतिसम्बन्धी चिन्तन महत्त्वपूर्ण हुन्छ। सार्वजनिक जीवनमा तथ्य र प्रचारबीचको भिन्नता कमजोर हुँदै जाँदा नागरिकको विवेकपूर्ण निर्णय गर्ने क्षमता पनि कमजोर हुन्छ। आज हाम्रो समस्या गलत सूचना फैलिनु मात्र होइन। गम्भीर समस्या त सत्य र असत्य छुट्याउने सामूहिक क्षमता कमजोर हुँदै जानु हो। जब तथ्यभन्दा आफ्नो समूहप्रतिको निष्ठा ठूलो लाग्न थाल्छ, आफूले विश्वास गरेको विषय प्रमाणबिनै सत्य लाग्न थाल्छ त्यसपछि राजनीति विचारको प्रतिस्पर्धा नभएर पहिचानको युद्ध बन्न थाल्छ।

**राजनीतिमा भाष्य ठूलो कि परिणाम ?**

आजको राजनीतिमा कामभन्दा भाष्य ठूलो हुन थालेको छ। कसले कति राम्रो भाषण गऱ्यो ? कसको अभिव्यक्ति सामाजिक सञ्जालमा भाइरल भयो ? कसले कसलाई कडा जवाफ दियो ? कसका समर्थक धेरै ?

यी प्रश्नले राजनीतिक बहस कब्जा गरिरहेका छन्।

तर वास्तविक प्रश्न हुनुपर्ने हो– कसले के नीति ल्यायो ? कति कार्यान्वयन गऱ्यो ? जनताको जीवनमा के परिवर्तन आयो ? सार्वजनिक संस्थालाई कति बलियो बनायो ? आफ्नो आलोचना कति सहन सक्यो ? राजनीतिलाई व्यक्तिको लोकप्रियताबाट नीतिनिर्माण र परिणामतर्फ फर्काउन नसक्ने हो भने लोकतन्त्र पनि बिस्तारै प्रदर्शनको राजनीति बन्न सक्छ।

**अब बाटो के हो ?**

समस्या जटिल छ तर समाधान असम्भव छैन।

पहिलो, सूचना ग्रहण गर्ने संस्कार बदल्नुपर्छ। सामाजिक सञ्जालमा आएको हरेक कुरा सत्य हुँदैन। प्रतिक्रिया दिनुअघि स्रोत हेर्ने, प्रमाण खोज्ने र अर्को पक्ष बुझ्ने बानी विकास गर्नुपर्छ।

दोस्रो, नयाँ र पुरानाबीच संवाद आवश्यक छ। पुस्ताबीचको अन्तरलाई संघर्ष होइन, सहकार्यको आधार बनाउनुपर्छ।

तेस्रो, असहमतिलाई लोकतन्त्रको स्वाभाविक हिस्सा मान्नुपर्छ। फरक विचार राख्ने व्यक्ति शत्रु होइन। आलोचना लोकतन्त्रको कमजोरी होइन, त्यसको स्वास्थ्यको संकेत हो।

चौथो, सार्वजनिक बहसलाई व्यक्तिभन्दा नीतिमा केन्द्रित गर्नुपर्छ। नेता कस्तो देखिन्छ भन्दा उसले के गर्छ भन्ने महत्त्वपूर्ण हुनुपर्छ। भाषणभन्दा कार्यसम्पादन, नाराभन्दा नीति र लोकप्रियताभन्दा परिणामलाई महत्त्व दिनुपर्छ।

पाँचौं, आलोचनात्मक सोचलाई शिक्षा र सार्वजनिक संस्कृतिको हिस्सा बनाउनुपर्छ। नागरिकले सूचना पढ्न मात्र होइन, त्यो सूचना कसरी निर्माण भयो, कसको हितमा प्रस्तुत भयो र त्यसको प्रमाण के हो भनेर प्रश्न गर्न सक्नुपर्छ। र अन्ततः, असहमति रहोस् तर मानवीय सम्मान नहराओस्।

समाजलाई केवल राजनीतिक नेता, सञ्चारमाध्यम वा सामाजिक सञ्जालले निर्माण गर्दैनन्। हामी नागरिक पनि त्यसको निर्माणमा सहभागी छौं। हामीले जे साझा गर्छौं, जे विश्वास गर्छौं, जसलाई समर्थन गर्छौं र जसलाई घृणा गर्छौं त्यसैले हाम्रो सार्वजनिक संस्कार निर्माण गर्छ।

**हामी त्यसलाई कसरी बुझिरहेका छौं ?**

यदि हामी हरेक भाष्यलाई प्रश्न गर्न सक्छौं, तथ्य र प्रचार छुट्याउन सक्छौं, असहमतिलाई सम्मान गर्न सक्छौं र नयाँलाई स्वीकार गर्दा पुरानो अनुभवबाट सिक्न सक्छौं भने परिवर्तन समाजका लागि शक्ति बन्न सक्छ। तर यदि केवल आफ्नो समूहले दिएको भाष्य दोहोऱ्याइरह्यौं भने प्रविधि जतिसुकै आधुनिक भए पनि हाम्रो सार्वजनिक चेतना पुरानै ध्रुवीकरणमा फसिरहनेछ। हामीलाई केवल नयाँ समाज चाहिएको होइन। नयाँ ढंगले सोच्ने समाज चाहिएको छ। घृणाभन्दा संवाद, नाराभन्दा नीति, अफवाहभन्दा तथ्य, अन्ध समर्थनभन्दा प्रश्न र विभाजनभन्दा सहकार्य चाहिएको छ। किनकि, समाजको भविष्य कसले कथा लेख्छ भन्नेमा मात्र निर्भर हुँदैन ! नागरिकले त्यो कथा कति विवेकपूर्ण ढंगले पढ्छन् भन्नेमा पनि निर्भर हुन्छ।

# दलविहीन स्थानीय तह किन र कसरी ?


सुशीलबहादुर कार्की


किरण सिटौला

(कार्की राष्ट्रसंघीय निकायसँग आबद्ध छन् भने सिटौला अमेरिकी आन्तरिक राजस्व सेवामा वरिष्ठ व्यवस्थापकका रूपमा कार्यरत रही टाउन अफ इन्डियन हेडका उपमेयर र एनआरएन हुन्)



फाइल तस्बिर : कान्तिपुर

गैरदलीय स्थानीय सरकारको अभ्यास गर्ने मुलुकमा प्रजातान्त्रिक मूल्य मान्यतामा ह्रास आएको देखिएको छैन । हाम्रा छिमेकी मुलुकहरू र हाम्रो आफ्नै अभ्यासले पनि गैरदलीय निर्वाचन भएको अवस्थामा उम्मेदवारहरूले दलको प्रचार गर्नेभन्दा स्थानीय मुद्दामा केन्द्रित हुन सक्ने सम्भावना बढाउँछ । योग्यले बढी अवसर पाउने, दलीय स्वार्थभन्दा सहकार्यले प्रश्रय पाउने तथा कार्ययोजना निर्माण र निर्णय कार्यान्वयन पनि छिटो छरितो हुने देखिन्छ ।

रास्वपाले चुनावअघि वाचापत्रमार्फत 'गैरदलीय स्थानीय सरकार' को मुद्दा अघि सारेको थियो । गत असारमा सम्पन्न प्रथम महाधिवेशनमा उपसभापतिद्वारा प्रस्तुत 'अर्थराजनीतिक प्रस्तावना' मा पनि 'दलविहीन स्थानीय तह' को विषय उल्लेख गरियो । त्यससँगै यो विषय झन् सतहमा आएको छ । २०४६ मा बहुदलीय प्रजातन्त्रको पुनर्बहालपछि स्थानीय निर्वाचनमा दलीय आधारमा प्रतिस्पर्धा हुँदै आएको छ । उम्मेदवारले आफ्नो दलको चुनाव चिह्न प्रयोग गर्छन् । यद्यपि, स्वतन्त्र उम्मेदवारी पनि दिने गरिएको छ । दलीय पहिचान हटाएर स्वतन्त्र उम्मेवारीमार्फत प्रतिस्पर्धा गरिने चुनावी पद्धति नै गैरदलीय हो । निर्वाचनमा दलको प्रतिनिधित्व नहुने हुँदा यसले स्थानीय तहलाई दलविहीन बनाउँछ ।

स्वाभाविक रूपमा पुराना दलसँग सम्बन्धित नेता, कार्यकर्ता र यसका लाभग्राही समूहले यसको कडा विरोध गरेको देखिएको छ । हरेक तह र तप्कामा दलीयकरण देख्न नचाहने समूहले यसको स्वागत गरेको देखिन्छ । विरोध गर्ने पक्षले यसलाई लोकतन्त्रमाथिको प्रहार भनेका छन् । उनीहरूले संविधानको भावनाविपरीत लोकतान्त्रिक बहुदलीय व्यवस्थाको बर्खिलाप हुने, निर्दलीयता वा पञ्चायतको सुरुआत गर्न लागेको र गम्भीर संकट निम्त्याउन सक्ने जस्ता आक्षेप पनि लगाएका छन् ।

यस आलेखमा 'गैरदलीय स्थानीय तह' (संख्याभन्दा पनि) नेपालका लागि उचित होला वा नहोला ? कार्यान्वयन गर्न सम्भव छ वा छैन ? छ भने कसरी ? वर्तमान संवैधानिक संरचनाभित्रै रहेर सम्भव छ वा संशोधन गर्नुपर्ने हो ? भन्ने जस्ता विभिन्न कोणबाट चर्चा गरिएको छ । यसक्रममा अमेरिकाका एक गैरदलीय स्थानीय निकायका निर्वाचित प्रतिनिधि, सहलेखक एनआरएनका कार्यानुभव र दृष्टिकोण समेटिएको छ ।

### दलविहीन स्थानीय तह किन ?

बहुदलीय प्रजातन्त्रको पुनर्बहालपछि कार्यान्वयन गरिएको स्थानीय निकायदेखि अहिलेको संघीयताको एक स्तम्भका रूपमा रहेका स्थानीय तहसम्म आइपुग्दा तीन दशक बितिसकेको छ । यस अवधिमा मुलुक हरेक क्षेत्र चरम राजनीतीकरण र दलीयकरणको चपेटामा पर्‍यो ।

स्थानीय चुनाव दलीय आधारमा हुँदा आफ्नो दललाई भोट दिए वा नदिएका आधारमा पूर्वाग्रही हुने, पक्षपात गर्ने काम भए । त्यस्तै, स्थानीय मुद्दाभन्दा दलीय स्वार्थलाई प्राथमिकतामा राख्ने, उम्मेदवारको योग्यता र क्षमताभन्दा दलीय आबद्धताले प्रश्रय पाउने गर्‍यो । उम्मेदवारीमै आर्थिक चलखेल हुने, दल-दलबीच गठबन्धन, लेनदेन र भागबन्डा हुने, फरक दलका पदाधिकारी भए निर्णय नै नहुने वा ढिलो हुने, असन्तुष्ट पक्षले दलभित्रैबाट अन्तर्घात गर्ने, कार्यक्षमताको अभाव हुँदा वा भ्रष्टाचार र अनियमितता गर्दा दलले संरक्षण दिने, दलीय स्वार्थबाट प्रेरित भई माथिबाट बजेट विनियोजन हुने जस्ता निकृष्ट अभ्यासहरू गरियो ।

फलस्वरूप स्वतन्त्र नागरिकमा चरम निराशा र राजनीतिक दलप्रति नै वितृष्णा जाग्ने अवस्था आयो । त्यसैले जेन-जी आन्दोलनको एउटा कारक यसलाई पनि मानिएको छ । राजनीतिक दलका गलत अभ्यासले निम्त्याएको यस्ता विकृतिलाई न्यूनीकरण गर्ने उद्देश्यले रास्वपाले 'गैरदलीय स्थानीय सरकार' को अवधारणा अघि सारेको बुझिन्छ ।

यसमा पुराना दलहरूको आफ्नै सरोकार छ । पुराना दलहरूलाई स्थानीय तहको निर्वाचन गैरदलीय हुँदा स्थानीय तहबाट आफ्नो अस्तित्व र पकड समाप्त हुन सक्ने र परिणमस्वरूप राष्ट्रिय राजनीतिमै असर पुग्ने भय छ । अर्को असर पनि छ । स्थानीय तहको निर्वाचनपछि गाउँ/नगरपालिकाका, कार्यपालिकाका लागि थप सदस्य तथा जिल्ला समन्वय समितिको निर्वाचनमा स्थानीय रूपमा निर्वाचित प्रतिनिधिहरू स्वयं मतदाता हुन्छन् । विशेषतः राष्ट्रिय सभा निर्वाचनमा स्थानीय तहका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष मतदाता हुन्छन् । यसर्थ, ती पदहरू गैरदलीय हुनासाथ राष्ट्रिय सभाको निर्वाचन परिणाममा पनि असर पर्न सक्छ ।

स्थानीय तहका प्रतिनिधि आफ्नो दलको भएमा राष्ट्रिय सभा र जिल्ला समन्वय समिति लगायतका निर्वाचनमा पाउने मत अझ सुनिश्चित हुन्छ । त्यतिबेला ती संस्थामा आफ्नो दलको हालीमुहाली स्थापित गर्न सहज हुन्छ । त्यसैले पनि पुराना राजनीतिक दलले स्थानीय तहको निर्वाचन गैरदलीय बनाउने मुद्दाको विरोध गर्ने गरेका छन् ।

### अमेरिकी प्रणाली एक अनुभव

यस आलेखको सहलेखक म (किरण सिटौला) गत ३२ वर्षदेखि अमेरिकामा बसोबास गरिरहेको छु । एघार वर्षदेखि म्यारिल्यान्ड राज्यको टाउन अफ इन्डियन हेडको उपमेयरमा तेस्रो पटक (चार वर्षका लागि) निर्वाचित भई काम गर्दै आएको छु । तथापि, मेरो पूर्णकालीन नोकरी भने संघीय सरकारको आन्तरिक राजस्व सेवामा वरिष्ठ व्यवस्थापकका रूपमा रहेको छ । स्थानीय निकायमा निर्वाचित भएका कारण मूल नोकरी भएको कार्यालयबाट निश्चित समयका लागि व्यक्तिगत बिदा लिएर वा कार्यालय समयबाहिर बिहान, बेलुका वा सप्ताहन्तमा आफ्नो निर्वाचित क्षेत्रमा काम गर्ने गर्छु । हाम्रो टाउनको जनसंख्या करिब ४,५०० छ र हामी तीन जना निर्वाचित प्रतिनिधि छौं । हामीले आफ्नो क्षेत्रको हित र विकासको सम्बन्धमा जनचाहनाअनुरूप नीति निर्माण तहका कार्यक्रमहरू बनाउने, आफ्नो क्षेत्रमा आवश्यक कार्यक्रमको पहिचान गर्ने, बजेट विनियोजनको निर्णय गर्ने, कार्यक्रम पारित गर्ने र अन्य आवश्यक निर्णयहरू लिने गर्छौं । तर यसको कार्यान्वयनचाहिँ हाम्रो निर्देशन र सुपरिवेक्षणमा हामीद्वारा नियुक्त एक पेसेवर व्यवस्थापकको नेतृत्वमा कर्मचारीतन्त्रले गर्ने गर्छ । उनीहरूले कार्यान्वयन गर्ने र हामीले सुपरिवेक्षण गर्ने गर्दा भ्रष्टाचारको गुञ्जायस पनि नरहने हुन्छ ।

अमेरिकाका धेरैजसो साना टाउनहरू, जहाँ जनसंख्या केही हजारमा सीमित छन् र भौगोलिक क्षेत्र सानो छ, त्यहाँ प्रायः गैरदलीय निर्वाचन हुन्छ । हाम्रो यस क्षेत्रमा स्वतन्त्र रूपमा मात्रै निर्वाचन लड्न पाइन्छ । सबैभन्दा धेरै भोट पाउने व्यक्ति मेयर बन्छ, दोस्रो धेरै भोट पाउने उपमेयर बन्छ र तेस्रो काउन्सिल म्यान बन्छ । यो दलगत रूपमा भएको भए अझै राम्रो हुने थियो भन्ने गुनासो अहिलेसम्म सुनेको छैन ।

यहाँ कुनै राजनीतिक दलको प्रतिनिधित्व नहुने हुँदा दलको आदेश कुर्नु पर्दैन । दलको सिद्धान्तविरुद्ध होला कि भन्ने चिन्ता पनि लिनु पर्दैन । जवाफदेहिता पूर्णरूपमा जनताप्रति हुन्छ । यसै कारणले पनि मेरो मूल पेसा र निर्वाचित जनप्रतिनिधिको पदबीच कुनै पूर्वाग्रह रहँदैन र दुवैलाई सन्तुलनमा राख्दै प्रभावकारी रूपमा काम गर्न सकिएको छ । सरकारी जागिर हुँदाहुँदै पनि म स्थानीय सरकारको चुनावमा चुनिएर र स्वतन्त्र स्वयंसेवकका रूपमा मेरा निर्वाचन क्षेत्रका आवश्यकता पूरा गर्न सक्छु । आफू निर्वाचित क्षेत्रका मतदाताले गैरदलीय निर्वाचन पद्धतिलाई सकारात्मक रूपमा स्वीकारेका छन्, किनभने हाम्रो मुख्य प्राथमिकता हाम्रा आवश्यकता हुन् र हामी राज्य र संघीय सरकारभन्दा राम्रो काम गर्छौं ।

'राजनीति पेसा हुनु हुँदैन' भन्ने मान्यताका आधारमा प्रायः स्थानीय जनप्रतिनिधिलाई आफ्नो मूल पेसालाई निरन्तरता दिने र समाज सेवामा उत्प्रेरित गर्ने गरिएको पाइन्छ । यो भूमिकालाई स्वयंसेवाका रूपमा लिइन्छ । त्यसैले आफ्नो मुख्य आर्जनको स्रोत पनि आफ्नै मूल पेसा वा नोकरी रहन्छ भने स्थानीय निकायमा काम गरेबापत उत्प्रेरणाका लागि थोरै वृत्ति रकम दिने गरिन्छ ।

संघीयता अपनाइएको अमेरिकामा संघीय सरकारले यस्तै प्रणाली हुनुपर्छ भन्ने तोकेको छैन । यसलाई राज्यको अधिकार क्षेत्रभित्र पारिएको छ । यसर्थ, मुलुकभर स्थानीय सरकारको स्वरूपमा एकरूपता छैन । स्थानीय सरकारको निर्वाचन प्रणाली पनि दलीय, गैरदलीय/स्वतन्त्र वा दुवैको मिश्रित रहेको पाइन्छ । त्यसैले एउटै राज्यभित्र पनि क्षेत्रअनुसार छुट्टाछुट्टै प्रणाली अवलम्बन गरिएको छ । तैपनि मुलुकभर झन्डै ८० प्रतिशत हाराहारीमा गैरदलीय निर्वाचन प्रणाली नै अवलम्बन गरिएको देखिन्छ ।

### अन्य विदेशी अभ्यास

विकसित र प्रजातान्त्रिक मुलुकले पछ्याएका प्रणालीहरू अवलोकन गर्दा सबैमा एकरूपता भेटिँदैन । बेलायत, जर्मनी, स्वीडेन, नर्वे, फिनल्यान्ड, डेनमार्क, फ्रान्सलगायत प्रायः युरोपेली मुलुकमा दलीय आधारमा स्थानीय तहको निर्वाचन हुन्छ । अमेरिका, क्यानडा, जापान, अस्ट्रेलिया, न्युजिल्यान्ड जस्ता मुलुकमा मिश्रित र यसभित्र पनि प्रायः गैरदलीय प्रणाली अंगीकार गरिएको पाइन्छ । यी एकै प्रणालीभित्र पनि कुनै पद्धति एकअर्कासँग दुरुस्तै मिल्दैनन् । तर पनि मुलुकअनुसार फरकफरक तर सफल रूपमा कार्यान्वयन गरिएको पाइन्छ ।

हाम्रा छिमेकी मुलुकको अभ्यास हेर्ने हो भने विभिन्न रूपमा संघीयता अपनाएका नजिकका छिमेकी भारत र पाकिस्तानमा पनि स्थानीय तहका निर्वाचन प्रणाली तोक्ने अख्तियारी राज्य वा प्रान्तलाई दिइएको पाइन्छ । राज्यबीचमा फरक र मिश्रित पद्धति हुँदा पनि भारतमा सबैभन्दा तल्लो तह ग्रामीण क्षेत्रका ग्राम पञ्चायतको निर्वाचन प्रायः गैरदलीय हुने गर्छ । त्यसभन्दा माथिल्लो तह तथा सहरी क्षेत्रका ब्लक, नगर र जिल्लास्तरीय चुनाव भने प्रायः दलगत रूपमा हुने गर्छ । पाकिस्तानमा प्रान्तअनुसार दलीय, गैरदलीय वा मिश्रित प्रणाली अपनाइएको छ र मुलुक आफैं अस्थिर राजनीतिको सिकार भएकाले सत्तामा आउनेले आफू अनुकूल हुने गरी प्रणाली संशोधन गर्ने गरेको पाइन्छ ।

अर्को सान्दर्भिक उदाहरण बंगलादेश पनि हो । सन् १९७१ मा स्वतन्त्र भएदेखि नै स्थानीय तहको चुनाव गैरदलीय हुने गरेको थियो । तर, तत्कालीन सत्ताधारी अवामी लिग सरकारले २०१५ मा स्थानीय चुनाव दलीय हुने निर्णय गर्‍यो । तर उम्मेदवारीमा आर्थिक लेनदेन, गुटबन्दी र हिंसा बढेको, स्थानीय सरकारमा दलको अत्यधिक प्रभाव र नियन्त्रण भएको, स्वतन्त्र व्यक्तिहरू स्थानीय राजनीतिबाट टाढिएको लगायत नकारात्मक पक्ष हाबी भएका कारण दलीय चुनाव सुरु भएको दस वर्षमै गैरदलीय चुनावको पक्षमा जनमत बढ्यो । परिणामतः स्थानीय सरकार सुधार आयोग र निर्वाचन प्रणाली सुधार आयोग दुवैको सिफारिसका आधारमा अन्तरिम परिषद्ले गत चैत महिनामा दलीय चुनाव प्रणाली खारेज गरिदियो । त्यहाँ पुनः गैरदलीय चुनाव प्रणाली नै फर्किएको छ ।

अधिकतर वा पूर्णतः गैरदलीय प्रणाली अपनाएका अमेरिकालगायत मुलुकले यस्तो प्रणालीमा कार्यसम्पादनको जस दललाई जाँदैन । त्यसैले यहाँका जनप्रतिनिधिले आउँदो चुनावको पूर्वतयारीका रूपमा भन्दा पनि मतदाताको हित र स्वार्थलाई महत्त्व दिई काम गर्छन् । साथै, राष्ट्रिय राजनीतिभन्दा स्थानीय सरोकारका विषयवस्तु र त्यसलाई सम्बोधन गर्न सक्ने इमान्दारिता, निष्पक्षता, नेतृत्व क्षमता, सीप र अनुभव जस्ता उम्मेदवारको व्यक्तिगत क्षमतालाई प्राथमिकतामा राख्न यो प्रणाली उपयुक्त भएको तर्क गर्ने गर्छन् ।

### कसरी कार्यान्वयन गर्ने ?

नेपालको वर्तमान संविधानले स्थानीय निकायको निर्वाचन एक व्यक्ति एक मतका आधारमा गोप्य मतदानबाट पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीको स्पष्ट व्यवस्था गरेको छ । तर, संघ वा प्रदेशमा जस्तै स्थानीय तहमा पनि दलगत निर्वाचन र प्रतिनिधित्व हुनुपर्ने परिकल्पना नै गरेको छैन । त्यसैले गैरदलीय स्थानीय चुनावी प्रणालीका लागि संविधान बाधक रहेको छैन ।

स्थानीय तहको निर्वाचन गर्नेसम्बन्धी कानुन 'स्थानीय तह निर्वाचन ऐन, २०७३' ले संविधानको भावनाबमोजिम नै दल जोडिएका व्यवस्थालाई हटाएर र संविधानको समानुपातिक समावेशीकरणको भावनाअनुरूप महिला, दलित र अल्पसंख्यक समुदायको प्रतिनिधित्वको सुनिश्चितता हुने गरी यो ऐन मात्रै संशोधन गरेर सजिलै कार्यान्वयनमा ल्याउन सक्ने देखिन्छ । यति गर्दा संविधानको प्रस्तावनामा समेटिएको स्वशासनको अधिकार, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली र समाजवादप्रतिको प्रतिबद्धतामा कमी आउने र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विरुद्धमा हुन जाने वा आधारभूत संरचनाविपरीत हुने पनि देखिँदैन । तसर्थ, गैरदलीय स्थानीय सरकारको विपक्षमा उठेका तर्कहरूमा दमभन्दा बढी पराजित मानसिकता देखिन्छ ।

### उपसंहार

कुनै पनि प्रणाली आफैंमा पूर्णतः उत्कृष्ट, सही वा गलत होइनन् । संवैधानिक व्यवस्था र प्रणाली जस्तै यसको अभ्यास पनि ऐतिहासिक पृष्ठभूमि, राजनीतिक र नैतिक चेत, आचरण र संस्कारमा भर पर्ने गर्छ । गैरदलीय स्थानीय सरकारको अभ्यास गर्ने मुलुकमा प्रजातान्त्रिक मूल्य मान्यतामा ह्रास आएको देखिएको छैन । हाम्रा छिमेकी मुलुकहरू र हाम्रो आफ्नै अभ्यासले पनि गैरदलीय निर्वाचन भएको अवस्थामा उम्मेदवारहरूले दलको प्रचार गर्नेभन्दा स्थानीय मुद्दामा केन्द्रित हुन सक्ने सम्भावना बढाउँछ । योग्यले बढी अवसर पाउने, दलीय स्वार्थभन्दा सहकार्यले प्रश्रय पाउने तथा कार्ययोजना निर्माण र निर्णय कार्यान्वयन पनि छिटो छरितो हुने देखिन्छ ।

गत संसदीय निर्वाचनमा हासिल गरेको प्रचण्ड बहुमतको पृष्ठभूमिमा रास्वपाले हालकै प्रणालीलाई निरन्तरता दिँदा आउने चुनावमा राम्रै पकड जमाउन सक्ने सम्भावना छ । यद्यपि, उसले दलविहीन स्थानीय तहको वकालत गरेको छ । यसको सराहना गर्नैपर्छ । नत्र रास्वपालगायत नयाँ दलले पनि ठूला-साना भाग पाउने नै छन् । तर, यसले स्थानीय स्तरको चरम राजनीतिक ध्रुवीकरणलाई अझ मजबुत बनाउने निश्चित छ । त्यसैले सबै दलले आफ्नो क्षणिक लाभ र स्वार्थको हिसाबकिताबभन्दा माथि उठेर बृहत् छलफल गरी जनभावनाअनुरूपको निर्णय स्विकार्नु उचित हुन्छ । हरेक क्षेत्र र तहमा चरम राजनीतीकरण हाबी भएको नेपालका लागि पनि राष्ट्रिय राजनीतिलाई संघ र प्रदेशमा सीमित राखी स्थानीय तहलाई स्थानीय मुद्दा र विकासमा केन्द्रित राख्नु श्रेयष्कर हुन्छ ।

# सरकारलाई प्रश्न सोध्न पाइँदैन ?


आदित्य गौतम

(गौतम एमबीएका विद्यार्थी हुन्)

इन्स्टाग्राममा कतिपयले सोध्छन्- किन नयाँ सरकारको धेरै विरोध गर्छौ ? तिमीलाई पहिलेकै सरकार चाहिएको हो ?

आफ्ना पोस्टहरू दोहोर्‍याएर हेर्दा सरकारको विरोध गरे जस्तो त लाग्दैन । नागरिकका रूपमा सवाल राखे जस्तो मात्र लाग्छ ।

मेरो चासो हो- यो सरकार पाँच वर्ष टिक्नुपर्छ । जनादेश पूरा गर्न पाउनुपर्छ । तर त्यसो भन्दैमा लोकतन्त्रमा पाँच वर्षसम्म प्रश्नै उठाउन पाइँदैन भन्ने आजसम्म भेटिएको छैन । यहाँ प्रश्न सोध्नेबित्तिकै प्रमाण खोजिँदैन, नियत खोजिन्छ । तर्कको जवाफ तथ्यले होइन, 'झोले', 'पेट्रोलमा बिकेको', 'मासु-भातमा नुन कति परेको थियो ?' जस्ता 'प्रमाणपत्र' दिइन्छ ।

मेरा लागि कुन पार्टी सत्तामा छ भन्नेभन्दा देश कुन दिशामा गइरहेको छ भन्ने ठूलो हो । सरकार कांग्रेस, एमाले, माओवादी वा स्वतन्त्रहरूको, मेरो अपेक्षा एउटै हो । काम गर, परिणाम देऊ । चुनावी भाषणलाई सरकारी उपलब्धि भनेर बेच्न बन्द गर ।

स्वीकार गर्नैपर्छ, अहिलेका केही मन्त्रीहरूमा ऊर्जा देखिन्छ । केहीले पुराना संरचना बदल्ने इच्छा पनि देखाएका छन् । नयाँ सोच ल्याउने प्रयास पनि गरेका छन् । तर देश चलाउने कुरा राम्रो नियतले मात्रै सम्भव हुँदैन । इच्छाशक्ति एउटा आधार हो, क्षमता अर्को । अनुभव अर्को । निर्णय क्षमता अर्को । कार्यान्वयन सबैभन्दा ठूलो । नेपाललाई हरेक पटक नयाँ प्रयोग गर्ने प्रयोगशाला बनाइरहन मिल्दैन । 'गर्छु', 'हेर्दै छु', 'योजना बनाउँदै छु', 'छिट्टै आउँछ' भन्ने वाक्यले अर्थतन्त्र चल्दैन । त्यसले युवालाई विदेश जानबाट रोक्दैन । त्यसले लगानीकर्ता फर्काउँदैन, जनताको भान्सामा राहत पुर्‍याउँदैन ।

हामीले धेरै पटक एउटा ठूलो भ्रमलाई वास्तविकता ठानेका छौं । राम्रो मान्छे भयो भने राम्रो शासक पनि हुन्छ भन्ने । तर राजनीति र प्रशासन भावनाभन्दा धेरै जटिल विषय हुन् । एउटा भाइले साइकल असाध्यै राम्रो चलाउँछ भन्दैमा उसलाई यात्रुबसको स्टेयरिङ समात्न लगाएर 'यो पनि चलाऊ' भन्न मिल्दैन । देश सञ्चालन पनि त्यस्तै हो । यहाँ गल्तीको मूल्य नेता होइन, नागरिकले तिर्छ ।



फाइल तस्बिर : कान्तिपुर

यही कारण धेरैलाई अहिले पुरानो हिन्दी चलचित्र नायक सम्झना आइरहेको होला । चलचित्रमा अभिनेता अनिल कपुरले एक दिनका लागि मुख्यमन्त्री बनेर २४ घण्टामै वर्षौंदेखिका समस्या समाधान गरे । भ्रष्टाचार हट्यो । प्रशासन दौडियो । अपराधी जेल परे । जनता खुसी भए । त्यो चलचित्र थियो, २ घण्टामा सबै सम्भव भयो । वास्तविक जीवनमा पोस्टर टाँस्दैमा, फेसबुक लाइभ गर्दैमा, माइक्रोफोन अगाडि रिसाउँदैमा वा 'हामी फरक छौं' भन्दैमा शासन फरक हुँदैन ।

वास्तविक शासनमा फाइलहरू बोल्छन्, बजेट बोल्छ, नीतिले परिणाम दिन्छ र समयसँगै उपलब्धिले सरकारको परिचय बनाउँछ । नायक चलचित्र हेरेर राजनीति गर्न खोज्नेहरूलाई सायद एउटा कुरा कसैले सम्झाइदिएको थिएन, चलचित्रमा स्क्रिप्ट लेखकले अन्त्य लेखिदिन्छन् तर देशमा अन्त्य जनताले लेख्छन् ।

अहिले नेतृत्वमा देखिएका धेरै अनुहार खराब मानिस हुन् भन्ने मेरो दाबी होइन । उनीहरूमा साहस र ऊर्जा थियो । पुरानो शैली बदल्ने चाहना पनि थियो । त्यसैले जनताले विश्वास गरे । तर विश्वास स्थायी हुँदैन । त्यसलाई परिणामले नवीकरण गर्नुपर्छ । चुनाव जित्नु सुरुआत हो, उपलब्धि दिनु परीक्षा हो । अहिले पनि धेरै ठाउँमा सरकारले सिकिरहेको, मिलाइरहेको, बुझिरहेको, अध्ययन गरिरहेको भन्ने सुनिन्छ । तर देश अहिले पनि अभ्यास कक्षामै बस्न सक्दैन । धेरै वर्षदेखि नेपाली जनताले प्रयोगको मूल्य तिरिसके । अब परिणाम हेर्ने पालो हो ।

सबैभन्दा चिन्ताजनक विषय सरकारको आलोचना गर्नासाथ मानौं नागरिकता नै खारेज हुन्छ । तुरुन्तै देशद्रोही, निराशावादी, पुरानाको एजेन्ट, विकास विरोधी भन्ने उपाधि बाँडिन्छ । यस्तो लाग्छ, सरकारको मूल्यांकन होइन, कुनै फ्यान क्लबको सदस्यता नवीकरण भइरहेको छ । लोकतन्त्रमा सरकारको सबैभन्दा ठूलो साथी ताली बजाउने होइन, गल्ती देखाइदिने नागरिक हो । किनकि, तालीले लोकप्रियता बढाउँछ, आलोचनाले शासन सुधार्छ ।

म आज पनि यही भन्छु, यो सरकार पाँच वर्षसम्म ढल्नु हुँदैन । तर पाँच वर्ष टिक्ने अधिकारसँगै प्रश्न सुन्ने दायित्व पनि आउँछ । सरकारलाई समय चाहिन्छ, ठीक छ । तर जनतालाई पनि उत्तर चाहिन्छ । लोकतन्त्रको सौन्दर्य नै यही हो कि सरकार जनताको मालिक होइन, जनताको उत्तरदायी संस्था हो ।

जुनसुकै सरकार आए पनि देशलाई प्रयोगशाला नबनाओस् । राम्रो नियतलाई राम्रो नीतिमा बदलोस् । भाषणलाई परिणाममा बदलोस् । आशालाई उपलब्धिमा बदलोस् । र आलोचनालाई शत्रुता होइन, सुधारको अवसर ठानोस् । किनकि अन्तिम हिसाबमा इतिहासले सरकारको नियत होइन, नतिजा लेख्नेछ ।

# कांग्रेसमा अन्तरकलह र सुधारका विकल्प


जितु उपाध्याय

(उपाध्याय कांग्रेस महासमिति सदस्य हुन्)

'ब्यालेट इज स्ट्रोङ देन बुलेट' अर्थात् मतपत्र गोलीभन्दा शक्तिशाली हुन्छ, अमेरिकाका ३५औं राष्ट्रपतिको भनाइ अहिले नेपालको राजनीतिक घटनाक्रम र चुनावी नतिजासँग ठ्याक्कै मेल खान्छ ।

पार्टी स्थापनाको छोटो समयमै प्राप्त जनमतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) अन्तर्राष्ट्रिय जगत्को ध्यान आकर्षित गर्न सफल भएको छ । प्रधानमन्त्री वालेन्द्र शाह, रास्वपा र जेन-जी आन्दोलनको चर्चा छ । जेन-जी आन्दोलनपश्चात् नेपालको राजनीतिमा प्याराडाइम सिफ्ट भएको छ । यसैबीच कांग्रेसमा पनि नेतृत्व परिवर्तनको मुद्दा उठ्यो र विशेष महाधिवेशनबाट नेतृत्वमा गगन थापा पुगे । यद्यपि, यसले विवाद कम हुनुको साटो अन्तरकलह झाँगिँदै गएको छ ।

### विवादको शृंखला

२१ फागुन २०८२ को चुनावमा पराजय भोगेको पीडा कांग्रेसमा छँदै छ, पार्टीभित्रको आन्तरिक विवाद पनि थपिएको छ । यसबाट प्रत्येक व्यवस्था परिवर्तनको नेतृत्व लिएको पार्टीका आमकार्यकर्तामा निराशा बढ्दै छ ।

माघ २००३ मा भारतको कलकत्तामा भएको कांग्रेस (तत्कालीन नेपाली राष्ट्रिय कांग्रेस) को पहिलो महाधिवेशनबाट टंकप्रसाद आचार्यले नेतृत्व सम्हाले । आचार्य जेलमा भएकाले विश्वेश्वरप्रसाद कोइरालाले कार्यवाहक सभापतिका रूपमा काम गरेका थिए । यस्तै २० माघ २००४ मा बनारसमा भएको दोस्रो सम्मेलनले डिल्लीराम रेग्मीलाई सभापतिको जिम्मेवारी दिएको थियो । बीपी कोइराला भएकाले रेग्मीलाई सभापति बनाइए पनि बीपी जेलमुक्त भएपछि रेग्मीले पद नछाड्दा विवाद सिर्जना भयो । २००५ मा भएको तेस्रो महाधिवेशनबाट मातृकाप्रसाद कोइरालाले कार्यवाहक सभापतिको जिम्मेवारी पाए । साउन २००५ मा सुवर्णशमशेरले नेपाल प्रजातान्त्रिक कांग्रेस गठन गरी त्यसको नेतृत्व लिए । करिब ५ महिनापछि महेन्द्रविक्रम शाहले त्यसको नेतृत्व लिए । यसैबीच दुई कांग्रेसबीच सहमति भयो- एउटाले राष्ट्रिय र अर्कोले प्रजातान्त्रिक छोड्ने । र, पार्टीको नाम नेपाली कांग्रेस राखे । तसर्थ, २७ चैत २००६ को चौथो महाधिवेशनबाट औपचारिक रूपमा नेपाली कांग्रेसको स्थापना भयो र त्यसको नेतृत्व मातृकाप्रसाद कोइरालाले गरे ।

दुई कांग्रेस मिल्दा पनि डिल्लीरमण रेग्मी बाहिर नै रहे । अझ चौथो महाधिवेशनपछि बीपी कोइराला र मातृकाप्रसाद कोइरालाबीच मतभेद बढ्न थाल्यो ।

२००९ मा भएको पाँचौं महाधिवेशनबाट बीपी कोइराला सभापति बने ।

बीपीले मातृकालाई १० साउन २००९ मा पार्टीको सदस्यताबाट निष्कासन गरे । २०१२ मा छैटौं महाधिवेशनबाट सुवर्णशमशेर पार्टीको सभापति बने । उक्त महाधिवेशनमा मातृकाले गठन गरेको राष्ट्रिय प्रजा पार्टी कांग्रेसमा विलय भयो । २०१४ मा सभापति सुवर्णशमशेरले नै विशेष महाधिवेशन बोलाई बीपी कोइरालालाई नेतृत्व हस्तान्तरण गरे । २०१४ मा कांग्रेसले भद्र अवज्ञा गर्‍यो र २०१५ मा आमनिर्वाचन भयो । १०९ संसदीय प्रतिनिधिसभामा ७४ सिट प्राप्त गरी बीपी कोइराला नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री बने । २०३९ मा बीपीको निधनपश्चात् कांग्रेसको नेतृत्व गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालामा आइपुग्यो । २०४६ को जनआन्दोलनपछि कांग्रेस सत्ताको केन्द्रमा पुग्यो र २०४८ को निर्वाचनपछि गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । सरकार गठनसँगै कांग्रेसभित्रको आन्तरिक शक्ति संघर्ष झन् चर्कियो । गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई एकातिर, अर्को खेमामा गिरिजाप्रसादबीच शक्ति संघर्ष ।

कांग्रेसमा वडादेखि केन्द्रीय सभापतिसम्मको नेतृत्व एकै पटक चयन गरिन्छ । यसले तल्लो तहदेखि माथिल्लो तहसम्म निर्वाचन जित्ने र हार्ने पक्षबीच दीर्घकालीन विवाद सिर्जना गर्ने गरेको छ ।

तत्कालीन प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले ८ जेठ २०५९ मा प्रतिनिधिसभा विघटन गरेपछि पार्टीभित्र उनको निर्णयलाई लिएर विवाद भयो । त्यसपछि पार्टीले देउवालाई २४ घण्टाभित्र स्पष्टीकरण सोध्यो र अन्ततः ३ वर्षका लागि साधारण सदस्यतासमेत नरहने गरी निष्कासन गर्‍यो । ५ असार २०५९ मा देउवाले 'नेपाली कांग्रेस (प्रजातान्त्रिक)' गठन गरे ।

### वडादेखि केन्द्रसम्म संरचनात्मक सुधार

प्रत्येक ४ वर्षमा नियमित महाधिवेशन गर्दै आएको कांग्रेस गएको आमनिर्वाचनअघि भने नियमित महाधिवेशन वा विशेष महाधिवेशनको बहसमा विभाजित भयो । विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन र त्यसैको नेतृत्वमा निर्वाचनमा होमियो । तर निर्वाचन परिणाम कांग्रेसका लागि अत्यन्त निराशाजनक रह्यो । आमकार्यकर्ताले आशा गरेका सभापति गगनकुमार थापा स्वयं पराजित भए । कांग्रेस संसद्मा ३८ सिटसहित दोस्रो ठूलो दल त बन्यो तर पहिलो दल र कांग्रेसबीचको अन्तर निकै ठूलो छ ।

कांग्रेस नेतृत्वका सरकारहरूले गरेका सकारात्मक काम, विकास निर्माण, लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरण तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका विषयलाई तथ्य र प्रमाणसहित प्रचार गर्न आवश्यक छ । इतिहासलाई केवल गौरवगानका रूपमा होइन, वर्तमान र भविष्यसँग जोडेर प्रस्तुत गर्न सक्नुपर्छ ।

कांग्रेसको अहिलेको संगठनात्मक संरचनामा सुधारको आवश्यकता देखिन्छ । अहिले वडादेखि केन्द्रीय सभापतिसम्मको नेतृत्व एकै पटक चयन गरिन्छ । यसले तल्लो तहदेखि माथिल्लो तहसम्म निर्वाचन जित्ने र हार्ने पक्षबीच दीर्घकालीन विवाद सिर्जना गर्ने गरेको छ । त्यसैले संगठनलाई निरन्तर चलायमान बनाउन वडा, क्षेत्र, जिल्ला र प्रदेश तहका नेतृत्वको निर्वाचन प्रत्येक २ वर्षमा तथा केन्द्रीय नेतृत्वको निर्वाचन प्रत्येक ५ वर्षमा गर्ने व्यवस्था गर्न सकिन्छ । यसले कार्यकर्तालाई निरन्तर सक्रिय राख्नेछ, संगठनलाई जीवन्त बनाउनेछ र निर्वाचनमा समेत सकारात्मक प्रभाव पार्नेछ ।

# इरानमा अमेरिकी प्रतिबन्धको असर कस्तो पर्दै छ ?

**युद्ध सुरु भएको झन्डै ६ महिना पुग्दा इरानमाथिको अमेरिकी आर्थिक प्रतिबन्धको असर देखिन थालेको छ । सरकारी अनुदान अत्यधिक भएकाले पेट्रोल भने सहजै उपलब्ध छ । तर खाना, औषधि र अन्य सबै कुराहरूको जोहो गर्न आम नागरिकलाई सकस परिरहेको छ । अमेरिकाले इरानी बन्दरगाहमा नाकाबन्दी लगाएका कारण उसले कच्चा तेल निर्यातमा अवरोध सामना गरिरहेको छ ।**

**एपी** (तेहरान)

तेहरानका किराना पसलहरू खाद्यान्नलगायतका दैनिक उपभोग्य सामानले भरिएका छन् । तर स्थानीय अत्यावश्यक सामान किन्न सक्ने अवस्थामा पनि छैनन् । बेरोजगारी तीव्र गतिमा बढेको छ । रोजगारहरू पनि एक वर्षअघिको तुलनामा धेरै घण्टा काम गर्न थालेका छन् । तर उनीहरूको पारिश्रमिक भने एक वर्षको अवधिमा झन्डै आधा घटेको छ ।

सरकारी अनुदान अत्यधिक भएकाले पेट्रोल पनि सहजै उपलब्ध छ । तर खाना, औषधि र अन्य सबै कुराहरूको जोहो गर्न आम नागरिकलाई गाह्रो परिरहेको छ । ५२ वर्षीय ट्याक्सी चालक तथा दुई सन्तानका पिता अहमद करिमीले भने, 'हामीले धेरै कुराहरू लगभग छोडी नै सकेका छौं । हामीले फलफूल र प्रोटिनयुक्त खान छाडेका छौं । मनोरन्जन त्यागेका छौं, सप्ताहान्तमा समेत काम गर्छौं ।'

युद्ध सुरु भएको झन्डै ६ महिना पुग्दा इरानमाथिको अमेरिकी आर्थिक प्रतिबन्धको असर बढ्दै छ । विशेषगरी, इरानले आफ्नो मुख्य उत्पादन तेल बिक्रीमा अवरोध सामना गरिरहेको छ । इरानी बन्दरगाहमा अमेरिकाले नाकाबन्दी लगाएका कारण कच्चा तेल निर्यात अवरुद्ध भएको छ । यो तीव्र आर्थिक दबाबको असर कस्तो हुन्छ भनेर हेर्न बाँकी छ । तर, कतिपय विशेषज्ञले यो संकटका बाबजुद पनि इरान नझुक्ने दाबी गरेका छन् ।

युद्ध सुरु भएदेखि नै इरानले पश्चिम एसिया क्षेत्रका छिमेकी मुलुक तथा त्यहाँ रहेका अमेरिकी सैनिक अखडामाथि आक्रमण गरिरहेको छ । त्यस्तै, हर्मुज जलमार्गमा अवरोध सिर्जना गरेर खाडी देशको तेललाई पनि बाहिर निकासी हुन दिएको छैन । त्यही अवरोधकै कारण पेट्रोल र प्राकृतिक ग्यासको मूल्य विश्वव्यापी रूपमा बढेको छ । इरानले सकभर आफ्ना अनुकूल सर्तहरूमा अमेरिकालाई सम्झौता गराउने लक्ष्य राखेको छ । उसले हर्मुज जलमार्ग हुँदै अघि बढ्ने जहाजहरूसँग जलमार्ग प्रयोग गरेबापत शुल्क उठाउने योजना बनाएको छ । यसलाई सार्थक बनाउने इरानको लक्ष्य छ ।

अमेरिकाले इरानलाई घुँडा टेकाउनका लागि अझै धेरै कडा प्रतिबन्धहरू लगाउने घोषणा गरेको छ । गत बिहीबारमात्रै अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इरानमाथि आर्थिक वा अन्य कुनै पनि सहयोग गर्ने मुलुकमाथि पनि आर्थिक प्रतिबन्ध लगाइने घोषणा गरेका थिए । लगत्तै, चीनले उक्त घोषणाको निन्दा गरेको छ । र, कुनै पनि प्रतिबन्धले समस्या समाधान नगर्ने चीनको दाबी छ ।

इरान वर्षौंदेखि पश्चिमी देशहरूको प्रतिबन्धको चपेटामा छ र यसलाई छल्न पनि अभ्यस्त भइसकेको छ । र, आफ्नै घरेलु उत्पादन संयन्त्र बिस्तार गरेको छ । त्यसका लागि अनौपचारिक सीमापार व्यापार सञ्जालहरूको प्रयोग गरेको छ । तेस्रो देशहरूमार्फत प्रतिबन्धित सामानहरू खरिद गरेको छ । र, आफ्नो तेल ढुवानी गर्न गोप्य जहाजहरू (स्याडो फ्लिट) प्रयोग गर्दै आएको छ । ब्रान्डिज विश्वविद्यालयका इरानी अर्थतन्त्रविद् हँदी कहालजादेहले भने, 'इरानको प्रतिरोध क्षमताले पतनबाट मात्र बचाएको छैन, यसले अमेरिकी अपेक्षाअनुसार आर्थिक पीडालाई राजनीतिक दबाव र परिवर्तनमा परिणत हुनबाट पनि रोकेको छ ।'



इरानको राजधानी तेहरानको मुख्य बजार क्षेत्र । तस्बिर : एपी/रासस

### इरानको आर्थिक संकटको भावनात्मक मूल्य

तेहरानको विशाल ग्रान्ड बजारमा देशका किराना पसलहरूको तुलनामा सस्तो खाद्यान्न भेट्टाउने आशामा किनमेल गर्ने भीड सधैंजसो लागिरहन्छ, जहाँ युद्धअघिको तुलनामा चामल ६० प्रतिशत र गाईको मासु १५० प्रतिशत महँगो भएको छ ।

उत्तर इरानकी एक महिलाले यसै हप्ता दूध, अन्डा, ट्वाइलेट पेपर र केही अन्य सामानहरू खरिद गरेर त्यसको तस्बिर सामाजिक सञ्जाल 'एक्स' मा पोस्ट गरिन् । दुई सन्तानकी आमा उनले त्यति सामानको मूल्य ८ करोड ९० लाख रियाल (करिब ६५ अमेरिकी डलर) परेको गुनासो गरिन् ।

सुरक्षाको डरले नाम नछाप्ने सर्तमा उनले एसोसिएटेड प्रेसलाई भनिन्, 'आधारभूत आवश्यकताहरू किन्नु हाम्रो मुख्य प्राथमिकता बनेको छ र हाम्रो किनमेलको झोला सानो तथा सीमित हुँदै गएको छ ।' उनले थपिन्, 'हामीले भोगिरहेको भावनात्मक पीडा र दबाब अर्को कथा हो । जब-जब हामीले हाम्रा बच्चाहरूलाई 'हुँदैन' भन्नुपर्छ वा बच्चाहरूले लिन चाहेको कुनै कक्षा होस् वा उनीहरूले किन्न चाहेको कुनै वस्तु होस्, त्यसको बारेमा दोधारमा परिरहँदा यो साँचै नै थकाउने हुन्छ ।'

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार वर्षको अन्त्यसम्ममा इरानमा मुद्रास्फीति करिब ७० प्रतिशतले बढ्ने अपेक्षा गरिएको छ र युद्धअघिको एक दशकको प्रतिबन्धले ध्वस्त भएको देशको अर्थतन्त्र ५ प्रतिशतभन्दा बढीले खुम्चने अनुमान गरिएको छ । सरकारी अनुदानका कारण पेट्रोल सस्तो रहे पनि आपूर्ति कम हुँदै जाँदा यो सधैं नरहन सक्छ । इरानी राज्य टेलिभिजनलाई गत हप्ता राष्ट्रपतिका एक सहयोगीले बताएअनुसार इरानले अहिले उत्पादनभन्दा बढी पेट्रोल दैनिक खपत गरिरहेको छ र यसको मूल्य बढाउनुपर्ने हुन सक्छ ।

### प्रतिबन्ध लगाउने राष्ट्रहरूप्रति इरानीहरूको रिस

अमेरिका र इजरायलले २८ फेब्रुअरीमा युद्ध सुरु गर्नुअगावै इरानका धर्मगुरु नेताहरूले आर्थिक असन्तुष्टि सामना गरिरहेका थिए । वर्षको सुरुमा देशव्यापी रूपमा फैलिएका प्रदर्शनलाई हिंस्रक ढंगले दबाउनुअघि हजारौं मानिस मारिएका थिए भने दसौं हजारलाई पक्राउ गरिएको विश्वास गरिएको छ ।

तेहरानस्थित अर्थशास्त्री हसन गोलमोराडीले बताएअनुसार धेरै इरानीहरूले अब आफ्नो आर्थिक निराशालाई प्रतिबन्ध लगाउने देशहरूतर्फ र कारखाना तथा महत्त्वपूर्ण पूर्वाधारहरू ध्वस्त पार्ने र दर्जनौं नागरिकहरूको ज्यान लिने आक्रमणहरूतर्फ मोडेका छन् ।

गोलमोराडीले भने, 'सबै कठिनाइ र समस्याहरूको बाबजुद पनि उनीहरूले यसबाट सिर्जना भएका आर्थिक दबाबहरू सहनमा उल्लेखनीय धैर्यता देखाएका छन् ।'

इरानी नेताहरूले भने सरकारविरुद्ध प्रदर्शन भएमा देशद्रोहको अपराध हुने र मृत्युदण्डको सजाय हुने भनेका छन् । जर्मनीको मार्बर्ग विश्वविद्यालयका मध्यपूर्वी अर्थशास्त्रका प्राध्यापक मोहम्मद फर्जादेगानले भने, 'उनीहरू पीडामा छन्, तर हिंस्रक प्रदर्शनमा सामेल भएर उनीहरूले आफैं र आफ्नो परिवारका लागि केही हासिल गर्न सक्छन् भन्ने उनीहरूलाई लाग्दैन ।'

### ट्रम्पको कडा प्रतिबन्धको चेतावनी

ट्रम्पले बुधबार सामाजिक सञ्जालमा इरानविरुद्ध अहिलेसम्मकै ठूलो आर्थिक कारबाही गर्ने घोषणा गरेका छन् । उनले इरानसँग व्यापार जारी राख्ने मुलुक र कम्पनीहरूमाथि पनि माध्यमिक प्रतिबन्ध लगाउने धम्की दिए । यसैबीच संयुक्त अरब इमिरेट्स (यूएई) ले तेहरानसँगको सबै व्यापार निलम्बन गर्ने घोषणा गरिसकेको छ । ट्रम्पले गत साता मात्र यूएईका नेता शेख मोहम्मद बिन जायेद अल नाहयानलाई फोन गरेका थिए ।

अमेरिकासँगको तनाव कायमै रहे पनि इरानी राष्ट्रपति मसुद पेजेस्कियनले युद्ध अन्त्य गर्न चाहेको बताएका छन् । उनले गत साता पत्रकारहरूलाई भनेका थिए, 'हामीलाई चिन्ता भनेको जनताको जीविकोपार्जन र उनीहरूको आर्थिक अवस्थाको हो र यसको सामना गर्न हामीले गर्न सक्ने सबै कुरा गरिरहेका छौं ।'

तर इरानको सत्तामा सबैभन्दा बलियो पकड भएको इस्लामिक रिभोल्युसनरी गार्ड कर्प्स (आईआरजीसी) को छ । इरानका शीर्ष नेताहरूको हत्या र इजरायली हवाई आक्रमणपछि आईआरजीसी थप बलियो बनेको छ । आईआरजीसीले हर्मुज जलमार्गमा इरानी नियन्त्रण र युद्धका लागि आर्थिक क्षतिपूर्ति लगायतका माग राखेको छ । युद्ध अन्त्य गर्ने सम्बन्धमा अमेरिकासँगको वार्ता अवरुद्ध भएपछि इरानका कट्टरपन्थीहरू अन्य मुलुकको तुलनामा लामो समयसम्म आर्थिक दबाब झेल्न सक्छ भन्ने विश्वास गर्छन् ।

इरानका सर्वोच्च नेता आयातोल्ला मोज्तबा खोमेनेईले यसै महिना इरानको शक्तिशाली सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को प्रमुखका रूपमा एक पूर्वक्रान्तिकारी गार्ड कमान्डरलाई नियुक्त गरेका छन् । जसलाई उनको कट्टरपन्थी दृष्टिकोणप्रतिको झुकावका रूपमा हेरिएको छ ।

ट्याक्सी चालकको भनाइमा अब केही न केही परिवर्तन हुनुपर्छ । सरकारी तथ्यांकले इरानको बेरोजगारी दर ९.१ प्रतिशत देखाएको छ, यद्यपि राज्य-सम्बद्ध सञ्चार माध्यमहरूले वास्तविक तथ्यांक सम्भवतः यसभन्दा कैयौं गुणा बढी भएको बताएका छन् । गत हप्ता एक श्रम मन्त्रालयका अधिकारीले युद्ध सुरु भएको मात्र तीन महिनामा मेको अन्त्यसम्ममा १० लाखभन्दा बढी रोजगारी गुमेको बताएका थिए । इरानका नेताहरू जनमतप्रति केही हदसम्म चिन्तित छन् भन्ने संकेत हिजाब नियमहरूमा गरिएको केही खुकुलोपन पनि देखाउँछ । जसको माग लामो समयदेखि हुँदै आएको थियो ।

ट्याक्सी चालक करिमीले भनेजस्तै इरानका नेताहरूले आफूले र अरूले महसुस गरिरहेका आर्थिक दबाबहरूलाई कम गर्न चाँडै केही कदम चाल्नुपर्नेछ । उनले भने, 'मानिसहरू यसरी बाँच्न सक्दैनन् । हामी केवल सास फेर्दै छौं, बाँचिरहेका छौं र एक दिनबाट अर्को दिन पुग्ने गर्ने प्रयास गर्दै छौं ।'

# बेइजिङमा 'ह्युमनोइड रोबोट' को भिडन्त...

उद्घाटनको पूर्वसन्ध्यामा भएको पूर्वाभ्यासका क्रममा चिनियाँ स्मार्टफोन निर्माता 'अनर्स' ले विकास गरेको 'लाइटनिङ' नामक ह्युमनोइड रोबोटले १०० मिटरको दूरी ९.३२ सेकेन्डमा पूरा गर्दै विश्व प्रसिद्ध धावक युसेन बोल्टको कीर्तिमान तोडेको छ । सन् २००९ मा बर्लिनमा आयोजित विश्व एथलेटिक्स च्याम्पियनसिपमा बोल्टले बनाएको ९.५८ सेकेन्डको विश्व कीर्तिमानलाई रोबोटले उछिनेको हो । प्रतिसेकेन्ड १४.५ मिटरको गतिमा कुदेको लाइटनिङ रोबोट १ मिटर ६९ सेन्टिमिटर अग्लो र खुट्टाको लम्बाइ १ मिटर ५ सेन्टिमिटर रहेको रोयटर्सले जनाएको छ ।

चीनको राजधानी बेइजिङस्थित प्रसिद्ध 'नेसनल स्केटिङ ओभल' मा जारी यो पाँचदिने प्रतियोगिताले रोबोटिक्सको क्षेत्रमा नयाँ मानक स्थापना गरेको छ । चिनियाँ समाचार संस्था 'ग्लोबल टाइम्स' को रिपोर्टअनुसार यस वर्ष विश्वभरबाट ६६६ टोलीका २ हजार ५६ भन्दा बढी रोबोटले कुल ५१ वटा प्रतिस्पर्धात्मक खेल र व्यावहारिक विधामा भाग लिइरहेका छन् । यो संख्या गत वर्षको पहिलो संस्करणको तुलनामा टोलीको संख्यामा १३८ प्रतिशत र रोबोटको संख्यामा झन्डै चार गुणा बढी हो ।

उद्घाटन सत्रअघि रातो गलबन्दी पहिरिएर रनिङ ट्र्याकमा लामबद्ध उभिएका 'ग्यालबोट' मोडलका दर्जनौं ह्युमनोइड रोबोटको तस्बिर रोयटर्सले शनिबार प्रकाशित गरेको थियो । 'ग्लोबल टाइम्स' को तस्बिरमा भने उद्घाटन समारोहका लागि रातो र चाँदी रङका वस्त्र लगाएका ह्युमनोइड रोबोटले चिनियाँ परम्परागत ड्रम बजाएर प्रदर्शन गरेको देखिन्छ ।

यस पटक मानिसले रिमोट कन्ट्रोलबाट रोबोटलाई मार्गनिर्देश गर्न नपाउने नियमका कारण रोबोटहरू लड्ने र ठोक्किने रोचक दृश्य पनि सामाजिक सञ्जालमा आउन थालेका छन् । चर्चित बेलायती डिजिटल वेबसाइट 'म्यासेबल' की सहसम्पादक अमान्डा यिओले आफ्नो रिपोर्टमा उल्लेख गरेअनुसार, रिमोट कन्ट्रोलबिना आफैं दौडिने प्रयास गर्दा ट्र्याकमा तीव्र गतिमा दौडिरहेको एउटा रोबोट नियन्त्रण गुमाएर नीलो रङको भित्तामा ठोक्किँदा कम्मर भाँच्चिएर भुइँमा पछारिएको थियो । रोबोटिक्स विश्लेषकहरूका अनुसार छिटो दौडिनु मात्र ठूलो कुरा होइन, कहाँ र कसरी सुरक्षित रूपमा रोकिने र गति नियन्त्रण गर्ने भन्ने कुरा नै रोबोटको वास्तविक कृत्रिम बुद्धिमता (एआई) हो ।

यस भव्य खेलकुद महोत्सव सुरु हुनुअघि बेइजिङको 'ई-टाउन' मा अगस्ट १९ देखि २३ सम्म 'विश्व रोबोट सम्मेलन २०२६' आयोजना गरिएको थियो । उक्त सम्मेलनले विश्वभरका रोबोटिक्स क्षेत्रका हस्तीलाई एउटै थलोमा उभ्याएको थियो । त्यहाँ ३ सयभन्दा बढी कम्पनीले आफ्ना २ हजारभन्दा बढी अत्याधुनिक उत्पादन प्रदर्शनीमा राखेका थिए । ग्लोबल टाइम्सका अनुसार सम्मेलनमा पहिलो पटक सार्वजनिक गरिएका १५० भन्दा बढी नयाँ प्रविधि प्रदर्शनमा राखिएका थिए ।

सम्मेलनमा सार्वजनिक गरिएको प्रतिवेदनले सन् २०२६ को पहिलो ६ महिनामा मात्रै चीनले ४० हजारभन्दा बढी ह्युमनोइड रोबोट विश्व बजारमा निर्यात गरेको र यस विधामा चीनको हिस्सा ९७ प्रतिशत पुगेको देखाएको छ । यसै रोबोटिक्स सम्मेलनमा सहभागिता जनाउन नेपालबाट रोबोटिक्स एसोसिएसन अफ नेपाल (र्‍यान) का अध्यक्ष र इन्टरनेसनल अलायन्स अफ रोबोटिक्स एसोसिएसनका उपसचिवसमेत रहेका विकास गुरुङ बेइजिङमा छन् । उनले चीनका ह्युमनोइड रोबोटको ठूलो इकोसिस्टमलाई नजिकबाट नियाल्ने र अनुभव गर्ने अवसर पाएको जानकारी दिए । 'यो विधामा चीन अहिले विश्वमै अग्रणी छ, यहाँ आवश्यक पर्ने मोटर, सेन्सर र रोबोटिक हातका पार्टपुर्जाहरू सबै एउटै थलोमा उत्पादन हुने भएकाले चीनसँग यसको पूर्ण आपूर्ति शृंखला छ,' गुरुङले भने, 'हाम्रो जस्तो विकासोन्मुख देशमा रोबोटिक्स प्रविधि भित्र्याउनुभन्दा पहिले स्थानीय प्राविधिकलाई तालिम दिनु महत्त्वपूर्ण हुन्छ । हामीसँग दक्ष जनशक्ति भएन भने बाहिरबाट रोबोट मात्र ल्याएर काम चल्दैन । नेपालमा मनोरञ्जन, शिक्षा र पर्यटन क्षेत्रमा रोबोटको प्रयोग तुरुन्तै सुरु गर्न सकिन्छ ।'

नेपालमा हालसम्म निर्माण भएका वा प्रयोगमा ल्याइएका रोबोटहरू विशेषगरी सफ्टवेयर बेस्ड वा सामान्य एनिमेटेड मात्र छन् । भौतिक रूपमा जटिल काम गर्ने र मानवजस्तै पूर्ण स्वायत्त क्षमता भएका ह्युमनोइड रोबोट निर्माण र यसको सञ्चालनको क्षेत्रमा नेपाल प्रारम्भिक चरणमा छ । देशमा रोबोटिक्स प्रविधिको विकास र जनशक्ति उत्पादनका लागि केही प्राविधिक कलेज र निजीस्तरबाट प्रयास भइरहे पनि यसलाई व्यावसायिक र औद्योगिक रूपमा स्थापित गर्न सकिएको छैन ।

कम्प्युटर एसोसिएसन नेपाल महासंघ (क्यान) का महासचिव चन्द्रविलास भुर्तेलले पनि नेपालमा हालसम्म अन्तर्राष्ट्रियस्तरको 'फिनिसिङ' भएका ह्युमनोइड रोबट निर्माण नभए पनि आवश्यकताका आधारमा 'इन्डस्ट्रियल अटोमेसन' का लागि केही रोबोट बनाउने काम भइरहेको छ । 'कारखानाहरूमा ग्रेडिङ र सर्टिङ गर्ने र सामानहरू एक ठाउँबाट अर्को ठाउँमा सार्नेजस्ता कार्यमा मानवीय सहायताबिना चल्ने रोबोट प्रयोगमा छन्,' उनले भने, 'तर, घरायसी जीवनलाई सहज बनाउने वा मानवजस्तै हिँड्ने र काम गर्ने स्वचालित रोबोट न बन्न सकेका छन् न प्रयोगमा छन् ।'

छिमेकी देशहरूमा सस्तो श्रम, सरकारी प्रोत्साहन र ठूलो परिमाणमा उत्पादन (मास प्रोडक्सन) हुने भएकाले नेपाल हाललाई रोबोटको उपभोक्ताकै रूपमा रहनुपर्ने बाध्यात्मक परिस्थिति रहेको भुर्तेलको बुझाइ छ । नेपालको अप्ठ्यारो भौगोलिक बनोट, ग्रामीण ढुवानीका समस्या र प्राकृतिक विपद् व्यवस्थापनमा रोबोट तथा ड्रोन प्रविधि प्रयोग गर्न सकिने उनले बताए । 'कच्चा पदार्थ आयात गर्दा सरकारले कर लगाइदिन्छ र सामान बनाएर निर्यात गर्न खोज्दा पनि कर लाग्छ, यसले गर्दा रोबोटिक्सको प्रोडक्सन लागत एकदमै महँगो परिराखेको छ,' भुर्तेलले भने, 'युवा र स्टार्टअपहरूमा रोबोटिक्सप्रति उत्साह र नवीन सोच भए पनि उनीहरूलाई भेन्चर क्यापिटलमार्फत अगाडि बढाउने व्यवस्थित संयन्त्र छैन ।'

नेपालका जटिल पहाडी भूभाग, माउन्टेन टुरिजम र सांस्कृतिक सम्पदास्थलहरूमा अनुगमन तथा सुरक्षाका लागि विशेष प्रकारका रोबोट प्रयोग गर्न सकिन्छ कि भनेर आफूले चिनियाँ कम्पनीहरूसँग छलफल अगाडि बढाएको गुरुङले बताए । 'हाम्रो सरकारले रोबोटिक्स प्रविधिको महत्त्व र यो क्षेत्रलाई अहिलेसम्म राम्ररी बुझिसकेको अवस्था छैन,' उनले भने, 'तर, हामीले सन् २०४५ सम्ममा नेपालमा बौद्धिक रोबोटिक्स उद्योग स्थापना गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएका छौं र त्यसैका लागि आवश्यक पर्ने प्राविधिक समझदारी बनाइरहेका छौं ।'

उनका अनुसार दक्षिण एसियाली देशहरूबाट रोबोटिक्सका अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता निकै कम छ । ह्युमनोइड रोबोटको विकास यात्रामा चीन भने निकै आक्रामक देखिन्छ । अहिले जारी प्रतियोगितालाई 'रोबोट ओलम्पिक्स' पनि भन्न थालिएको छ । यसमा चीनले अधिकांश पदकहरू जित्ने निश्चितप्रायः छ । सन् १९९९ देखि २०१४ को अवधिमा चीनमा रोबोट प्रतियोगिता मुख्यतया कलेजका विद्यार्थी र सौखिन समूहहरूको सानो बजेटको प्रतिस्पर्धाका रूपमा सीमित थिए । तर, सन् २०१५ मा बेइजिङले पहिलो पटक विश्व रोबोट सम्मेलन आयोजना गरेपछि यो क्षेत्रले राष्ट्रिय प्राथमिकता पाउन थालेको हो ।

राष्ट्रपति सी चिनफिङले रोबोटिक्सलाई आधुनिक उत्पादन क्षेत्रको 'क्राउन ज्वेल' भनी घोषणा गरेपछि त यसमा सरकारी लगानी र रणनीतिक सहयोग पनि तीव्र रूपमा बढेको छ । त्यसैको परिणामस्वरूप आज चीन रोबोटिक खेल प्रदर्शनमा मात्र सीमित नरहेर दैनिक जीवन, होटल, अस्पताल, कलकारखाना, लजिस्टिक्सदेखि युद्धमा प्रयोग हुने व्यावसायिक ह्युमनोइड रोबोट उत्पादनमा विश्वकै अग्रणी शक्तिका रूपमा उदाइरहेको छ ।

(एजेन्सीको सहयोगमा)


**हार्दिक श्रद्धाञ्जली**



**स्व. प्रा. शीला प्रधान**

**जन्म मिति :** वि.सं. २००८/०७/२०

**स्वर्गारोहण मिति :** वि.सं. २०८२/०५/१९

मेरी स्मरणीय बुहारी **शीला प्रधान**को स्वर्गारोहण भएको आज वार्षिकीको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

साथै, हार्दिक सम्झना व्यक्त गर्नुहुने सम्पूर्ण कुलकुटुम्ब/इष्टमित्र/छरछिमेकी तथा आफन्तहरुमा हृदयदेखि आभार व्यक्त गर्दछु ।

**श्रीमती नानीबाबा प्रधान**
**तथा समस्त परिवार**


## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** विविध कुराले गर्दा व्यस्त भइनेछ । समसामयिक कुरामा जोड दिइनेछ । समयानुकूल रहन खोजिनेछ ।

**वृष** सबै कुरा आफू अनुकूल नहुन सक्छ । कुनै कुनै कुराले अलमल्याउन सक्छ । आफ्नै सुझबुझले काम गर्नुपर्ने बेला छ ।

**मिथुन** आफ्नो कार्यक्षेत्रमा समय दिइनेछ । विभिन्न माध्यमबाट काममा सहयोग पुग्नेछ । समग्रमा दिन राम्रै रहनेछ ।

**कर्कट** मनमा भएको बोझ हटेर जानेछ । समयले साथ दिँदै जानेछ । काम गर्दा जुनै काम पनि सहज लाग्नेछ ।

**सिंह** घरमा कसैको आगमन हुन सक्छ । कुनै कुराले गर्दा काममा अलमल हुन सक्छ । अत्यावश्यक कामकुरामा जोड दिनुपर्ने बेला छ ।

**कन्या** कुनै कुराले मनमा भ्रम उत्पन्न हुन सक्छ । सबै कुरामा अद्यावधिक हुने प्रयत्न गरिनेछ । काम गर्दा सजग रहनुपर्ने बेला छ ।

**तुला** कुनै कुराले मन उत्साहित रहनेछ । व्यक्तिगत काममा सफल भइनेछ । आफ्नो अनुकूलता विचार्दै काम गर्न खोजिनेछ ।

**वृश्चिक** कतैबाट कुनै कामको प्रस्ताव आउन सक्छ । आफ्नो अनुकूलताबारे सोचिनेछ । आर्थिक पक्षबारे पनि सजग हुँदै काम गर्ने प्रयत्न हुन सक्छ ।

**धनु** व्यक्तिगत काममा सफल भइनेछ । आर्थिक पक्ष सुदृढ रहनेछ । आफूले आफैंलाई समय दिन पाइनेछ ।

**मकर** काम गर्दा अपजस आइलाग्न सक्छ । आफ्नो कार्यक्षेत्रमा सक्रिय रहनुपर्नेछ । जसरी पनि आफ्नो काम सक्न लागिपरिनेछ ।

**कुम्भ** समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गरिनेछ । कुनै कामले कतै निस्कनुपर्नेछ । क्रमशः सबै कुरा मिल्दै जानेछन् ।

**मीन** मन उत्साहित बन्दा काममा सहजता हुनेछ । आर्थिक क्रियाकलापका काममा संलग्न रहनुपर्ला । कुनै कुराले मन ढुक्क रहला ।

**विदेशी मूद्रा**

| | |
|---|---|
| अमेरिकी डलर | १५३.४२ |
| युरो | १७९.५३ |
| पाउन्ड स्टर्लिङ | २०९.५५ |
| अस्ट्रेलियन डलर | १०९.८९ |
| कतारी रियाल | ४२.०९ |

राष्ट्र बैंकको आधारमा

सुन रू. ३,१९,५००

चाँदी रू. ४,९७५

# वनस्पति तेलले धानेको निर्यात, व्यापार घाटाको खाडल उस्तै

### साउनमा २ खर्ब २६ अर्ब १४ करोड ७७ लाख रुपैयाँको कुल वैदेशिक व्यापार, आयात २ खर्बभन्दा कम, निर्यात ६२ प्रतिशतले वृद्धि

**सीमा तामाङ** (काठमाडौं)



पछिल्ला चार महिनादेखि लगातार दुई खर्ब रुपैयाँभन्दा बढी रहँदै आएको नेपालको मासिक वस्तु आयात चालु आर्थिक वर्षको पहिलो महिना साउनमा भने दुई खर्ब रुपैयाँभन्दा तल झरेको छ। गत चैतदेखि असारसम्म हरेक महिना दुई खर्ब रुपैयाँभन्दा बढीको वस्तु आयात भएकामा साउनमा १ खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख रुपैयाँको वस्तु आएको हो।

चैतमा २ खर्ब १ अर्ब, वैशाखमा २ खर्ब २ अर्ब, जेठमा २ खर्ब १ अर्ब र असारमा २ खर्ब १ अर्ब रुपैयाँको वस्तु आयात भएको थियो। साउनमा भने अघिल्लो महिनाको तुलनामा आयात करिब १३ अर्ब रुपैयाँले घटेको भन्सार विभागको तथ्यांक छ।

आयात घटे पनि साउनमा नेपालको कुल वैदेशिक व्यापार २ खर्ब २६ अर्ब १४ करोड ७७ लाख रुपैयाँ पुगेको छ। कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८२.८९ र निर्यातको हिस्सा १७.११ प्रतिशत रहेको विभागले जनाएको छ। साउनमा आयात २ खर्ब रुपैयाँभन्दा तल झरे पनि गत आर्थिक वर्षको सोही महिनाको तुलनामा भने आयात ३१.०४ प्रतिशतले बढेको छ।

गत वर्षको साउनमा १ खर्ब ४३ अर्ब ४ करोड ६ लाख रुपैयाँको वस्तु आयात भएको थियो। चालु आर्थिक वर्षको साउनमा यस्तो आयात बढेर १ खर्ब ८७ अर्ब ४४ करोड ३६ लाख रुपैयाँ पुगेको हो। गत साउनको तुलनामा यस वर्षको साउनमा आयात करिब ४४ अर्ब रुपैयाँले बढेको छ।

निर्यातमा भने उल्लेख्य सुधार देखिएको छ। साउनमा नेपालबाट ३८ अर्ब ७० करोड ४१ लाख ४६ हजार रुपैयाँको वस्तु निर्यात भएको छ। गत आर्थिक वर्षको साउनमा यस्तो निर्यात २३ अर्ब ९३ करोड २४ लाख रुपैयाँमा सीमित थियो। गत साउनको तुलनामा यस पटक निर्यात ६१.७४ प्रतिशतले बढेको हो। पछिल्ला चार महिनामा भने निर्यातमा उतारचढाव देखिएको छ। चैतमा ३१ अर्ब ८२ करोड, वैशाखमा २६ अर्ब २ करोड, जेठमा २९ अर्ब र असारमा ३७ अर्ब ३२ करोड रुपैयाँको वस्तु निर्यात भएको थियो।

चालु आर्थिक वर्षको साउनमा १ खर्ब ८७ अर्ब ४४ करोड रुपैयाँको वस्तु आयात हुँदा निर्यात भने ३८ अर्ब ७० करोड रुपैयाँमा सीमित भएको छ। यसले एक महिनामै १ खर्ब ४८ अर्ब ७३ करोड ९५ लाख रुपैयाँको व्यापार घाटा देखाएको छ। निर्यातमा ६१ प्रतिशतभन्दा बढीको उत्साहजनक वृद्धि भए पनि आयातको तुलनामा निर्यातको आकार अझै निकै सानो छ। साउनको तथ्यांकले पनि व्यापार संरचनामा आयातको उच्च निर्भरता कायमै रहेको देखाएको सरकारका पूर्ववाणिज्य सहसचिव रविशंकर सैंजु बताउँछन्।

पहिलो महिनामै देखिएको उच्च व्यापार घाटा चिन्ताजनक रहेको भन्दै उनले यही रफ्तारमा व्यापार घाटा बढ्दै गए चालु आर्थिक वर्षमा घाटा १७/१८ खर्ब रुपैयाँसम्म पुग्न सक्ने अनुमान गरे।

'जुन रफ्तारमा आयात बढिरहेको छ, त्यसलाई घटाउन उत्पादन बढाई निर्यात गर्नुको विकल्प छैन। यो हाम्रो लागि जोखिम संघारमा रहेको (अलार्मिङ सिचुएसन) संकेत हो। अब आन्तरिक उत्पादन र निर्यातमा जोड दिनुपर्छ,' सैंजुले भने। नेपालले कच्चा पदार्थ आयात गरी प्रशोधन गरेर निर्यात गर्नुपर्नेमा तयारी वस्तुको आयातमा बढी निर्भर हुँदा व्यापार घाटा बढिरहेको उनको भनाइ छ।

साउनको निर्यात वृद्धिमा प्रशोधित वनस्पति तेलको ठूलो योगदान देखिएको छ। एक महिनामै १७ अर्ब ९९ करोड ३४ लाख रुपैयाँको प्रशोधित भटमासको तेल निर्यात भएको विभागको तथ्यांक छ। १ अर्ब २९ करोड २९ लाख रुपैयाँको पाम तेल र १ अर्ब २० करोड ७५ लाख रुपैयाँको सनफ्लावर तेल निर्यात भएको छ। यसले साउनको निर्यात वृद्धिमा सीमित प्रशोधित वस्तुको ठूलो योगदान रहेको देखाउँछ। निर्यातमा तेलको हिस्सा मात्रै ५५ प्रतिशतभन्दा बढी रहेको सैंजुले बताए।

साउनमा नेपालले सबैभन्दा धेरै वस्तु भारतबाट आयात गरेको छ। भारतबाट मात्रै १ खर्ब २ अर्ब ४५ करोड १३ लाख रुपैयाँको वस्तु आयात भएको छ। चीनबाट ३१ अर्ब ७४ करोड ६१ लाख रुपैयाँको वस्तु आयात भएको छ। अर्जेन्टिनाबाट १३ अर्ब ८५ करोड २९ लाख, साउदी अरबबाट ४ अर्ब ९८ करोड ७३ लाख, रुसबाट ४ अर्ब १३ करोड १३ लाख, अमेरिकाबाट ३ अर्ब ३४ करोड, ओमानबाट २ अर्ब ८५ करोड र अस्ट्रेलियाबाट २ अर्ब ५१ करोड रुपैयाँको वस्तु आएको विभागको तथ्यांक छ।

भारत र चीनबाट मात्रै साउनमा १ खर्ब ३४ अर्ब १९ करोड ७४ लाख रुपैयाँको वस्तु आयात भएको छ। यसले नेपालको आयात व्यापार मुख्यतः दुई छिमेकी मुलुकमा केन्द्रित रहेको देखाउँछ। निर्याततर्फ पनि नेपालको सबैभन्दा ठूलो बजार भारत नै छ। साउनमा भारततर्फ ३३ अर्ब २६ करोड ३६ लाख रुपैयाँको वस्तु निर्यात भएको छ। यो कुल निर्यातको करिब ८६ प्रतिशत हो। दीर्घकालीन रूपमा निर्यातलाई दिगो बनाउन वस्तु तथा बजार दुवैको विविधीकरण आवश्यक रहेको उनको भनाइ छ।

'हामी आयातमा निर्भर भइरहेका छौं। आयात र निर्यात दुवैमा भारतसँग निर्भर भयौं। छिमेकी चीनसँग पनि निर्यात गर्न सकेनौं। अन्य बजार पनि हामीले एक्सप्लोर गर्न सकेका छैनौं,' उनले भने। भारतले विभिन्न देशसँग स्वतन्त्र व्यापार सम्झौता (फ्री ट्रेड एग्रिमेन्ट) गर्दै गए पनि नेपालले नयाँ बजार विस्तार र व्यापार सम्झौताका विषयमा पर्याप्त ध्यान दिन नसकेको सैंजुले बताए। नेपालले पनि नयाँ-नयाँ देशसँग व्यापार सम्झौता गरी नेपाली वस्तुका लागि बजार विस्तार गर्नुपर्ने उनको भनाइ छ।

अमेरिकातर्फ २ अर्ब १८ करोड ६३ लाख रुपैयाँको वस्तु निर्यात भएको छ। जर्मनीतर्फ ४१ करोड ४ लाख, बेलायततर्फ ३४ करोड ७९ लाख, जापानतर्फ २६ करोड ७७ लाख, अस्ट्रेलियातर्फ २५ करोड ५८ लाख, यूएईतर्फ २४ करोड ९१ लाख र चीनतर्फ २१ करोड २६ लाख रुपैयाँको वस्तु निर्यात भएको छ। निर्यातमा पनि भारतको हिस्सा अत्यधिक ठूलो रहेकाले नेपालको बाह्य व्यापारमा बजार विविधीकरणमा जोड दिनुपर्ने सैंजुको भनाइ छ।

साउनमा सबैभन्दा बढी आयात हुने वस्तुमा कच्चा भटमासको तेल छ। एक महिनामा १८ अर्ब ४० करोड ४२ लाख रुपैयाँको कच्चा भटमासको तेल आयात भएको छ। त्यसपछि १३ अर्ब ८५ करोड ४५ लाख रुपैयाँको डिजेल र ८ अर्ब ४६ करोड ९२ लाख रुपैयाँको खाना पकाउने ग्यास आयात भएको छ। ७ अर्ब ८६ करोड ९३ लाख रुपैयाँको डाइमोनियम हाइड्रोजन फस्फेट, ६ अर्ब ८८ करोड २४ लाख रुपैयाँको पेट्रोल तथा ४ अर्ब ६१ करोड ५५ लाख रुपैयाँको फलाम तथा फलामका सामग्री आयात भएको विभागले जनाएको छ।

यसैगरी ४ अर्ब ३९ करोड २१ लाख रुपैयाँको फर्टिलाइजर ग्रेड, ३ अर्ब ८७ करोड ७८ लाख रुपैयाँको स्मार्टफोन र ३ अर्ब ५७ करोड ६२ लाख रुपैयाँको कच्चा सनफ्लावर तेल आयात भएको छ। आयातको ठूलो हिस्सा इन्धन, वनस्पति तेलका कच्चापदार्थ र उपभोग्य वस्तुमा केन्द्रित रहेकाले तत्कालै आयात घटाउनुभन्दा आन्तरिक उत्पादन विस्तार गरेर आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नुपर्ने सैंजुको भनाइ छ।

नेपाल अझै परम्परागत निर्यातमै सीमित रहेको भन्दै सैंजुले निर्यात सहजीकरणमा सरकारले पर्याप्त ध्यान नदिएको आरोप लगाए। 'सरकारको निर्यात सहजीकरणमा ध्यान नै गएन। भन्सार विन्दुमा राजस्व उठाउन मात्रै सरकार केन्द्रित भएको देखिन्छ,' उनले भने।

आयात-निर्यातको संरचनामा अहिले नै सुधार गर्न नसके आगामी दिनमा समस्या थप जटिल बन्न सक्ने उनको भनाइ छ। आन्तरिक उत्पादन बढाउने, निर्यातयोग्य वस्तुको विविधीकरण गर्ने र नयाँ अन्तर्राष्ट्रिय बजार खोज्ने काममा सरकारले प्राथमिकता दिनुपर्ने उनले बताए।

भन्सार दरमा हुन सक्ने परिवर्तनको अनुमानले पनि यस पटक आयातमा केही असर परेको हुन सक्ने सैंजुले जनाए। व्यवसायीले भन्सार दर बढ्न सक्ने अनुमानमा पहिल्यै सामान अर्डर गरेकाले त्यसको प्रभाव पछिल्लो आयात तथ्यांकमा देखिएको हुन सक्छ। तर साउनमा देखिएको आयातको कमीलाई दीर्घकालीन प्रवृत्तिका रूपमा लिन नहुने उनको अनुमान छ। भदौदेखि आयात पुनः बढ्न सक्ने उनको भनाइ छ।

**कुन देशबाट कतिको आयात ?**

| | |
|---|---|
| भारत | १ खर्ब २ अर्ब ४५ करोड १३ लाख |
| चीन | ३१ अर्ब ७४ करोड ६१ लाख |
| अर्जेन्टिना | १३ अर्ब ८५ करोड २९ लाख |
| साउदी अरब | ४ अर्ब ९८ करोड ७३ लाख |
| रुस | ४ अर्ब १३ करोड १३ लाख |
| अमेरिका | ३ अर्ब ३४ करोड |
| ओमान | २ अर्ब ८५ करोड |
| अस्ट्रेलिया | २ अर्ब ५१ करोड |

**कुन देशमा कतिको निर्यात ?**

| | |
|---|---|
| भारत | ३३ अर्ब २६ करोड ३६ लाख |
| अमेरिका | २ अर्ब १८ करोड ६३ लाख |
| जर्मनी | ४१ करोड ४ लाख |
| बेलायत | ३४ करोड ७९ लाख |
| जापान | २६ करोड ७७ लाख |
| अस्ट्रेलिया | २५ करोड ५८ लाख |
| यूएई | २४ करोड ९१ लाख |
| चीन | २१ करोड २६ लाख |

साउनमा आयात २ खर्ब रुपैयाँभन्दा तल झरे पनि वार्षिक आधारमा ३१ प्रतिशतको वृद्धि र एकै महिनामा करिब १ खर्ब ४९ अर्ब रुपैयाँको व्यापार घाटाले नेपालको बाह्य व्यापारमा रहेको संरचनागत चुनौती कायमै रहेको देखाएको छ। निर्यातमा देखिएको ६२ प्रतिशतको वृद्धि सकारात्मक भए पनि त्यसको ठूलो हिस्सा सीमित वस्तुमा निर्भर रहेकाले दीर्घकालीन सुधारका लागि उत्पादन र निर्यातको आधार फराकिलो बनाउनुपर्ने उनीहरू बताउँछन्।

वनस्पति तेलकै कारण निर्यात बढ्ने हो भने अर्थतन्त्रमा खासै प्रभाव नपर्ने अर्थविद् पोषराज पाण्डेले जनाए। 'हाम्रो आन्तरिक उत्पादनको निर्यात बढाउनुपर्छ अनि मात्रै हाम्रो व्यापार देखिने हो,' उनले भने। कच्चापदार्थ आयात गरेर प्रशोधन गरी निर्यात गर्दा आन्तरिक मूल्य अभिवृद्धि बढाउन सके पनि नेपालको आफ्नै वस्तुको निर्यात भने खासै नबढ्ने भएकाले अर्थतन्त्रमा ठूलो योगदान नपुग्ने पाण्डेको भनाइ छ।

# नाडाको प्राथमिकतामा स्वदेशी उत्पादन

### विद्युतीय सवारीदेखि हेलमेट उत्पादकसम्म



फाइल तस्बिर

**सुरज कुँवर** (काठमाडौं)

काठमाडौंको प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा मंगलबारदेखि १८औं संस्करणको नाडा अटो शो सञ्चालन हुँदै छ। यो शोमा आन्तरिक उत्पादनले प्राथमिकता पाउने भएको छ। नाडाले आफ्नो स्वर्ण जयन्ती संस्करणका रूपमा रहने 'मेड इन नेपाल/मेड फर नेपाल' प्याभिलियनमा नेपालभित्रै उत्पादन वा एसेम्बल गरिएका सवारीसाधन र अटोमोबाइल सामग्री प्रदर्शन गरिने भएको छ।

करिब आठ नेपाली उत्पादक सहभागी हुनेछन्, जसमा विद्युतीय मोटरसाइकल, अटोमोटिभ ब्याट्री, ल्युब्रिकेन्ट र हेलमेट उत्पादक पर्छन्। यसअन्तर्गत यात्री, एसियन ब्याट्रिज, कोहिनूर प्लास्टिक इन्डस्ट्रिज, नेपाल ल्युब आयल र पूर्वाञ्चल ल्युब आयल रहेका आयोजक समितिले जनाएको छ।

नेपालमा सवारीसाधनको महत्त्वपूर्ण प्रदर्शनीका रूपमा स्थापित शोमा ५३ सवारीका ब्रान्डले सहभागिता जनाउँदै छन्। यसमा २३ प्यासेन्जर कार, १७ लाइट कमर्सियल भेहिकल र १३ दुईपांग्रे प्रदर्शनमा राखिएको आयोजक नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) ले जनाएको छ।

नाडाको स्वर्णजयन्ती वर्षमा हुन लागेको यस पटकको अटो शोमा सवारीसाधनसँगै नेपालमा विकास भइरहेको अटोमोबाइल उद्योग र यससँग जोडिएका सम्भावनालाई देखाउने तयारी गरिएको आयोजकको भनाइ छ।

नाडाले यस पटक अटो शोको मूल सन्देश 'उद्योगदेखि रोजगारसम्म' तय गरेको छ। नेपालमा एसेम्बल भइरहेका सवारीसाधन, नेपालमै बन्न थालेका उत्पादन तथा तिनमा आधारित सहायक उद्योग र कम्पोनेन्टलाई प्रदर्शनीमा प्राथमिकता दिइएको नाडाका अध्यक्ष सुरेन्द्रकुमार उप्रेतीले बताए। ९ देखि १४ भदौसम्म हुने अटो शोमा २ सयभन्दा बढी स्टल रहनेछन्। सवारीसाधनतर्फ ५३ ब्रान्ड सहभागी हुने जनाइएको छ। सीमित ठाउँमा सकेसम्म धेरै ब्रान्ड र अटोमोबाइल क्षेत्रसँग सम्बन्धित व्यवसायलाई समेट्ने प्रयास गरिएको अटो शो संयोजक अनुपकुमार बरालको भनाइ छ।

**अटो शोमा सवारीसाधन बिक्रीलाई मात्र केन्द्रमा नराखी अटोमोबाइल क्षेत्रसँग जोडिएका विभिन्न व्यवसाय र उत्पादनलाई एउटै ठाउँमा देखाउन खोज्दै नाडा**

**५३ ब्रान्डका सवारी प्रदर्शनमा राखिँदै, दुई सयभन्दा बढी स्टल**

'नाडाले गाडीको प्रदर्शनी मात्र गर्दैन, सवारीसाधन बिक्रीपछिको सेवा र यससँगै कम्पोनेन्ट र अटोमोबाइलको सम्पूर्ण इकोसिस्टम देखाउने हाम्रो प्रयास हुनेछ,' बरालले भने। यस पटक अटोमोबाइल कम्पोनेन्ट, पार्टपुर्जा, लुब्रिकेन्ट, टायर, ग्यारेज इक्विपमेन्ट लगायत उत्पादन पनि प्रदर्शनीमा रहनेछन्। कम्पोनेन्टतर्फ मात्रै करिब ७० वटा उत्पादन तथा कम्पनी सहभागी हुने आयोजकले जनाएको छ।

'यसपालिको अटो शोको म्यासेज उद्योगदेखि रोजगारसम्म हो। नेपालमा एसेम्बलिङ भएका सवारीसाधन, नेपालमै बनेका सवारीसाधन र त्यसलाई आधार मानेर खुलेका एन्सिलरी उद्योग तथा कम्पोनेन्ट पार्टलाई हामीले देखाउन खोजेका छौं,' उप्रेतीले आइतबार कान्तिपुर मिडिया ग्रुपले आयोजना गरेको राउन्ड टेबलमा भने। उनका अनुसार सरकारले दीर्घकालीन नीति बनाउने हो भने नेपालले आगामी १० वर्षमा सवारीसाधन उत्पादन गर्न सक्ने आधार तयार गर्न सक्छ। अहिले नै नेपाली इन्जिनियर तथा प्राविधिकले अनुसन्धान तथा विकासमा काम गरिरहेको र केही उत्पादन नेपालमै हुन थालेको उनले बताए।

अटो शोमा यस पटक 'मेड इन नेपाल' लाई विशेष रूपमा देखाउने तयारी छ। त्यसका लागि नेपाल पेभिलियन बनाइएको छ। नेपालमै ब्याट्री र लुब्रिकेन्ट उत्पादन भइरहेको तथा क्लच वायर उत्पादन सुरु भएको आयोजक नाडाले जनाएको छ। दुईपांग्रे सवारीसाधनका लागि आवश्यक हेल्मेट पनि नेपालमै उत्पादन भइरहेको छ। 'ब्याट्री नभई गाडी गुड्दैन, ब्याट्री नेपालमै बनेको छ। लुब्रिकेन्ट चाहिन्छ नै। त्यो पनि नेपालमा बनेको छ। क्लच वायरहरू नेपालमा बन्न सुरु भइसकेका छन्,' बरालले भने।

पूर्ण रूपमा नेपालमै बनेका उत्पादन करिब १५ देखि २० को हाराहारीमा प्रदर्शनीमा आउनेछन्। **बाँकी पृष्ठ ८**

## REQUEST FOR PROPOSAL (RFP)

**Invitation for Proposals for Installation, Operation, Maintenance & Marketing of $CO_2$ Recovery Plant**

**Himalayan Distillery Limited (HDL),** a leading liquor manufacturing company, operates an Extra Neutral Alcohol (ENA) distillation plant at its factory premises, during which a significant quantity of Carbon Dioxide ($CO_2$) gas is generated. To recover the $CO_2$ gas thus generated, HDL invites proposals from interested parties for the installation, operation, maintenance and marketing of a Carbon Dioxide ($CO_2$) Recovery Plant at its factory premises. The plant will recover, purify, and liquefy $CO_2$ generated during the Extra Neutral Alcohol (ENA) distillation process into food grade $CO_2$.

**Eligibility:** Interested parties who have proven experience in the manufacturing of oxygen, carbon dioxide, or similar industrial/food grade gases/plants will be preferred.

**Scope of Work The selected party shall be responsible for:**

- Design, supply, installation, and commissioning of the $CO_2$ recovery plant
- Complete operational and routine/preventative maintenance management
- Marketing, sales, and distribution of the recovered $CO_2$
- All related capital investment as well as operational costs

**Site Visit:** Interested parties are advised to visit the factory site at Birgunj-21, Parsa to assess the existing facilities, $CO_2$ generation potential, available space, and other site-specific conditions before submitting any proposals.

**Submission Requirements:** Proposals must include:-

1. Details of technical capability, proposed plant capacity and technology, implementation timeline, space and utilities requirement, minimum contract period, experience and safety/environmental compliance measures, if any.
2. Commercial terms, proposed payment structure to HDL, and any other financial conditions.
3. Company/ Firm Registration Certificate, PAN/VAT Certificate, latest Tax Clearance Certificate, relevant regulatory authorizations and the latest profiles of key management personnel/owners.

**Submission Deadline:** Interested parties are requested to submit their proposals in a sealed envelope marking 'Proposal for $CO_2$ Recovery Plant', no later than 30th August 2026 to the following address:

**Himalayan Distillery Ltd.**
113/25, Uttar Bagaicha Marg, Jawalakhel, Lalitpur
Phone No.: 01 - 5422269/ 5427465
Email: info@himalayandistillery.com

**Note:** *HDL reserves the right to accept or reject any or all proposals without assigning any reason whatsoever.*

कान्तिपुर पब्लिकेशन्स् लिमिटेड

KMG

## पत्रिकाको मूल्य संशोधनसम्बन्धी सूचना

आदरणीय पाठकवृन्द, ग्राहक महानुभाव तथा शुभेच्छुकहरू,

कान्तिपुर पब्लिकेशन्स् लिमिटेड विगत तीन दशकदेखि यहाँहरूको अटूट विश्वास र साथका कारण नेपालको अग्रणी सञ्चार गृहका रूपमा स्थापित छ। गुणस्तरीय पत्रकारिता, सत्य-तथ्य समाचार र पाठकहरूको सूचनाको हकलाई सुरक्षित गर्न हामी सधैं प्रतिबद्ध रहँदै आएका छौं।

विगत केही समयदेखि अन्तर्राष्ट्रिय बजारमा न्युजप्रिन्ट (कागज), मसी, प्लेटलगायतका छपाइ सामग्रीको अत्यधिक मूल्यवृद्धि, ढुवानी खर्चमा भएको बढोत्तरी र पछिल्लो समय समग्र अर्थतन्त्रमा आएको संकुचनले पत्रिका साविकको मूल्यमा उपलब्ध गराउन चुनौतीपूर्ण बनेको छ। यस परिस्थितिका कारण गुणस्तरीय पत्रकारिता, सत्य-तथ्य समाचार र सूचनाको हकलाई थप परिष्कृत बनाउने उद्देश्यका साथ यस पब्लिकेशन्स्ले प्रकाशन गर्दै आइरहेको पत्रिकाको मूल्य संशोधन गर्न बाध्य भएका छौं।

तसर्थ, आगामी २०८३ भदौ १० गते बुधबारदेखि लागू हुने गरी कान्तिपुर राष्ट्रिय दैनिक र द काठमाण्डु पोस्टको प्रतिप्रति मूल्य निम्नबमोजिम समायोजन गरिएको व्यहोरा जानकारी गराउँदछौं। विगतमा जस्तै आगामी दिनहरूमा पनि यहाँहरूको माया, सद्भाव र सहयोग निरन्तर रहनेछ भन्ने विश्वास लिएका छौं।

**नयाँ मूल्य विवरण**

कान्तिपुर राष्ट्रिय दैनिकः रु २० (प्रतिपत्रिका, दैनिक)
द काठमाण्डु पोस्टः रु २० (प्रतिपत्रिका, दैनिक)

कान्तिपुर पब्लिकेशन्स् लि.
थापाथली, काठमाडौं, नेपाल।
फोनः ०१-५१९२२०२०
टोलफ्री नं.: १६६००१२२२२२

कर्पोरेट कुराकानी

# बैंकका महत्त्वपूर्ण सूचक बलिया भएकाले निक्षेपकर्ताको बचत सुरक्षित छ

● **सुमन शर्मा**, प्रमुख कार्यकारी अधिकृत, प्रभु बैंक

यति बेला बैंक तथा वित्तीय संस्थाको वित्तीय विवरण सन्तोषजनक छैन । कर्जा माग बढ्न नसक्दा बैंकमा पैसा थुप्रिएको छ । शिथिल अर्थतन्त्रका कारण बैंकहरूको खराब कर्जा बढेको छ । यस्तो समस्याबाट प्रभु बैंक अछुतो छैन । यद्यपि प्रभुले आफ्नो खराब कर्जाको वास्तविक अवस्था सार्वजनिक गर्दै सुधारको प्रक्रिया अघि बढाएको छ । सबै महत्त्वपूर्ण सूचक बलिया रहेको र दोहोरो अंकमा रहेको खराब कर्जा एक वर्षभित्र एकल अंकमा झार्ने गरी काम भइरहेको बैंकको दाबी छ । अहिले वित्तीय क्षेत्रको अवस्था, समस्या र चुनौती, कर्जा माग बढाउने उपायलगायत विषयमा प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत **सुमन शर्मा**सँग कान्तिपुरका **यज्ञ बञ्जाडे** र **सीमा तामाङ**ले गरेको कुराकानीको सार :



तस्बिर : **दीपक केसी**/कान्तिपुर

**गत आर्थिक वर्षको चौथो त्रैमासमा प्रभु बैंकको वित्तीय अवस्था कस्तो रह्यो ?**

अघिल्लो आर्थिक वर्षको तुलनामा गत वर्षको सोही अवधिमा बैंकको कुल सञ्चालन आम्दानी (खराब कर्जाको नोक्सानी व्यवस्थाअघि) २ अर्ब रुपैयाँभन्दा बढी छ । सञ्चालन खर्च १९ करोड रुपैयाँले घटेको छ । आम्दानी बढेको र खर्च घटेका कारण बैंकले नोक्सानीबापतको व्यवस्था गर्नुअघि निश्चित स्तरको नाफा हासिल गरेको छ । समस्या आउन सक्ने जोखिममा रहेका ऋणीको कर्जाका लागि करिब ४ अर्ब ९४ करोड रुपैयाँको खराब कर्जाबापत नोक्सानी व्यवस्था (लोन लस प्रोभिजन) गरेको छ । यसले खराब कर्जा बढेको छ । तर समग्रमा बैंकको सञ्चालन नाफा २ अर्ब रुपैयाँले बढ्नु र बैंकले कर्जा नोक्सानीबापतको व्यवस्था गर्न सक्नु राम्रो पक्ष हो ।

**सञ्चालनमा रहेका २० वाणिज्य बैंकमध्ये नाफाका हिसाबले चौथो त्रैमासमा प्रभु बैंक सबैभन्दा पुछारमा छ, असारसम्म २४ करोड नोक्सानी बेहोरेको बैंकको खराब कर्जा १५.५ प्रतिशत छ, यस्तो अवस्था कसरी आयो ?**

हामीले जुन तहको खराब कर्जा देखाएका छौं, त्यसले बजारको व्यावसायिक गतिविधिलाई झल्काउँछ । अहिले देशको व्यावसायिक गतिविधिमा सुस्तता छ । तर बैंकहरूको खराब कर्जा कम र असल कर्जा पोर्टफोलियो धेरै हुनु पनि आफैंमा विरोधाभास छ । मैले प्रभु बैंक सम्हाल्दा अतिरिक्त बोझ थिएन । अझ पारदर्शी भएर काम गर्नुपर्छ र यसभित्रको समस्या पहिचान गर्न सकिन्छ भन्ने थियो । जब समस्याको पहिचान हुन्छ, तब मात्र समाधान पाइन्छ । पहिचान भएका समस्या समाधान गर्दै जाँदा बैंक क्रमशः सबल हुँदै जान्छ । समस्या समाधान गर्दै जानुको साटो त्यसलाई छोपिरह्यो भने प्रगति हुन सक्दैन । हामीले हाम्रो बैंकको समस्या पहिचान गरिसकेका छौं । त्यसको समाधानको प्रक्रिया अघि बढिरहेको छ ।

**प्रभु बैंकले हिम्मत गरेर जे छ, त्यही खराब कर्जा देखाइदियो भन्नुभयो, यसलाई हामीले अरू बैंकले वास्तविक खराब कर्जा देखाएका छैनन् भनेर बुझ्ने हो ?**

अर्थतन्त्र अप्ठ्यारो अवस्थामा भएका बेला पनि बैंकहरूको असल कर्जाको पोर्टफोलियो कसरी धेरै छ भन्ने विषय आफैंमा विरोधाभासपूर्ण छ । प्रभु बैंकको अहिलेको खराब कर्जाको अवस्थाले अर्थतन्त्रको वास्तविक स्थिति प्रतिविम्बित गर्छ । प्रभु बैंकको सवालमा खराब कर्जा १५.५ प्रतिशत पुग्दा बैंकको अवस्था के हुन्छ भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्न सक्छ । तर प्रभु बैंकले हालसम्म करिब २५ अर्ब रुपैयाँभन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरिसकेको छ । करिब ३६ अर्ब रुपैयाँ बराबरको खराब सम्पत्ति छ । औसतमा धितोको ५० प्रतिशत मात्रै असुली हुने मान्दा पनि करिब १८ अर्ब रुपैयाँ असुली हुन सक्छ । बैंकले यसअघि नै २५ अर्ब रुपैयाँ नोक्सानी व्यवस्था गरिसकेकाले भविष्यमा हुने असुलीबाट करिब ७ अर्ब रुपैयाँसम्म रकम पुनः फिर्ता आउँछ । यसकारण अहिलेको एनपीएललाई मात्र आधार बनाएर बैंकको वित्तीय स्वास्थ्य अत्यन्तै कमजोर छ भनेर निष्कर्ष निकाल्नुपर्ने अवस्था छैन ।

**तपाईंले बैंकको नेतृत्व गरेको ६ महिना मात्र भयो, १५ प्रतिशतभन्दा बढी खराब कर्जा गएको ६ महिनामा मात्र बढेको त पक्कै होइन, यसअघि बैंकले वास्तविकता किन नदेखाएको रहेछ ?**

विगतबारे म प्रतिक्रिया दिन चाहन्नँ । म आएपछि खराब कर्जाको अवस्था जे छ, त्यही देखाएका छौं । बैंकहरूको यस्तो अवस्था आउनुमा राज्यका नीति पनि उत्तिकै जिम्मेवार छन् । खासगरी कोभिडपछि आर्थिक गतिविधि नघटून् भन्दै सरकार र राष्ट्र बैंकले पनि कर्जा प्रोत्साहनको रणनीति लिएको थियो । यही कारण त्यति बेला धेरै ऋण प्रवाह भए । कोभिडपछि बढेको अतिरिक्त तरलता क्रमशः उपयोग हुँदै गएपछि बिस्तारै लगानीयोग्य रकममा दबाब पर्न थाल्यो । समस्या पनि क्रमशः सतहमा आउन थाले । समस्या देखिन थालेपछि नियामकले पुनःसंरचना र पुनर्तालिकीकरणको सुविधा निरन्तर दिइरहे । त्यसैले केही कर्जा त्यसअघि नै खराब हुने अवस्थामा पुगिसकेका थिए । पुनःसंरचनाको सुविधा दिँदा वास्तविक समस्या भएको कर्जा तत्काल बाहिर देखिन नपाएको अवस्था पनि छ । विभिन्न समयमा विभिन्न किसिमका पुनःसंरचना सुविधा आएका छन् । पछिल्लो समय जेन-जीको आन्दोलनपछि पनि पुनःसंरचनाको सुविधा दिइएको छ । यो राम्रो हो कि नराम्रो हो भन्नेभन्दा पनि देशमा आर्थिक गतिविधि चलायमान हुनुपर्छ ।

**प्रभु बैंकले जसरी वित्तीय अवस्थाको वास्तविक चित्र बाहिर ल्यायो, त्यसैगरी सुधारको योजना पनि अघि बढाएको होला, अहिलेको दोहोरो अंकको खराब कर्जा एकल अंकमा कहिले झर्ला ?**

समस्या पहिचान गरिसकेका छौं । समाधानको काम पनि सुरु भएको छ । आउँदो असारसम्म खराब कर्जा एकल अंकमा झार्ने योजना छ । व्यापारिक गतिविधि घट्दै गएको र आर्थिक वातावरण खस्किँदै गएको अवस्थामा आजको नयाँ ऋण पनि भोलि खराब हुने सम्भावना रहन्छ । यसकारण पुनःसंरचना गरिएका कर्जाको अवस्था भोलि के हुन्छ भन्ने कुरा अहिले नै ठ्याक्कै भन्न सकिने अवस्था छैन । यद्यपि सुधारको काम तीव्र रूपमा अघि बढेकाले छिट्टै राम्रो नतिजा देखाउन सक्छौं ।

> “चौथो त्रैमासमा दोहोरो अंकमा रहेको खराब कर्जा एक वर्षभित्र एकल अंकमा झार्ने योजना छ
>
> ●●●
>
> एक वर्षमा हामीकहाँ करिब सवा दुई लाख बचत खाता थपिएका छन्, यसले ग्राहकको विश्वास कायमै रहेको देखाउँछ”

**प्रभु बैंकका पूर्वअध्यक्ष, पूर्वसीईओ, केही कर्मचारीलगायत विरुद्ध प्रहरीले मुद्दा दायर गरेको छ, त्यसले बैंकको कामकारबाहीमा कस्तो असर परेको छ ?**

सरकारका सम्बन्धित निकायले अनुसन्धान गरिरहेका छन् । अदालतमा मुद्दा पनि चलिरहेको छ । अदालतबाट हुने निर्णयले त्यसको टुंगो लगाउनेछ । यसले बैंकको कामकारबाहीमा केही असर परेको छैन । किनकि मुद्दासँग सम्बन्धित केही कर्जा पनि असुली हुने अवस्थामा छन् । बैंकको कर्जा नै बिग्रिएर डुब्ने अवस्था छैन । ती कर्जामा पर्याप्त धितो भएकाले ऋण असुली हुने हाम्रो अपेक्षा छ ।

असारसम्मको कार्यसम्पादन हेर्दा ग्राहकले हामीप्रति ठूलो विश्वास देखाउनुभएको छ । यो अवधिमा हामीकहाँ करिब सवा दुई लाख बचत खाता थपिएका छन् । ग्राहकको विश्वास कायमै छ । कर्जा नोक्सानीबापत व्यवस्था नगरी लाभांश वितरण गरेको भए बैंक वास्तवमै कमजोर हुने अवस्था आउँथ्यो । बैंकिङ प्रणालीबाट नगद बाहिरिन्थ्यो । हामीले कमाएको नगद बैंकमै छ । यसकारण समस्या छैन । बैंक पूर्ण रूपमा बलियो छ ।

**प्रभुले सेन्चुरी बैंक प्राप्ति गरेको यति लामो समयसम्म पनि कर्मचारी मिलानको काम पूरा हुन सकेको छैन नि, यस्तो अवस्था किन ?**

मर्जरपछि सबै कर्मचारीको शतप्रतिशत चित्त बुझ्छ भन्ने हुँदैन । यो मानवीय स्वभाव पनि हो । मर्जर नै नभएको भए सबै बैंकका कर्मचारी खुसी हुन्थे त भन्ने प्रश्न पनि आउँछ । हरेक संस्थामा 'उसलाई यस्तो भयो, मलाई यस्तो भयो' भन्ने किसिमका गुनासा रहन्छन् । तर यस्ता समस्या मर्जरअघि नै सम्बोधन हुनुपर्ने थियो । त्यति बेला सम्बोधन हुन नसक्दा लामो समयसम्म नकारात्मकता रहन गयो । म आएपछि ती विषयलाई समग्र रूपमा सम्बोधन गरेर अगाडि बढ्ने प्रयास गरिरहेको छु । सबै समस्या सम्बोधन गर्न केही समय लाग्छ ।

**अहिले २० वटा वाणिज्य बैंक सञ्चालनमा छन्, तीमध्ये सेवाग्राही प्रभु बैंकमै किन आउने ?**

सबैभन्दा महत्त्वपूर्ण कुरा निक्षेपकर्ता अर्थात् ग्राहक हुन् । हाम्रो तीन सय शाखा सञ्जाल छ । ई-बैंकिङ, डिजिटल बैंकिङ, आईटी तथा प्रविधिसम्बन्धी सेवा पनि अन्यको तुलनामा धेरै पक्षमा राम्रा छन् । कार्ड र मोबाइल बैंकिङबाट मात्रै पनि हामीले करिब १ अर्ब रुपैयाँ शुल्क आम्दानी गरिरहेका छौं । यसले पनि ग्राहकले हामीप्रति गरेको विश्वास प्रमाणित हुन्छ । हामीले दिइरहेको सेवा, शाखा सञ्जाल, डिजिटल सञ्जाललगायत कारण ग्राहक हामीकहाँ निक्षेप राख्न आउनुभएको हो ।

कर्जातर्फ पनि हाम्रो बैंकको ब्याज निर्धारण प्रतिस्पर्धी छ । यति ठूलो सञ्चालन लागत हुँदा पनि बैंकको आधार दर प्रतिस्पर्धी छ । आधार दर प्रतिस्पर्धी भएकाले व्यापारी वर्गले अन्य बैंकबाट पाउने मूल्य निर्धारणकै आधारमा हामीले पनि कर्जा सुविधा उपलब्ध गराउन सकेका छौं । ठूला व्यावसायिक घरानादेखि साना तथा वञ्चित वर्गसम्मलाई हामीले कर्जा सुविधा दिइरहेका छौं । साना कर्जादेखि ठूला व्यवसायका कर्जासम्म हामीले प्रवाह गरिरहेका छौं ।

**तीन वर्षयता बैंकमा पैसा थुप्रिएको छ, कर्जा प्रवाह हुन नसक्नुका कारण शिथिल अर्थतन्त्र हो कि बढ्न नसकेको निजी क्षेत्रको आत्मविश्वास ?**

यसमा धेरै कुरा छन् । हाम्रोमा व्यापारिक गतिविधि घटेको छ । युवा जनशक्ति ठूलो संख्यामा विदेश गइरहेका छन् । यसले समग्र माग घटाउँछ । समग्र माग घटेपछि उत्पादनका गतिविधि घट्छन्, उत्पादन घटेपछि रोजगारीका अवसर पनि कम हुन्छन् । रोजगारी घटेपछि मानिसहरूले सिर्जना गर्ने माग अझै घट्ने भएकाले यसले नकारात्मक चक्रीय प्रभाव सिर्जना गर्छ । अर्को कुरा व्यावसायिक तथा आर्थिक विश्वास (कन्फिडेन्स) को हो । अहिले समग्रमा विश्वासको स्तर कम छ भन्ने मलाई लाग्छ । रुस-युक्रेन युद्धका कारण विश्वव्यापी आपूर्ति शृंखलामा ठूलो असर पारेको छ । खाद्यान्नको मूल्य बढ्यो, यातायातमा प्रयोग हुने इन्धनको मूल्य बढ्यो । यसले समग्र आपूर्ति शृंखलाको लागत बढ्यो ।

**नयाँ आर्थिक वर्ष सुरु भएपछि समग्र बैंकमा कर्जा मागको अवस्था कस्तो छ ? चाडपर्व नजिकिएकाले प्रतीतपत्र (एलसी) बढेको छ कि छैन ?**

एलसी त सामान्य रूपमा सबैजसो क्षेत्रमा बढेकै देखिन्छ । समग्र बजारको प्रवृत्ति हेर्ने हो भने सबै क्षेत्रमा क्रमिक सुधार देखिन्छ । तर एकदमै धेरै वा अस्वाभाविक रूपमा उच्च भने होइन । क्रमिक सुधार देखिन्छ ।

**अहिले सरकारी तहबाट के गर्‍यो भने बजारमा समग्र माग बढाउन सकिएला ?**

पूर्वाधार आयोजनामा लगानी गर्दा हाम्रो आफ्नै स्रोत-साधन प्रयोग हुन्छ । कंक्रिट, सिमेन्ट र श्रम हाम्रै हुन्छ । आयात गर्नुपर्ने भनेको बिटुमिन र केही उपकरण मात्रै हो । मानिसका गतिविधि बढे भने समग्र माग बढ्छ । समग्र माग बढेपछि त्यसको सकारात्मक प्रभाव पनि बढ्दै जान्छ, जसले अर्थतन्त्रलाई सुरक्षित दिशातर्फ लैजान्छ । बैंकको पुँजी पनि बढिरहेको छ । तर लगानी गर्ने ठाउँ नै छैन भने बैंकले पुँजी बढाएर मात्रै कति राखेर बस्ने ? अहिले नेपाली बैंकको चुक्ता पुँजी भारतीय बैंक बराबर छ । तर कारोबार, बजारको आकारलगायत पक्षमा नेपाल धेरै पछि छ । यद्यपि बैंकहरूले आफ्नो पोर्टफोलियोलाई धितोपत्रीकरणमार्फत बजारमा बन्ड जारी गर्न सके ऋणको हिस्सा घट्छ र थप पुँजीका लागि पनि ठाउँ बन्छ ।

बैंकको समग्र सम्पत्ति तथा दायित्व मूल्यांकन (डीडीए) गरेर त्यसका आधारमा बजारमा बन्ड जारी गरेपछि बन्डप्रति लगानीकर्ताको आकर्षण बढ्छ । त्यसपछि सरकारले ठूला पूर्वाधार आयोजना गर्दा सार्वजनिक रूपमा बन्ड जारी गरेर पैसा जुटाउन सक्छ । यसले बैंकमा पैसा थुप्रिने अवस्था घटाउँछ । सरकारको ऋण पनि बढाउँदैन । आर्थिक गतिविधिसँगै ठूला आयोजना अघि बढाउन पनि सहज हुन्छ ।

**केही वर्षयता बैंकले जलविद्युत्मा राम्रै लगानी गरेका छन् तर केही जलविद्युत् आयोजनाको कार्यसम्पादनमा प्रश्न उठेको छ, के यस क्षेत्रको लगानी जोखिममा परेको हो ?**

हाम्रो मुख्य प्रतिस्पर्धात्मक लाभ भएका क्षेत्र ऊर्जा, पर्यटन र सूचना प्रविधि हुन् । विशेषगरी जलविद्युत् र सौर्य ऊर्जा, पर्यटन र यहीं बसेर बाहिरका लागि काम गरेर आम्दानी ल्याउने सूचना प्रविधिको क्षेत्रमा हामीले काम गर्नुपर्छ । जलविद्युत्ले मानिसको क्रयशक्ति बढाउँछ । क्रयशक्ति बढेपछि जुत्ता, कपडालगायत उद्योग पनि चल्छन् । आयात प्रतिस्थापन गर्न स्थानीय तथा साना उद्योग बनाउन सक्छौं । घर निर्माण हुन्छ, सिमेन्ट र कंक्रिट खपत बढ्छ र रोजगारी पनि सिर्जना हुन्छ । ऊर्जा क्षेत्रमा जलवायु परिवर्तनको जोखिम छ तर खराब कर्जाको समस्या छैन ।


## सवारी साधन बिक्रीका लागी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

यस बैंकले खरिद गरी हाल चालु अवस्थामा रहेको तपसिल बमोजिमको चार पाङ्ग्रे सवारी साधन बिक्री गर्नु परेको हुनाले गोप्य शिलबन्दी बोलपत्र मार्फत ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले देहाय अनुसारको शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं स्थित सामान्य सेवा विभागमा आईपुग्ने गरी बोलपत्र पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पत्तिको विवरण**

| क्र.सं | विवरण | परिमाण | हर्ष पावर | बनेको साल | दर्ता नं. | संचालित कि.मि. | रंग | साधन रहेको स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | FORD ECOSPORT | १ | १४९९ सि.सि. | २०१७ | बा १८ च २९६६ | ५९,२१२ | Grey | काठमाडौं |
| २ | MARUTI SUZUKI CELERIO VXI | १ | ९९८ सि.सि. | २०१८ | बा १९ च ९४९ | ६०,१२२ | Grey | काठमाडौं |

**शर्त बन्देजहरु :**

१. बोलपत्र फारम एक सवारी साधनको लागी एक प्रतिको रु. १०००/- (अक्षरुपी एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) का दरले यस बैंकको खाता नं. ३७३००११०००१९ (Miscellaneous Income) मा जम्मा गरेको सक्कल भौचर पेश गरि यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं स्थित सामान्य सेवा विभागबाट लिन सकिनेछ ।
२. बोलपत्र फारमको प्रत्येक पानामा व्यक्तिको हकमा आधिकारीक दस्तखत र फर्म/संस्था/कम्पनीको हकमा छाप समेत अनिवार्य भएको हुनुपर्नेछ ।
३. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत बैंक तथा वित्तीय संस्थाबाट जारि गरिएको जमानत पत्र (Bid Bond Guarantee) वा यस बैंकको खाता नम्बर २६०४०१९००००२ (MARGIN AMOUNT VENDOR A/C) मा नगद जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।
४. बोलपत्र फारममा सम्पत्ति खरिद गर्न चाहेको मूल्य अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
५. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन (बोलपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएको खण्डमा सो लगतै कार्यालय खुलेको दिन) भित्र बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं स्थित सामान्य सेवा विभागमा कार्यालय समय बेलुकीको ५:०० बजे सम्ममा बुझाउनु पर्नेछ ।
६. प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनमा दिउँसोको ३:०० बजे यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाडौंमा बोलपत्र आवेदकको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ, । यदि बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. बोलपत्र प्रस्ताव खोलिएको मितिबाट ९० दिन सम्म मान्य रहनेछ ।
८. प्राप्त प्रस्तावहरु कुनै पनि कारण दर्शाई वा नदर्शाई स्विकृत गर्ने वा नगर्ने वा स्विकृत प्रस्ताव उपर पुनः सौदाबाजी एवं वार्ता गर्ने सर्वाधिकार बैंकमा सुरक्षित रहनेछ । यस सम्बन्धी पत्राचार उपर कुनै कारवाही गरिने छैन ।
९. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सवारी साधन जे जहाँ जस्तो अवस्थामा छ सोहि अवस्थामा खरिद गर्नु पर्नेछ । उक्त सम्पत्तिहरुको स्थलगत निरिक्षण गर्न चाहने महानुभावहरुले यस बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं स्थित सामान्य सेवा विभागमा सम्पर्क गर्न सक्नु हुनेछ ।
१०. बोलपत्र स्वीकृत भएमा बोलपत्रदाताले स्वीकृतिको सूचना पाएको मितिले १५ (पन्ध्र) दिनभित्र बाँकी सम्पूर्ण कबुल गरेको रकम बैंकमा जम्मा गरी सक्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
११. म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
१२. बोलपत्र सम्बन्धी अन्य व्यवस्था बैंकले उपलब्ध गराएको बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।
१३. माथि उल्लेखित शर्त तथा कागजपत्रहरुमा फेरवदल गरी प्रस्ताव पेश गरेमा त्यस उपर पुनर्विचार गर्ने, सौदावाजी एवं वार्ता गर्ने अधिकार बैंकमा सुरक्षित रहनेछ ।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


## अर्थ संक्षेप

### वीरगन्जमा प्रोटोनको सोरुम




काठमाडौं (कास)- नेपालका लागि प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्सले वीरगन्जमा आफ्नो नयाँ आधिकारिक सोरुम शुभारम्भ गरेको छ । उक्त अवसरमा कम्पनीले 'द अल-न्यू प्रोटोन इ.मास ५' सार्वजनिक गरेको छ । यससँगै नेपालभर प्रोटोनका आधिकारिक आउटलेटको संख्या ११ पुगेको बताइएको छ । नेपालमा प्रोटोन ब्रान्डको दोस्रो विद्युतीय सवारीका रूपमा प्रस्तुत गरिएको इ.मास ५ ले सहरी जीवनशैली तथा दैनिक यात्रालाई थप सहज, स्मार्ट र आधुनिक बनाउने लक्ष्य बोकेको कम्पनीले जनाएको छ ।

### सिद्धार्थ बैंकमा अनलाइनबाटै कर्पोरेट खाता

काठमाडौं (कास)- सिद्धार्थ बैंक लिमिटेडले नेपालको बैंकिङ क्षेत्रमा पहिलोपटक व्यवसायिक तथा कर्पोरेट ग्राहकका लागि अनलाइनमार्फत खाता खोल्न सकिने नयाँ डिजिटल सेवा सञ्चालनमा ल्याएको छ । यस सेवामार्फत नेपालमा दर्ता भएका कम्पनी, फर्म, संस्था तथा अन्य व्यवसायिक ग्राहकले अनलाइनबाटै खाता खोल्न सक्नेछन् । ग्राहकको समय र प्रक्रियागत झन्झटलाई न्यूनीकरण गर्दै बैंकिङ सेवालाई थप सहज, सरल र प्रविधिमैत्री बनाउने उद्देश्यले यो सेवा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ । अनलाइन प्रणालीमार्फत आवश्यक विवरण तथा कागजात पेस गरी व्यवसायिक तथा कर्पोरेट खाता खोल्ने प्रक्रियालाई डिजिटल माध्यमबाट अगाडि बढाउन सकिनेछ ।

### टीसीएल एयर कन्डिसनरको विश्वव्यापी बिक्री १० करोड




काठमाडौं (कास)- टीसीएलले एयर कन्डिसनर व्यवसायमा महत्वपूर्ण विश्वव्यापी उपलब्धि हासिल गरेको छ । सन् २०२१ देखि २०२६ को पहिलो त्रैमासिकसम्म टीसीएल एयर कन्डिसनरको विश्वव्यापी सञ्चित बिक्री १० करोड युनिट नाघेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । उक्त मार्केट पोजिसन स्टेटमेन्ट सन् २०२६ जुनमा जारी गरिएको कम्पनीले जनाएको छ । विश्व एयर कन्डिसनर बजारसम्बन्धी व्यापक अनुसन्धानका आधारमा टीसीएलको उक्त विश्वव्यापी बिक्री उपलब्धिलाई प्रमाणित गरिएको बताइएको छ । विश्वका विभिन्न बजारमा टीसीएल एयर कन्डिसनरको विस्तारसँगै कम्पनीले आफ्नो उत्पादन प्रविधि, ऊर्जा दक्षता, स्मार्ट कनेक्टिभिटी तथा प्रयोगकर्ता-केन्द्रित सुविधामा निरन्तर लगानी गर्दै आएको बताएको छ ।

### नेपालमा एसआरएमका ११११ थान ईभी बिक्री




काठमाडौं (कास)- भीजी मोटर्सले ११११ थान एसआरएम ईभी बिक्रीको उत्सव मनाएको छ । कार्यक्रममा एसआरएमका प्रतिनिधि, ग्राहक, व्यावसायिक साझेदार, सञ्चारकर्मी तथा अन्य सरोकारवालाको सहभागिता थियो । भीजी मोटर्स नेपालमा एसआरएम ब्रान्डका सवारी साधनको आधिकारिक आयातकर्ता तथा वितरक हो । नेपाली बजारमा एसआरएमलाई एक प्रमुख व्यावसायिक विद्युतीय सवारी (ईभी) ब्रान्डका रूपमा स्थापित गर्ने सोचका साथ कम्पनीले अगस्ट २०२३ मा एसआरएम ईभीको यात्रा सुरु गरेको बताइएको छ । बजारको सकारात्मक प्रतिक्रिया र ११११ थान ईभी बिक्रीको कोसेढुंगा पार गरेपछि भिजी मोटर्सले बिक्रीपछिको सेवा सञ्जाल र ग्राहक सेवालाई सुदृढ बनाउनेतर्फ बढी जोड दिइरहेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

## नाडाको प्राथमिकतामा...

दुईपांग्रे सवारीसाधनका लागि आवश्यक कम्पोनेन्ट तथा अन्य उत्पादनसमेत जोड्दा नेपालमा अटोमोबाइल क्षेत्रसँग सम्बन्धित उत्पादनको दायरा विस्तार हुँदै गएको बरालले बताए । नेपालमा दुईपांग्रे सवारीसाधन एसेम्बल हुन थालेको र बजारमा ठूलो हिस्सा ओगटेका प्रमुख दुईपांग्रे सवारी पनि नेपालमै एसेम्बल भइरहेको उनको भनाइ छ । यस पटक नेपालमै विकास गरिएको सवारीसाधनको अवधारणालाई पनि अटो शोमा प्रस्तुत गरिँदै छ । सिप्रदी र यात्रीसँग सम्बन्धित नयाँ उत्पादनलाई प्रदर्शनीमा राख्ने तयारी गरिएको बरालले जनाए । यसले नेपालमा सवारीसाधन उत्पादनका लागि आवश्यक प्राविधिक क्षमता विकास हुँदै गएको संकेत गर्छ । 'कुनै बेला सवारीसाधन बोकेर नेपाल ल्याएको यात्राबाट अबको १० वर्षभित्र नेपालमै अटोमोबाइल बनाउन हामी सक्षम छौं भन्ने देखाउन खोजेका हौं,' उप्रेतीले भने । तर नेपालमै सवारीसाधन उत्पादन गर्न एसेम्बलिङ मात्रै पर्याप्त नभएको उनको भनाइ छ । त्यसका लागि कम्पोनेन्ट उद्योग, प्राविधिक जनशक्ति र दीर्घकालीन सरकारी नीति आवश्यक हुने उनले बताए । १८ औं संस्करणमा अटो शोको दायरा सवारीसाधनबाट रोबोटिक्ससम्म विस्तार गरिएको बताइएको छ । प्रदर्शनीमा जी-वान ह्युमनोइड रोबोट र जीओ-टु रोबोट राखिने आयोजकले जनाएको छ । नयाँ प्रविधि देखाउने प्रयास मात्र नभई अटोमोबाइल क्षेत्रमा भविष्यमा हुन सक्ने प्राविधिक विकास र इन्जिनियरिङको सम्भावना देखाउने उद्देश्यले रोबोटको प्रदर्शन गरिएको बरालको भनाइ छ ।

'यस वर्ष जी-वान रोबोट र जीओ-टु रोबोट पनि देखाउँदै छौं । त्यसले भविष्यमा अटोमोबाइल क्षेत्रमा आउने विकासक्रमलाई देखाउने र इन्जिनियरिङ पनि त्यहाँ शो गर्ने हाम्रो जमर्को हो,' उनले भने । विश्वविद्यालय तथा इन्जिनियरिङ कलेजका विद्यार्थीका लागि पनि नयाँ प्रविधिबारे बुझ्ने अवसर हुने बरालले बताए ।

यस पटकको अटो शोमा विद्युतीय सवारीसाधनसँग सम्बन्धित प्रविधि र पूर्वाधारलाई पनि प्राथमिकता दिइएको छ । ईभीसँगै ब्याट्री, चार्जिङ तथा ब्याट्रीको प्रयोग र व्यवस्थापनका विषयमा पनि प्रदर्शनी हुने नाडाले जनाएको छ । ईभीको प्रयोग बढ्दै गए पनि चार्जिङ पूर्वाधार विस्तारको विषयलाई सँगसँगै अघि बढाउनुपर्ने साइमेक्स इंकका प्रतिनिधि अंकित दाहालले बताए ।

ब्याट्रीको प्रयोगपछि त्यसलाई पुनः प्रयोग गर्ने सम्भावनाबारे पनि छलफल भइरहेको छ । दाहालका अनुसार विद्युतीय सवारीमा प्रयोग भएको ब्याट्रीको 'सेकेन्ड लाइफ' प्रयोग गर्न सकिने सम्भावना छ । सवारीमा प्रयोगका लागि उपयुक्त नरहे पनि त्यस्ता ब्याट्रीका सेललाई सोलार प्यानल तथा ऊर्जा भण्डारणमा प्रयोग गर्न सकिने उनको भनाइ छ । नाडाले यस पटकको अटो शोमा सवारीसाधन बिक्रीलाई मात्र केन्द्रमा नराखी अटोमोबाइल क्षेत्रसँग जोडिएका विभिन्न व्यवसाय र उत्पादनलाई एउटै ठाउँमा देखाउन खोजेको छ । आयातकर्ता, डिलर, निर्माता, बिक्रेता, स्पेयर पार्ट्स व्यवसायीदेखि कम्पोनेन्ट उत्पादकसम्मलाई समेट्दै आएको नाडाको सदस्य सञ्जाल सातै प्रदेशमा फैलिएको र ३ हजारभन्दा बढी सदस्य रहेको उप्रेतीले बताए ।

# नेपाली बिजुलीको सदाबहार बजार भारत...

'अब भारत वा बंगलादेशसँग आयोजनाअनुसार ५ वर्ष, १५ वर्ष र २५ वर्षको सम्झौता गर्न जोड दिनुपर्छ,' उनले भने, 'त्यसका लागि जलविद्युत् आयोजना निर्माणदेखि अन्तरदेशीय प्रसारणलाइन विस्तार र विद्युत् निर्यातका लागि बजार सुनिश्चित गर्न सरकार गम्भीर रूपमा अघि बढ्नुपर्छ ।'

भारतको पछिल्लो ऊर्जा प्रक्षेपण हेर्दा आगामी दिनमा उसलाई वर्षायाममा खेर जाने वा अतिरिक्त विद्युत् मात्रै आवश्यक पर्ने छैन । आवश्यक परेको समयमा उपलब्ध हुने, भरपर्दो र प्रतिस्पर्धी मूल्यको विद्युत् उसको प्राथमिकतामा पर्नेछ । जलविद्युत् 'स्वच्छ ऊर्जा' भएका कारण बजार हुने भए पनि दीर्घकालीन सम्झौता र उत्पादनमा जोड दिनुपर्ने लगानी बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत राधेश पन्त बताउँछन् । 'जलविद्युत्को बिजुली स्वच्छ हुन्छ । हामीले बजारलाई प्रतिस्पर्धी बनाउनुपर्छ,' उनले भने, 'विद्युत् व्यापार गर्दा दुवै पक्षलाई लाभ हुने गरी सम्झौता गर्न सरकार अग्रसर हुनुपर्छ ।'

भारतको 'जेनेरेसन एडिक्वेसी प्लान' अनुसार सन् २०३५-३६ मा अधिकतम विद्युत् माग ४ सय ५९ गिगावाट पुग्नेछ । भारतमा २०२४-२५ को अधिकतम विद्युत् माग करिब २ सय ५०.१ गिगावाट थियो । बढ्दो माग पूरा गर्न भारतले त्यस अवधिसम्म कुल जडित विद्युत् उत्पादन क्षमता १ हजार १ सय २१ गिगावाट पुर्‍याउने योजना बनाएको छ । गत जुलाईसम्म भारतको कुल जडित क्षमता करिब ५ सय ५२ गिगावाट छ ।

मागको तुलनामा निकै ठूलो जडित क्षमता राख्नुको कारण सौर्य, वायु तथा जलविद्युत्को उत्पादन समयअनुसार फरक हुनु हो । प्रणालीलाई विश्वसनीय राख्न भारतले ठूलो जडित क्षमता र ऊर्जा मिश्रणमा जोड दिएको छ ।

भारतको आगामी ऊर्जा मिश्रणमा सौर्य ऊर्जाको हिस्सा निकै ठूलो हुनेछ । गैरजीवाश्म ऊर्जाको जडित क्षमता पनि करिब ७० प्रतिशत पुग्ने अनुमान छ । ३१ जुलाईसम्म भारतको कुल जडित विद्युत् क्षमतामध्ये ३००.५० गिगावाट अर्थात् ५४ प्रतिशतभन्दा बढी गैरजीवाश्म ऊर्जा छ । करिब २ सय ५१.५० गिगावाट अर्थात् ४६ प्रतिशतभन्दा बढी जीवाश्म इन्धनमा आधारित छ । भारतले सौर्यसहित नवीकरणीय ऊर्जामा गरिरहेको तीव्र विस्तारले नेपाली जलविद्युत्को बजारलाई भविष्यमा दबाब सिर्जना गर्न सक्ने ऊर्जा क्षेत्रका जानकार बताउँछन् ।

'संसार ऊर्जाका लागि जलविद्युत् नै पर्खेर बस्दैन । त्यसैले हामीले अहिले नै उत्पादनमा तीव्रता दिनुपर्छ,' स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का पूर्वउपाध्यक्ष आशिष गर्गले भने, '३०/३५ वर्षको अनुमतिपत्र छ भनेर ढुक्कले बस्ने अवस्था छैन । नेपाल कुम्भकर्ण जसरी सुतिरहेको छ, संसार कहाँ पुगिसक्यो !'

भारतमा सौर्य ऊर्जाको विस्तार तीव्र छ । त्यहाँ सौर्य ऊर्जा क्षमता करिब २ सय ११ गिगावाट पुगिसकेको छ । पछिल्लो एक वर्षमा मात्रै भारतले सौर्य उर्जाबाट ७५ गिगावाट विद्युत् उत्पादन क्षमता थपेको छ । तर सौर्य ऊर्जाको मुख्य कमजोरी उत्पादनको समय हो । राति उत्पादन हुँदैन भने बिहान र साँझ उत्पादन पनि सीमित हुन्छ । त्यसैले भारतले सौर्य ऊर्जासँगै ब्याट्री इनर्जी स्टोरेज सिस्टम (बीईएसएस) र पम्प-स्टोरेज परियोजनामा समेत लगानी बढाइरहेको छ । भारतको २०३५-३६ को योजनामा करिब १ सय ७४ गिगावाट ऊर्जा भण्डारण क्षमता आवश्यक पर्ने अनुमान गरिएको छ ।

यसको अर्थ भविष्यको भारतमा विद्युत् उत्पादन क्षमता बढाउनु मात्र पर्याप्त हुने छैन । आवश्यक परेको समयमा विद्युत् उपलब्ध गराउन सक्ने क्षमता पनि उत्तिकै महत्त्वपूर्ण हुनेछ । यहींनेर नेपालको जलविद्युत्ले अवसर पाउन सक्छ । विशेष गरी जलाशययुक्त र अर्धजलाशययुक्त आयोजनाले भारतमा माग उच्च भएको समयमा विद्युत् आपूर्ति गर्न सक्छन् । सौर्य तथा वायुजस्ता स्रोतको उत्पादन घटेका बेला पनि जलविद्युत्ले प्रणालीलाई सन्तुलनमा राख्न सक्छ ।

'भारत तीव्र गतिमा नवीकरणीय ऊर्जातर्फ गइरहेको छ । तर जलविद्युत् आयोजनाको बिजुली लिन पनि भारत तयार छ । त्यसैले हामीले भारतको बजारलाई अहिले नै सुरक्षित बनाउनुपर्छ,' गर्गले भने, 'बिजुलीमा राजनीति गर्नु हुँदैन । विद्युत् बिक्रीका लागि दीर्घकालीन सम्झौता गरी बजार सुनिश्चित गर्नुपर्छ ।'

नेपालको सैद्धान्तिक जलविद्युत् सम्भावना ८३ हजार मेगावाट र प्राविधिक तथा आर्थिक रूपमा सम्भाव्य क्षमता करिब ४३ हजार मेगावाट रहेको बताइन्छ । नेपालको कुल जडित क्षमता ४२ सय ३६ मेगावाट पुगेको छ । तर पिक डिमान्ड (उच्चतम माग) २५ सय ४७ मेगावाट मात्रै छ ।

भारतको सन् २०३५-३६ को वार्षिक विद्युत् आवश्यकता ३ हजार ३ सय ६५ अर्ब युनिट पुग्ने प्रक्षेपण छ । त्यसको एक प्रतिशत मात्र विद्युत् नेपालले उपलब्ध गराउन सके पनि करिब ३३.६५ अर्ब युनिट हुन्छ । औसत ५० प्रतिशत प्लान्ट लोड फ्याक्टरमा ३३.६५ अर्ब युनिट विद्युत् उत्पादन गर्न करिब ७ हजार मेगावाट जडित क्षमता आवश्यक पर्छ । हाल नेपालमा करिब यति नै क्षमताका जलविद्युत् आयोजना निर्माणाधीन छन् । भारतसँग भएको १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने समझदारी कार्यान्वयन भए पनि भारतको आगामी विद्युत् प्रणालीमा नेपालको हिस्सा सानो हुनेछ ।

सन् २०३५-३६ को ४ सय ५९ गिगावाट अधिकतम मागको तुलनामा १० हजार मेगावाट करिब २ प्रतिशत मात्रै हो । अर्थात् नेपालले १० हजार मेगावाट विद्युत् निर्यात गर्न सके पनि भारतको समग्र ऊर्जा प्रणालीका लागि त्यो ठूलो भार होइन । तर यसले भारतले जसरी पनि नेपालको विद्युत् खरिद गर्छ भन्ने सुनिश्चित गर्दैन । भारतले आफ्नै सौर्य, वायु, जलविद्युत् र ऊर्जा भण्डारण क्षमता बढाउँदै गएपछि आवश्यकताको समयमा नेपालबाट विद्युत् खरिद गर्ने वा नगर्ने निर्णय मूल्य र आपूर्तिको विश्वसनीयताका आधारमा गर्न सक्नेछ ।

नेपालले पछिल्लो समय विद्युत् निर्यातबाट राम्रो आम्दानी गरिरहेको छ । गत वर्ष भारत र बंगलादेशमा विद्युत् बिक्रीबाट नेपालले २९ अर्ब ३२ करोड रुपैयाँ आम्दानी गरेको थियो । तर नेपालको विद्युत् व्यापार अझै मुख्यतः वर्षायामको अतिरिक्त विद्युत् बिक्रीमा आधारित छ । वर्षायाममा भारतलाई विद्युत् बेच्ने र सुक्खायाममा भारतबाटै विद्युत् किन्ने अहिलेको मोडल भविष्यमा पनि निरन्तर रहनेमा व्यवसायी विश्वस्त छैनन् । त्यसैले नेपालले भारतको



तस्बिर : माथिल्लो तामाकोशी जलविद्युत् आयोजना

बजारमा आफ्नो विद्युत्को प्रतिस्पर्धात्मक क्षमता बढाउनुपर्ने उनीहरूको तर्क छ ।

निजी क्षेत्रले भारतका विभिन्न कम्पनीसँग विद्युत् बिक्रीका लागि समझदारी गरे पनि सरकारले विद्युत् बिक्रीको अनुमति नदिँदा ती प्रयास कार्यान्वयनमा जान नसकेको इप्पानकी सचिव सुमन जोशी बताउँछिन् । 'हामीले सक्ने जति लबिइङ गरेका छौं । भारतका कम्पनीसँग बिजुली बिक्री गर्न समझदारी गरेका छौं । तर भारतीय कम्पनीले नै 'तिम्रो सरकारले अनुमति दिँदैन, तिमीले के बेच्छौ ?' भन्न थालेका छन्,' उनले भनिन् ।

नेपाल पावर एक्सचेन्ज कम्पनी (नेपेक्स) स्थापना भएको करिब आठ वर्ष भए पनि पावर ट्रेडका लागि अनुमति नपाएको जोशीले बताइन् । उनका अनुसार भारतमा विद्युत्को माग बढिरहेका बेला नेपालले व्यापारको अवसर उपयोग गर्न ढिला गर्नु हुँदैन । 'भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दौडमा छ । त्यसकारण उनीहरूको विद्युत् माग बढ्दै छ । नेपालबाट १० हजार, १५ हजार वा २० हजार मेगावाट विद्युत् लिनु भारतको समग्र ऊर्जा प्रणालीका लागि ठूलो भार हुँदैन,' उनले भनिन्, 'भारतलाई अझै नवीकरणीय ऊर्जा र फर्म इनर्जी आवश्यक पर्छ ।'

भारतका बिहार र उत्तर प्रदेशजस्ता ठूलो जनसंख्या र आर्थिक गतिविधि भएका राज्य नेपालसँग जोडिएकाले पनि नेपालबाट विद्युत् निर्यातको भौगोलिक सम्भावना रहेको उनको भनाइ छ ।

नेपालमा ४० हजार मेगावाटभन्दा बढी विद्युत् उत्पादनको सम्भावना भए पनि प्रसारणलाइन नभई त्यसको उपयोग हुन सक्दैन । अहिले नै प्रसारण पूर्वाधारको अभावमा १ हजार मेगावाट विद्युत् खेर गइरहेको छ । त्यसैले १० हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य राखेर मात्रै पुग्दैन । उत्पादित विद्युत् भारतको ग्रिडसम्म पुर्‍याउन उच्च क्षमताका अन्तरदेशीय प्रसारणलाइन पनि निर्माण गर्नुपर्नेछ । अर्कातर्फ नेपालमै खपत बढाउन पनि आन्तरिक पूर्वाधारमा जोड दिनुपर्ने भएको छ ।

सरकारले नयाँ आयोजना थप्नुभन्दा निर्माणाधीन आयोजना सम्पन्न गर्नुपर्ने र बाँकी स्रोत प्रसारण तथा वितरण पूर्वाधारमा लगानी गर्नुपर्ने जोशीले बताइन् । 'रोकिएका पीपीए अघि बढाउनुपर्छ । सरकारले निर्माणाधीन जलविद्युत् आयोजनालाई तीव्रता दिनुपर्छ । नयाँ आयोजना निजी क्षेत्रले बनाउनेछ,' उनले भनिन्, 'नयाँ-नयाँ आयोजना थप्नुभन्दा निर्माण भइरहेका आयोजना सकाउनुपर्छ र बाँकी स्रोत प्रसारणलाइन तथा वितरण लाइनमा खर्च गर्नुपर्छ ।' विद्युत् उत्पादन बढ्दै गए पनि प्रसारण र वितरण प्रणाली कमजोर भए उत्पादित बिजुली बजारसम्म पुर्‍याउन नसकिने भएकाले पूर्वाधारमा तत्काल ठूलो लगानी आवश्यक रहेको उनको भनाइ छ ।

नेपालले बंगलादेशलाई पनि ५ हजार मेगावाट निर्यात गर्ने योजना बनाएको छ । भारत मात्रै नेपालको विद्युत्को बाह्य बजार हुँदा जोखिम बढ्ने भएकाले बंगलादेशलगायत दक्षिण एसियाली बजारमा पहुँच विस्तार गर्नुपर्ने सरोकारवालाको सुझाव छ । विद्युत् बिक्रीका लागि अन्तरदेशीय प्रसारणलाइन निर्माणमा समेत जोड दिनुपर्छ । दक्षिण एसियाका मुलुक ऊर्जा प्रणालीका हिसाबले एकअर्कासँग जोडिँदै गएकाले भारत यस क्षेत्रको ऊर्जा केन्द्रका रूपमा रहने जनाउँदै इप्पानकी सचिव जोशी नेपालले भारतसँगको ऊर्जा सम्बन्धलाई दीर्घकालीन रणनीतिका रूपमा अघि बढाउनुपर्ने बताउँछिन् ।

भारतको बजार सुरक्षित गर्दै आन्तरिक बजारको विद्युत् मागलाई सन्तुलन कायम गर्न ऊर्जा मिश्रणमा जोड दिनुपर्ने जानकारहरू बताउँछन् । भारतको बदलिँदो ऊर्जा प्रणालीअनुसार नेपालले पनि ऊर्जा मिश्रणमा ध्यान दिनुपर्नेमा इप्पानका पूर्वउपाध्यक्ष गर्गको जोड छ । नेपालमा नदी प्रवाही जलविद्युत् आयोजनाको उत्पादन हिउँदमा घट्ने भएकाले सौर्य, वायु र ब्याट्री भण्डारण प्रणालीलाई समेत ऊर्जा प्रणालीमा जोड्नुपर्ने उनको भनाइ छ । नदी प्रवाही आयोजनाको उत्पादन माघ-फागुनमा करिब २० प्रतिशतसम्म घट्ने भएकाले सौर्य, वायु र ब्याट्री भण्डारणले आपूर्तिमा सन्तुलन ल्याउन सकिने गर्गले बताए ।

इप्पानकी सचिव जोशी पनि ऊर्जा मिश्रण जरुरी रहेको बताउँछिन् । 'सोलारमा भारतले एकदमै धेरै फोकस गरेको छ । तर सोलारले मात्रै ग्रिडमा शतप्रतिशत योगदान गर्न सक्दैन । उसलाई ऊर्जा मिश्रण चाहिन्छ,' उनले भनिन्, 'कार्बन उत्सर्जन शून्य बनाउने लक्ष्यअनुसार दीर्घकालीन ऊर्जा योजना बनाइरहेकाले कोइला तथा अन्य जीवाश्म इन्धनमा निर्भरता घटाउँदै छ ।'

गर्गका अनुसार पछिल्लो समय सौर्य ऊर्जासँगै बीईएसएसमा समेत लगानी बढिरहेको छ । लिथियम-आइरन प्रविधिमार्फत विद्युत् भण्डारण गरी आवश्यक परेको समयमा प्रयोग गर्न सकिने भएकाले ब्याट्री भण्डारण प्रणाली नेपालका लागि पनि महत्त्वपूर्ण हुन सक्छ । 'पाँच वर्षअघि कसैले सोलार यसरी आउँछ भनेर सोचेको थिएन,' उनले भने, 'अहिले लगानीको दिशा नै परिवर्तन भइरहेको छ ।'

भारतको ऊर्जा रणनीति हेर्दा उसको विद्युत् माग तीव्र रूपमा बढ्ने निश्चित देखिन्छ । त्यसैले नेपाली विद्युत्का लागि भारतमा बजारको सम्भावना पनि तत्काल सकिने अवस्था छैन । तर भारतले आफ्नै उत्पादन क्षमता, नवीकरणीय ऊर्जा र ऊर्जा भण्डारणमा ठूलो लगानी गरिरहेकाले नेपालको बजार स्वतः सुरक्षित भने हुँदैन । त्यसैले नेपालले जलाशययुक्त र अर्धजलाशययुक्त आयोजनामा लगानी बढाउनुका साथै प्रसारण पूर्वाधार निर्माणलाई तीव्रता दिनुपर्नेछ । भारतसँग दीर्घकालीन विद्युत् बिक्री सम्झौता गर्ने, निजी क्षेत्रलाई विद्युत् व्यापारमा प्रवेशको वातावरण बनाउने र डे-अहेड, रियल-टाइम तथा पिकिङ मागअनुसार व्यापार रणनीति बनाउनुपर्ने आवश्यकता छ ।

सञ्चालनमा आइसकेकादेखि सर्वेक्षण तथा निर्माण अनुमतिपत्र प्राप्त गर्ने विभिन्न चरणमा रहेका ९ सय २३ जलविद्युत् आयोजनामा १३ खर्ब १० अर्ब रुपैयाँ लगानी भइसकेको इप्पानको एक अध्ययनमा उल्लेख छ । सञ्चालनमा आइसकेका र निर्माणाधीन ७ हजार २ सय ५१ मेगावाटका ३ सय ४७ आयोजनामा १२ खर्ब ४३ अर्ब रुपैयाँ लगानी भएको छ । त्यस्तै सर्वेक्षण, अध्ययन, डिजाइन तथा सर्वेक्षण र निर्माण अनुमतिपत्रका लागि आवेदन दिनेलगायत विकास चरणमा रहेका २७ हजार ५ सय ३५ मेगावाटका ५ सय ७६ परियोजनामा ६६.६२ अर्ब रुपैयाँ लगानी भइसकेको छ । तर अहिले विद्युत् खरिद सम्झौता (पीपीए) ठप्प छ । करिब साढे १६ हजार मेगावाट क्षमताका २ सय ८१ जलविद्युत् आयोजना पीपीएका लागि आवेदन दिएका छन् ।

इप्पानका पूर्वउपाध्यक्ष गर्ग सरकारले रोकिएको पीपीए प्रक्रिया अघि बढाउनुपर्ने, सर्वेक्षण अनुमतिपत्रमा देखिएका अवरोध हटाउनुपर्ने र निर्माणाधीन आयोजनालाई तीव्रता दिनुपर्ने बताउँछन् । 'पीपीए गर्दैन, सर्भे लाइसेन्स रोक्छ, निर्माणमा जोड नै छैन,' उनले भने, 'अहिले सरकारले पीपीए खुलाउनुपर्छ । विद्युत् बिक्रीका दीर्घकालीन सम्झौता गर्नुपर्छ ।'

अहिले चार सय केभीको ढल्केवर-मुजफ्फरपुरबाट एक हजार मेगावाट र अन्य १ सय ३२ केभीका प्रसारणलाइनबाट पनि बिजुली आयात-निर्यात हुँदै आएको छ । भारतसँग विद्युत् व्यापार र सीमापार प्रसारण पूर्वाधार विस्तारलाई नेपाल सरकारले प्राथमिकता दिइरहेको छ । हालै सम्पन्न नेपाल-भारत ऊर्जा सचिवस्तरीय बैठकले ढल्केवर-मुजफ्फरपुर तथा निर्माणाधीन ढल्केवर-सीतामढी ४ सय केभी प्रसारण लाइनमार्फत बिजुली आयात क्षमता १ हजार ४ सय मेगावाट र निर्यात क्षमता १ हजार ६ सय ५० मेगावाट पुर्‍याउने सहमति गरिसकेका छन् ।

निर्माणाधीन नयाँ बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनबाट प्रारम्भिक चरणमा १ सय ३० मेगावाटसम्म बिजुली आयात र २ सय मेगावाटसम्म निर्यात गर्न सकिने सहमति गरिसकिएको छ । इनरुवा-न्यु पूर्णिया र दोधोधरा (न्यु लम्की)-बरेली ४ सय केभी अन्तरदेशीय प्रसारणलाइन निर्माण प्रक्रिया तीव्र दिने बताइएको छ । अर्कातिर नेपाल र चीनबीच २ सय २० केभी चिलिमे-केरुङ-जिलोङ अन्तरदेशीय प्रसारणलाइन अघि सारे पनि निर्माणमा जान सकेको छैन ।

ऊर्जाविज्ञहरूका अनुसार अन्तरदेशीय प्रसारणलाइन निर्माणमा तीव्रता दिए पनि प्राधिकरणले आन्तरिक प्रसारणलाइन निर्माणमा पनि जोड दिनुपर्नेछ । हेटौंडा-ढल्केबर (१ सय ३४ किमि) र ढल्केबर-इनरुवा (१ सय ५४ किमि) मध्ये ढल्केबर-इनरुवा खण्ड सम्पन्न भएर चार्जमा आइसकेको छ । तर हेटौंडा-ढल्केबर खण्ड विभिन्न अवरोधका कारण समयमै सम्पन्न हुन सकेको छैन । हेटौंडा-ढल्केबर खण्ड निर्माण हुँदा देशको आन्तरिक विद्युत् आपूर्ति थप सुदृढ हुने, विश्वसनीयता बढ्नेदेखि छिमेकी मुलुकसँगको व्यापार विस्तारमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

नेपालमा निर्माण भइसकेका जलविद्युत् आयोजनाका लागि भारतको बजार अझै ठूलो अवसर हो । तर भविष्यको बजार सुरक्षित गर्न नेपाल अहिलेको वर्षायाममा अतिरिक्त बिजुली बेच्ने मोडलबाट बाहिर निस्कनुपर्ने ऊर्जा क्षेत्रका जानकारहरू बताउँछन् । पूर्वऊर्जामन्त्री घिसिङले नेपालमा विद्युत् उत्पादन बढ्दै गए पनि त्यसअनुसार निर्यातको स्वीकृति र बजार विस्तार हुन नसकेको बताए । 'सरकारले बिजुली व्यापारमा जोड दिएको छैन । सानातिना कुरामा अल्झिरहेको छ,' उनले भने, 'अर्कातिर जलविद्युत् जतिसक्दो छिटो बनाउनुपर्‍यो । अन्तरदेशीय प्रसारणलाइन छिटो सिध्याउनुपर्‍यो । प्रसारणलाइनको पूर्वाधारमा जोड दिनुपर्छ ।' घिसिङका अनुसार भारत र बंगलादेशमा विद्युत् बिक्रीका लागि मध्यकालीन तथा दीर्घकालीन सम्झौता गर्न सरकारको ध्यान केन्द्रित हुनुपर्छ । यसका लागि नेपाल विद्युत् प्राधिकरणदेखि प्रधानमन्त्रीसम्म सक्रिय रूपमा लाग्नुपर्ने उनको भनाइ छ ।

घिसिङले उत्पादन बढाउन जलाशययुक्त आयोजनाको निर्माणलाई प्राथमिकता दिनुपर्ने बताए । माथिल्लो अरुण, दूधकोशी र बुढीगण्डकीजस्ता ठूला जलविद्युत् आयोजना अघि बढाउन सरकार केन्द्रित हुनुपर्ने उनको भनाइ छ । विद्युत् खरिद सम्झौता (पीपीए) समेत छिटो गरी जलविद्युत् आयोजना निर्माणको गति बढाउनुपर्ने उनले बताए । 'उत्पादन क्षमता विस्तार नगरी विद्युत् निर्यातको लक्ष्य पूरा गर्न सकिँदैन । त्यसैले आयोजना निर्माण र बजार व्यवस्थापन दुवैलाई सँगसँगै अघि बढाउनुपर्छ,' उनले भने ।

# बाटामा जरिवाना असुली...

चन्द्रपुर-४ का वडाध्यक्ष रवि रानामगर पनि विवेक लामो समयदेखि गाउँमा नरहेको बताउँछन् । 'पसलमै भएका मानिससित जरिवाना रकम असुलेर फरार पक्राउ भनेर अपमान गर्न हुन्न,' उनले भने, 'यसका लागि जहाँ आवाज उठाउन परे पनि जान तयार छु । यो राम्रो भएन ।'

चेक अनादर मुद्दामा जरिवाना तोकिएका एक व्यवसायीले पनि प्रहरीको यस्तो शैलीप्रति असन्तुष्टि जनाए । उनीविरुद्ध अदालतले दुई हजार रुपैयाँ जरिवाना तोकेको थियो । उनले उक्त रकम चन्द्रनिगाहपुर चोकस्थित एक क्याफेमा जिल्ला प्रहरीबाट खटिएको टोलीलाई १९ जेठमा बुझाएको बताए ।

प्रहरी अधिकृतहरूका अनुसार, जरिवाना असुलीका लागि प्रहरीले जिल्ला अदालतबाट तीनपुस्ते विवरणसहितको सूची लिने गरेको छ । त्यसका आधारमा सम्बन्धितलाई फोन गरेर बोलाउने गरिन्छ ।

'फरार पक्राउ' को सूचीमा परेका अधिकांश चेक अनादर मुद्दाका व्यक्ति देखिन्छन् । जिल्ला प्रहरी कार्यालय गौरका अनुसार गएको आर्थिक वर्षमा चेक अनादर मुद्दामा जरिवाना परेर फरारको सूचीमा १ सय ८८ जना छन् । उनीहरूलाई पक्राउ गरी २ लाख ५ हजार ९ सय २० रुपैयाँ असुलिएको डीएसपी वसन्त गौतमको दाबी छ ।

जरिवाना तोकिएका व्यक्तिहरू आफ्नो कारोबार बिग्रिएका कारण कानुनी झमेलामा परेको बताउँछन् । जरिवाना बुझाइसकेपछि आफूलाई पक्राउ गरिएको र जिल्ला अदालतमा बुझाइएको भन्दै विज्ञप्ति जारी हुँदा थप अपमानित भएको उनीहरूको गुनासो छ ।

चेक अनादर मुद्दामा चन्द्रपुर-५ का ओम गिरीलाई १८ जेठमा फोन गरी बोलाएर जिल्ला प्रहरी गौरको टोलीले बाटाबाटै ५ सय जरिवाना लिएको थियो । प्रहरीले भोलिपल्ट फरार पक्राउ भनेर विज्ञप्ति जारी गर्‍यो । 'बाटामै रकम लिने अनि फरार पक्राउ भनेर चरित्र हत्या गर्ने काम भयो,' उनले भने, 'यो त कसैको प्रतिष्ठा सिध्याउने काम भयो ।'

अदालतको फैसला कार्यान्वयनमा खटिएका एक प्रहरी जवानले घरमै गएर रकम असुल्ने गरेको स्विकारे । 'हामीलाई जिल्लाबाट आदेश नै त्यस्तै छ,' उनले भने, 'रकम लगेर अदालतमा दिन्छौं अनि लगत कट्टाको रसिद लगेर सम्बन्धित व्यक्तिलाई दिन्छौं ।'

जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी सीताराम रिजालको दाबी चाहिँ भिन्न छ । 'फरार सूचीमा रहेकामध्ये एक-दुई हजार रुपैयाँ जरिवाना भएकाहरूलाई सम्पर्कमा ल्याएर सहजीकरण मात्रै गरिएको हो,' उनले कान्तिपुरसँग भने, 'फरार सूचीमा रहेकाहरूलाई पक्राउ गरेर अदालतमा नै बुझाउने हो ।'

अदालतबाट कैद वा जरिवाना ठहर भई वर्षौंदेखि फरार रहेका अभियुक्तलाई पक्राउ गरी फैसला कार्यान्वयन गराउनु प्रहरीको कानुनी दायित्व भए पनि कार्यसम्पादन मूल्यांकनमा अंक बढाउन र सञ्चारमाध्यममा 'काम गरेको' देखाउन फरार पक्राउको तथ्यांक बढाउने गरिएको नेपाल प्रहरीका पूर्वडीआईजी केशव अधिकारी बताउँछन् । फरार प्रतिवादीलाई पक्राउ गर्नुको साटो उनीहरूलाई पायक पर्ने स्थान वा प्रहरी कार्यालयमा बोलाई जरिवानाको रकम उठाउने र 'पक्राउ गरी अदालत दाखिला गरिएको' विवरण सार्वजनिक गर्ने गरिएको उनले बताए ।

अदालतबाट कैद वा जरिवाना ठहर भई फरार सूचीमा रहेका व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएर कानुनी प्रक्रिया पूरा गरी जिल्ला अदालतमा बुझाउनुपर्ने कानुनी व्यवस्था छ । त्यसपछि अदालतका स्रेस्तेदार वा तोकिएको अधिकारीसमक्ष जरिवाना तिर्ने वा कैद भुक्तानका लागि कारागार जाने प्रक्रिया अघि बढ्छ । जसलाई लगत कट्टा गर्ने भनिन्छ ।

तर जिल्ला प्रहरीले कानुनी प्रक्रियालाई लत्याउँदै फरार भएकाहरूको तीनपुस्ते विवरण बोकेर पायक पर्ने बजार, पसल, बाटामै पुग्ने, जरिवाना असुल्ने र त्यसलाई फरार पक्राउका रूपमा प्रस्तुत गर्ने गरेको पाइएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का पूर्वप्रमुखसमेत रहेका अवकाश प्राप्त डीआईजी हेमन्त मल्ल ठकुरी सामान्य जरिवाना तोकिएकाको सूची गम्भीर अपराधमा संलग्नझैं सार्वजनिक गर्दा अन्याय पर्न सक्ने बताउँछन् । 'जरिवाना गराउनुपर्छ, तर कुन सार्वजनिक गर्ने, कुन नगर्ने भन्नेमा सम्बन्धित अधिकारीले ध्यान दिनुपर्छ,' उनले भने ।

असुल गरिएको रकम एकमुष्ट संकलन गरी अदालतमा पत्रसहित बुझाएर लगत कट्टा गराउने गरेको पाइएको छ । यसरी न आरोपितले अदालतको ढोका देख्नुपर्छ, न प्रहरीले वास्तविक रूपमा पक्राउको प्रक्रिया पूरा गर्नुपर्छ । अदालतले सामान्य मुद्दाको जरिवाना तोकेपछि उच्च अदालतमा पुनरावेदनका लागि ७५ दिनको समयसीमा दिन्छ । त्यस समयमा पनि उच्चमा मुद्दा परेन भने जरिवाना असुलीको प्रक्रिया अघि बढ्छ । अटेर गरे फरारको सूचीमा राखेर प्रहरीकहाँ पक्राउ गर्न सूची पठाइने गरिएको अदालतका कर्मचारीहरू बताउँछन् ।

नेपाल प्रहरीका पूर्वडीआईजी अधिकारी प्रहरीभित्र मौलाएको यस्तो गलत परिपाटीका पछाडि काम देखाउने स्वार्थ हुन सक्ने बताउँछन् । 'यसरी घरमै पुगेर जरिवाना असुल्न पाइँदैन । मुद्दाको निराकरण भएको हकमा जरिवाना तोकिएको छ भने अदालतमै गएर बुझाउनुपर्छ । प्रहरीले जरिवाना असुलेर छाड्न पाइँदैन,' उनले भने, 'सामान्य आरोप लागेकाहरूका हकमा पक्राउ पर्‍यो भनेर मिडियाबाजी गर्नु र प्रहरीले काम गरेको जस्तो देखाउनु राम्रो होइन ।'

प्रहरी प्रधान कार्यालय वा प्रदेश प्रहरी कार्यालयले जिल्ला प्रमुखहरूको कार्यसम्पादन मूल्यांकन गर्दा कति फरार पक्राउ परे र कति जरिवाना असुल भयो भन्ने तथ्यांकलाई पनि आधार बनाउने गरेको प्रहरी अधिकारीहरू बताउँछन् । काम गरेको देखाउँदा प्रहरी प्रधान कार्यालयबाट फिल्डमा खटिएकादेखि प्रमुखसम्म मूल्यांकनमा समेटिने गर्छन् ।

वास्तविक खोजी र अनुसन्धान गर्नुको साटो गाउँबाट नागरिकबाट जरिवाना असुली गरेर 'पक्राउ' को संख्या बढाउनु उनीहरूका लागि सजिलो बाटो बनेको देखिन्छ । यसैका आधारमा प्रहरीले 'यस महिना यति जना फरार पक्राउ, यति जरिवाना असुल' भन्दै नियमित रूपमा प्रेस विज्ञप्ति जारी गर्ने गरेको छ ।

प्रहरी प्रधान कार्यालय, नक्सालले पनि हालै गरेको पत्रकार सम्मेलनमा फैसला कार्यान्वयनका लागि भन्दै पछिल्लो आर्थिक वर्षमा देशभर १९ हजार ५ सय १४ जनालाई पक्राउ गरिएको सार्वजनिक गरेको थियो । उनीहरूबाट २ अर्ब १७ करोड ७५ लाख ५२ हजार १ सय ५८ रुपैयाँ जरिवाना रकम असुल भएको केन्द्रीय प्रहरी प्रवक्ता अबिनारायण काफ्लेले जानकारी दिएका थिए । 'आव २०८१/८२ मा पक्राउ परेका व्यक्तिबाट एक अर्ब ५२ करोड रुपैयाँ असुल भएको थियो,' उनले भनेका थिए, 'आव २०८२/८३ मा २ अर्ब १७ करोड असुल भएको छ ।'

सर्वसाधारण र सञ्चारमाध्यमलाई प्रहरी निकै सक्रिय छ भन्ने देखाउन यस्तो विवरण सार्वजनिक गर्ने गरिएको हुन सक्ने अधिवक्ता विपिन गौतम बताउँछन् । 'घरमै पुगेर जरिवाना उठाउने र पक्राउको झूटो कागज बनाउने परिपाटी प्रक्रियागत त्रुटि मात्र नभई कानुनको गम्भीर उल्लंघन हो,' उनी भन्छन्, 'यो नागरिकको मौलिक अधिकार हनन पनि हो । प्रहरी पक्राउ भन्छ, तर अदालतमा बुझाउँदैन । यसको छानबिन हुनुपर्छ, व्यक्तिलाई अदालतै नबुझाई पक्राउ भन्नु कानुनविपरीत हो ।'

अदालतको फैसला कार्यान्वयन गर्ने विधि र प्रक्रिया भए पनि प्रहरीले आफैं न्यायाधीश र असुलीकर्ता बनेर घरमै लेनदेन मिलाउँदा न्यायिक प्रक्रियाको अस्तित्व नै जोखिममा पर्ने गौतमले बताए । जिल्ला अदालत गौरका स्रेस्तेदार केशरनाथ अर्यालले फरार पक्राउ परे अदालतमा हाजिर गराउनुपर्ने बताए । 'नियमले फरार भनेपछि पक्राउ परेपछि अदालतमा हाजिर गराई जरिवाना लिएर निस्कन दिइन्छ,' उनले भने, 'जरिवानाका हकमा प्रहरीले खोजतलासका क्रममा घरै पुगेर रकम लिएर अदालतमा बुझाउँछन् । त्यस रकमबापत रसिद काटेर लगत कट्टा गरिन्छ ।'

जिल्ला अदालत गौरका न्यायाधीश राजेशकुमार कटुवाल अदालतले तोकेको जरिवाना अदालतमै गएर बुझाउनुपर्ने बताउँछन् । 'प्रहरीले घरघर पुगेर पैसा बुझ्न मिल्दैन । त्यसमा पनि सम्बन्धित मानिसले बिगो दाखिला भएको छ/छैन हेर्नुपर्छ,' उनले भने, 'अदालतमा गई रकम बुझाएर रसिद लिएपछि लगत कट्टा हुन्छ र फेरि अदालत धाउनु पर्दैन ।' जरिवाना तोकेर फरारको सूचीमा परेकाहरूलाई प्रहरीले पक्राउ गरेपछि अदालत बुझाउनुपर्ने उनले बताए ।

जिल्ला प्रहरी कार्यालयका अनुसार गएको आर्थिक वर्षमा मात्र चार सयभन्दा बढी फरार अभियुक्त पक्राउ परेका छन् । तर अदालत स्रोतका अनुसार तीमध्ये जरिवाना मात्रै तोकिएकाको हकमा प्रहरीले एकमुष्ट नाम र रकम अदालतमा पठाएर लगत कट्टा गर्दै आएको छ ।

सर्वोच्च अदालतका सहरजिस्ट्रार एवं प्रवक्ता अर्जुनप्रसाद कोइरालाले अदालतबाट तोकिएको जरिवाना अदालतमै गएर तिर्नुपर्ने बताए । 'प्रहरीले घरमै वा पायक पर्ने स्थानमा गएर असुल गर्न पाइँदैन । अदालत गएर लगत कट्टा गर्नुपर्छ,' उनले भने, 'अदालतमै गएर जरिवाना बुझाउनुपर्ने नियम छ ।'

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक प्रभु ढकालले समयमा जरिवाना नतिर्दा अदालतले फरार भनेकालाई घरमै गएर जरिवाना बुझाउने सुविधा दिँदा गलत भन्न नहुने बताए । 'उनीहरूलाई जरिवाना तिर्नुपर्छ भन्ने पनि थाहा छ । अदालत गएर आफैं जरिवाना तिरे समस्या हुँदैन । आफूले पनि दायित्व पूरा नगर्ने, प्रहरीले सुविधा दिँदा अन्यथा लिने ?' उनले भने, 'प्रहरीले घरमै गएर जरिवाना तिराउन सुविधा दिएको बुझ्न उपयुक्त हुन्छ ।'

जरिवाना असुल्ने र व्यक्तिलाई पक्राउ गरी अदालतमा उपस्थित गराउने दुई अलग प्रक्रिया हुन् । प्रहरीको विज्ञप्तिमा पक्राउ परेको उल्लेख हुने तर अदालतको अभिलेखमा व्यक्ति स्वयं उपस्थित नभई जरिवानाको रकम मात्र दाखिला भएको देखिए त्यसको तथ्यांकलाई 'फरार पक्राउ' का रूपमा प्रस्तुत गर्नुको औचित्यमाथि प्रश्न उठ्ने पूर्वडीआईजी अधिकारीले बताए ।


WorldLink

REQUEST FOR PROPOSAL (RFP)

Engagement of Marketing Consultant/Agency

**WorldLink Communications Ltd.** invites proposals from qualified, experienced and professionally established marketing agencies / consultants for engagement as its Marketing Consultant / Agency. The selected agency / consultant will support planning, designing and executing marketing and promotional initiatives with service capacity across Nepal.

| | |
|---|---|
| RFP REFERENCE | RFP-MKT-2083/84-002 |
| SERVICE COVERAGE | Nationwide – All over Nepal |
| RFP ISSUE DATE | August 24, 2026 (8 Bhadra 2083) |
| RFP DOCUMENT REQUEST DEADLINE (For obtaining detailed RFP/ToR) | August 28, 2026 – 5:00 PM NPT (12 Bhadra 2083) |
| PROPOSAL SUBMISSION DEADLINE | September 3, 2026 – 5:00 PM NPT (18 Bhadra 2083) |
| OFFICIAL EMAIL | procurement.wlink@worldlink.com.np |

**ELIGIBILITY REQUIREMENTS**

- Minimum 5 years of proven experience in marketing, advertising, branding, communications or related services.
- Proven capacity to operate and service clients across Nepal.
- Valid Company Registration Certificate, PAN/VAT Registration and latest Tax Clearance Certificate.
- Proven track record of handling similar assignments, preferably with telecom, ISP, technology or corporate clients with at least 3 years of relevant experience.
- Availability of an adequate professional team with relevant expertise, along with details of key team members, their designations, qualifications/experience, areas of expertise, and proposed role in the assignment.
- Submission of company profile and portfolio of relevant past assignments.

**HOW TO OBTAIN DETAILED ToR DOCUMENTS**

- Interested and eligible agencies/consultants may request the detailed RFP document and Terms of Reference (ToR) by email to **procurement.wlink@worldlink.com.np**
- The detailed ToR will be provided through email to eligible/interested agencies.
- All communication, clarification requests and correspondence regarding this RFP shall be conducted through the email.

**GENERAL CONDITIONS:**

- WorldLink Communications Ltd. reserves the right to accept or reject any or all proposals, in whole or in part, without assigning any reason.
- Issuance of this RFP does not constitute a commitment to award the assignment or enter into a contract with any participating agency/consultant.
- WorldLink may seek additional information, clarification, presentations or supporting documents during the evaluation process.
- All information and documents shared in connection with this RFP shall be treated as confidential and shall not be disclosed to any third party without prior written consent.
- The final scope of work, commercial terms, deliverables, service levels and contractual conditions shall be governed by the detailed RFP/ToR and agreement with the selected agency/consultant.

**PROPOSAL SUBMISSION**

Submit to: **procurement.wlink@worldlink.com.np**
Email Subject: **"RFP-MKT-2083/84-002 | WorldLink"**

Jawalakhel, Lalitpur, Nepal | procurement.wlink@worldlink.com.np

# सिटीको नाटकीय पुनरागमन जित

## अन्तिम ८ मिनेटमा २ गोल फर्काएपछि बर्नमाउथविरुद्ध जोगियो म्यानचेस्टर सिटी

लन्डन (एएफपी)- इंग्लिस प्रिमियर लिगको नयाँ सिजनको आफ्नो पहिलो खेलमा म्यानचेस्टर सिटीले आइतबार आफ्नो घरेलु मैदानमा नाटकीय विजयी सुरुआत लिएको छ। उसले एक गोलले पछाडि रहेको स्थितिबाट नाटकीय रूपमा बर्नमाउथलाई २-१ ले पराजित गरेको हो।

इतिहादमा भएको खेलमा मार्कस टाभेरनियरले २६ औं मिनेटमा बर्नमाउथलाई सुरुआती अग्रता दिलाए। मार्क गुहीले ८४ औं मिनेटमा सिटीका लागि बराबरी गोल गरे। त्यसपछि एन्जो मारेस्काको टिमका लागि जास्को ग्वार्डिलोले इन्ज्युरी समयको दोस्रो मिनेटमा निर्णायक गोल गरे र टिम तीन बहुमूल्य अंक बटुल्न सफल रह्यो।

अर्को खेलमा ब्राइटनले १० खेलाडीमा सीमित एस्टन भिल्लालाई ४-० ले हरायो। त्यसमा ज्याक हिन्सेलउडले दुई गोल गरे। भिक्टर लिन्डेलफको आत्मघाती गोलमा अग्रता लिएयता ब्राइटनका लागि म्याक्सिम डे क्युपरले दोस्रो गोल गरे। खेलको ४० मिनेटयता भिल्ला दस खेलाडीमा सीमित रहेको थियो। जाओ गोमेस सिधा रातो कार्डमा मैदान छाड्न बाध्य रहे। यो हारले भिल्ला र उसका प्रशिक्षक उनई एमरी दबाबमा रहनेछ। भिल्लाले अर्को साता आर्सनलको सामना गर्दै छ। यसअघि शनिबार रातिको खेलमा टोटनहम बर्नमाउथको हातबाट



३-० ले पराजित रह्यो र त्यसलगत्तै प्रशिक्षक रोबर्टो डि जेबीले आफ्ना समर्थकसामु माफी मागेका छन्। उनले आफ्नो टिमले सक्दो संघर्ष पनि नगरेको स्विकार्दै नयाँ सिजनको पहिलो खेलमा खराब सुरुआत गरेको माने। प्रिमियर लिग सुरु भएयता पहिलो दिन टोटनहमको यो अहिलेसम्मकै एक खराब नतिजा रहेको छ।

नयाँ सिजनका लागि भनेर टोटनहमले २७ करोड २० लाख डलर खर्चेर महँगो टिम बनाएको छ तर पनि टिमको प्रदर्शनमा सुधार देखिएन। पछिल्लो सिजन पनि टोटनहम लिग अन्तिम दिन मात्रै बल्लतल्ल रेलिगेसनबाट बचेको थियो। डि जेबीले सुरुआती टिममै चार नयाँ खेलाडीलाई अवसर दिए भने एक अर्को नयाँ खेलाडी सब्स्टिच्युटका रूपमा मैदानमा छिरे।

खेल चल्दै गर्दा नै टोटनहमका अधिकांश समर्थकले ब्रेन्टफोर्डको कम्युनिटी स्टेडियम छाडिसकेका थिए। खेलपछि डि जेब्रीले भने, 'विशेषतः पहिलो हाफमा हाम्रो प्रदर्शन खराब रह्यो। हामीले पछिल्ला सिजनको खराब प्रदर्शन बिर्सेका छैनौं। हामीले लगातार भूल गरिरह्यौं र यसै क्रममा दबाबमा पनि रह्यौं। आज हामी मानसिक रूपमा पनि कमजोर रह्यौं।'

**बर्नमाउथविरुद्ध म्यानचेस्टर सिटीबाट गोल गरेपछि मार्क गुही।** **तस्बिर** : एपी

# केएस भरतले काठमान्डु गोर्खाजबाट एनपीएल खेल्ने

काठमाडौं (कास)- भारतका पूर्वखेलाडी केएस भरतले काठमान्डु गोर्खाजबाट नेपाल प्रिमियर लिग (एनपीएल) खेल्ने भएका छन्। गोर्खाजले सामाजिक सञ्जालबाट भरतलाई अनुबन्धन गरेको जनाएको छ। आउँदो सिजनको एनपीएलका लागि काठमान्डु गोर्खाजले अनुबन्धन गरेको उनी पहिलो खेलाडी हुन्।




विकेटकिपर भरत माथिल्लो क्रममा ब्याटिङ गर्ने गर्छन्। उनले भारतका लागि ७ टेस्ट खेलेका छन्, जसमा २०२३ को जुनमा इंग्ल्यान्डको द ओभलमा अस्ट्रेलियाविरुद्धको विश्व टेस्ट च्याम्पियनसिप फाइनल पनि रहेको छ। २०२३ को फेब्रुअरीमा उनले अस्ट्रेलियाविरुद्ध नागपुरमा आफ्नो पहिलो टेस्ट खेलेका थिए। उनले आफ्नो ७ मध्ये ५ टेस्ट अस्ट्रेलियाविरुद्ध खेलेका छन्। जुनमा मात्र ३२ वर्षे उनले अन्तर्राष्ट्रिय क्रिकेटबाट संन्यास लिएका थिए।

भरतले इन्डियन प्रिमियर लिग (आईपीएल) मा २०२१ मा रोयल च्यालेन्जर बेङ्लुरुबाट ८ खेल खेलेका थिए भने त्यसको अर्को वर्ष दिल्ली क्यापिटल्सबाट २ खेल खेलेका थिए। उनको स्ट्राइक रेट १२२ माथि रहेको छ। २०२३ मा गुजरात टाइटन्सको टोलीमा रहेका उनी २०२४ मा कोलकाता नाइट राइडर्सले आईपीएल जित्दा टोलीमा ब्याकअप खेलाडीका रूपमा रहेका थिए।

'घरेलु क्रिकेट र रणजी ट्रफीका अनुभवी भरतले भारत ए को पनि कप्तानी गरिसकेका छन् र भारतका लागि माथिल्लोस्तरमा खेलिसकेका छन्। उनको अनुभव एनपीएल २०२६ मा काठमाडौं गोर्खाजले कोर्ने सफलतामा महत्त्वपूर्ण बन्न सक्नेछ,' भरतको प्रतीक्षामा रहेको जनाउँदै गोर्खाजका क्रिकेट निर्देशक शरद भेषावकरले भने, 'साथै उनले विश्व क्रिकेटका महान् खेलाडी विराट कोहलीसँगै खेलेका पनि छन्। भरतले हाम्रो टोलीका युवा




खेलाडीलाई त्यो अनुभव पनि बाँड्ने छन् र माथिल्लोस्तरमा प्रतिस्पर्धा गर्न के-के आवश्यक रहेको नेपाली क्रिकेटलाई देखाउने छन्।'

भरत भारतको घरेलु क्रिकेटमा तेहरो शतक हान्ने पहिलो विकेटकिपर-ब्याटर हुन्। उनले २०१४-१५ को सिजनमा आन्द्र प्रदेशबाट खेल्दै गोवाविरुद्ध ३११ बल खेली ३ सय ८ रन बनाएका थिए। आन्द्र प्रदेशबाटै कुनै पनि खेलाडीले प्रथम श्रेणीको क्रिकेटमा बनाएको त्यो पहिलो तेहरो शतक थियो। त्यसको केही दिनपछि नै आईपीएलको तत्कालीन टोली दिल्ली डेरडेभिल्सले २०१५ को सिजनमा उनलाई लिएको थियो तर भरतले त्यहाँबाट कुनै खेल खेल्न पाएका थिएनन्।

उनले प्रथम श्रेणीको क्रिकेटमा १ सय १३ खेल खेल्दै ११ शतक र ३४ अर्धशतकका साथ ६ हजारभन्दा बढी रन बनाएका छन्। सो क्रममा विकेटको पछाडि ग्लोभसबाट ४ सयभन्दा बढी सिकार बनाएका छन्। भरत हाल दुबईमा रहेर खेलिरहेका छन्।

# १४ औं दक्षिण एसियाली खेलकुद चैतमा

काठमाडौं (कास)- १४ औं दक्षिण एसियाली खेलकुद चैत २० देखि २८ सम्म पाकिस्तानमा हुने भएको छ। दक्षिण एसियाली ओलम्पिक काउन्सिलको आइतबार इस्लामाबादमा बसेको बैठकले यो निर्णय गरेको हो।

पाकिस्तानले यसअघि नै अबको दक्षिण एसियाली खेलकुद आयोजना गर्ने निर्णय गरेको भए तापनि अहिलेसम्म हुन भने सकेको छैन। बैठकमा सहभागी नेपाल ओलम्पिक कमिटी र राष्ट्रिय खेलकुद परिषद्का प्रतिनिधिका अनुसार प्रतियोगितामा कुल २८ खेल समावेश हुनेछन्।

समावेश खेलमा एथलेटिक्स, पौडी, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बिलियर्ड एन्ड स्नुकर, बक्सिङ, क्रिकेट, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल, हक्की, जुडो, कबड्डी, कराते, रोविङ, रग्बी सेभेन्स, सुटिङ, स्क्वास, टेबलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भलिबल, भारोत्तोलन, कुस्ती र उसु रहेका छन्। प्रतियोगिताको १३ औं संस्करण नेपालमा सन् २०१९ को डिसेम्बरमा भएको थियो। त्यसैको समापन समारोहको अन्त्यमा पाकिस्तानलाई प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी दिइएको थियो। दक्षिण एसियाली राजनीतिक तनावका कारण प्रतियोगिता समयमै हुनेमा अझै पनि शंका भने रहेको छ।

# बंगलादेशलाई अस्ट्रेलियासँग बढी टेस्ट खेल्ने इच्छा

म्याकी (एएफपी)- अस्ट्रेलियाविरुद्धको दुई टेस्टको शृंखला बराबरीमा समाप्त भएपछि बंगलादेशी कप्तान नजमुल हुसेन सान्टुले आफ्नो टिम अझ बढी आत्मविश्वासी भएको बताएका छन्। उनले अस्ट्रेलियाविरुद्ध अझ बढी टेस्ट खेल्ने इच्छा व्यक्त गर्दै टिमबाट समान रूपमा उच्च प्रदर्शन अपेक्षा गरेको बताए।

पाहुना टिमले डारविनमा भएको पहिलो टेस्टमा नम्बर १ टिम अस्ट्रेलियाविरुद्ध नौ विकेटको जित हात पार्दै सनसनी मच्चाएको थियो। यो अस्ट्रेलियाविरुद्ध उसकै भूमिमा बंगलादेशको पहिलो टेस्ट जित हो र यसलाई टेस्ट क्रिकेटकै एक उत्कृष्ट खेल मानिएको छ। तर यही टिम दोस्रो टेस्टमा भने नराम्रोसँग सोमबार एक इनिङ्स र ५१ रनले पराजित भएको छ। यो टेस्ट केवल दुई दिनमै टुंगिएको थियो।

बंगलादेशले २३ वर्षयता अस्ट्रेलिया भ्रमण गरेको यो नै पहिलो पटक हो र अब आउने दिनमा टिमले राम्रो स्थिति बुझेर उत्कृष्ट प्रदर्शन गर्ने प्रयास गर्ने पनि कप्तान सान्टुले बताए। म्याकीको पिच फास्ट बलरलाई मद्दत गर्ने खालको थियो र त्यसमा बंगलादेशी ब्याटर टिकेर खेल्नै सकेनन्। सान्टुले भने, 'पहिलो टेस्टमा हामीले जसरी खेल्यौं, त्यसमा मलाई जहिले पनि गर्व रहनेछ। तर हाम्रो टिमले समान रूपमा एकनासे प्रदर्शनको आवश्यकता छ। अब आउने वर्षमा हामीले जति बढी मौका पाउने छौं, त्यति राम्रो प्रदर्शनको प्रयास गर्नेछौं। यो नै हाम्रो इच्छा पनि हो।'

उनले धेरै लामो समयपछि अस्ट्रेलियामा आएर खेलेको र यो सजिलो पनि नभएको बताए। अस्ट्रेलियाली बायाँहाते ब्याटरविरुद्ध खेल्ने असम्भवजस्तै थियो र यस्तोमा बंगलादेश आफ्नो पहिलो इनिङ्समा ६४ रन मात्र बनाएर अलआउट भएको थियो। दोस्रो इनिङ्समा केही सुधारिएको प्रदर्शन भए पनि बंगलादेशले ९५ रनभन्दा बढी बनाउन सकेन।






कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्सः ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, सम्पादक : कृष्ण आचार्य, प्रधानसम्पादक : गोकर्ण अवस्थी